# नगर विकास कोष



दीगो लगानी र सहरी पूर्वाधार,
देश विकासको मूल आधार ।


३२ औं
वार्षिकोत्सव
स्मारिका

# वार्षिक प्रतिवेदन, २०७५/७६

# नगर विकास कोष ऐन, २०५३ को दफा २८ (२) बमोजिमको वार्षिक प्रतिवेदन

प्रधानमन्त्री

काठमाडौं, नेपाल



**शुभकामना**

नगर विकास कोष स्थापनाको ३१ औं वर्ष पूरा गरी ३२ औं वर्षमा प्रवेश गरेको जानकारी पाउँदा खुसी लागेको छ। ३२ औं वार्षिकोत्सवको यस अवसरमा नगर विकास कोषलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

दीगो शहरी पूर्वाधार विकासका लागि शहरी विकास योजना सहित दीर्घकालीन लगानीको आवश्यकता पर्दछ। शहरी पूर्वाधारका आयोजनामा लगानीको मागलाई दीगो रुपमा सम्बोधन गर्नका लागि वित्तीय संघीयताको मर्म अनुसार स्थानीय तहमा ऋण प्रवाह गर्न आवश्यक पुनः संरचना सहित कोषलाई एक प्रभावकारी वित्तीय संस्थाका रुपमा रुपान्तरण गर्नुपर्दछ। नगरपालिकालाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने, नगरलाई स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्ने, तथा नगर विकास र यसको लागि गरिनुपर्ने सम्भाव्य सुधारहरुका सम्वन्धमा देखा परेका समस्याहरुको निराकरणका उपाय पत्ता लगाउन कार्यमूलक अनुसन्धान गर्ने उद्देश्यका साथ विगत ३१ वर्ष देखि नगर विकास कोषले शहरी पूर्वाधारका १२ सय भन्दा बढी रणनीतिक शहरी आयोजनाहरुमा दीगो लगानी गरिसकेको छ। यसप्रति म खुशी व्यक्त गर्दछु।

नेपालको शहरीकरण तीव्र रुपमा विस्तार हुँदैछ। गाउँहरु क्रमशः शहरमा परिणत हुँदै गइरहेका छन्। शहरी क्षेत्र देशको आर्थिक विकासको इन्जिन भएकाले यस क्षेत्रलाई रणनैतिक क्षेत्रका रुपमा विकास गरिनु पर्दछ। शहरी क्षेत्रको विकास योजनावद्ध तथा व्यवस्थित रुपमा हुन सकेन भने शहरले उत्पादन गर्ने सेवा तथा सुविधाहरुको आपूर्ति अपर्याप्त हुन्छ र ती सेवाहरुको गुणस्तर पनि कमजोर हुन पुग्दछ। शहरी पूर्वाधारमा गरिने दीगो लगानीबाट हामी **सम्मृद्ध नेपाल-सुखी नेपाली**को राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने गन्तब्यसम्म पुग्न सक्छौं।


शहरी पूर्वाधार विकासका आयोजनाहरुमा बैंक एवं वित्तीय संस्थाहरुले दीर्घकालीन ऋण लगानी गर्न जोखिम महसुस गरिरहेका छन्। यस्तो अवस्थामा नगरपालिका एवं संगठित निजी क्षेत्रलाई शहरी पूर्वाधारका आयमूलक आयोजनाहरुमा आवश्यक ऋण तथा अनुदान रकम उपलब्ध गराउन नगर विकास कोषको पुनःसंरचना गरि पर्याप्त ऋण परिचालन गर्न सक्ने हैसियतमा उभ्याउनु पर्दछ। नगर विकास कोषलाई सरकारले **शहरी पूर्वाधार विकास निगम**का रुपमा रुपान्तरण गरी मुलुकको वित्तीय बजार एवं निजी क्षेत्रको पूँजीलाई समेत शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउने निर्णय गरिसकेको छ।

पुनःसंरचना सहित निगममा रुपान्तरित हुने कोष मुलुकको व्यवस्थित शहरी पूर्वाधार विकासका लागि ऋण लगानीको प्रभावकारी परिचालन गर्न र मुलुककै एक नेतृत्वदायी वित्तीय मध्यस्यथकर्ता संस्थाको रुपमा दीगो शहरी पूर्वाधार विकासमा योगदान दिन सक्षम हुनेछ भन्ने विश्वास सहित ३२ औं वार्षिकोत्सवका अवसरमा नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना दिन चाहन्छु।

२६ माघ, २०७६

के.पी. शर्मा ओली

मा. गोकुल प्रसाद बास्कोटा
मन्त्री


## शुभकामना सन्देश

शहरी पूर्वाधार विकासका आयोजनामा ऋण तथा अनुदान परिचालन गरी दिगो पूर्वाधार विकासमा सहयोग गर्न स्थापना गरिएको नगर विकास कोष ३१ औं वर्ष पूरा गरी ३२ औं वर्षमा प्रवेश गरेको अवसरमा यस संस्थाले प्राप्त गरेका अनुभव र उपलब्धीहरु समेट्दै बार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेकोमा खुसी ब्यक्त गर्दछु ।

बढ्दो शहरीकरणसंगै प्रादेशिक सरकार एवं स्थानीय सरकारहरुलाई पूर्वाधारको विकास तथा विस्तार गर्नका निम्ति आवश्यक पर्ने प्राविधिक एवं वित्तीय सहयोग पुऱ्याउने एक सुदृढ संस्थाको आवश्यकता देखिएकोले नेपालको शहरी पूर्वाधार विकासका क्षेत्रमा लामो अनुभव सँगालेको नगर विकास कोषको हालको पूँजी संरचना र संस्थागत व्यवस्थामा समयानुकूल संशोधन गरी आवश्यक पूँजी संरजना सहित एक ब्यावसायिक तथा सुदृढ **"शहरी पूर्वाधार विकास निगम"** स्थापनाका लागि नेपाल सरकार, शहरी विकास मन्त्रालयले विधेयकको मस्यौदा तयार गरेको छ । सुखी नेपाली सम्मृद्ध नेपालको अभियान संगै मुलुक संघीयताको कार्यान्वयनको चरणमा रहेको र तीव्र शहरीकरण संगै शहरी पूर्वाधार विकासमा थप पूँजीको परिचालनको आवश्यकता रहेको सन्दर्भमा सुदृढ कार्यप्रणाली सहित आवश्यक पर्ने नीतिगत, कानुनी एवं संस्थागत व्यवस्था मिलाउन मन्त्रालय थप प्रतिबद्ध भई अगाडी बढ्ने कुरामा विश्वास दिलाउन चाहन्छु ।

नगर विकास कोषले मुलुकको व्यवस्थित शहरी पूर्वाधार विकासका लागि आवश्यक पर्ने लगानी परिचालन गर्न सक्षम हुने र मुलुककै एक नेतृत्वदायी वित्तीय मध्यस्यथकर्ता संस्थाको रुपमा विकसित हुनेछ भन्ने बिश्वास व्यक्त गर्दै ३२ औं वार्षिकोत्सवको अवसरमा कोषसंग सहकार्य गर्नु हुने दातृ निकाय, नगरपालिका तथा साना शहरी खानेपानी उपभोक्ता समितिहरुलाई धन्यवाद ज्ञापन गर्दै नगर विकास कोष परिवारलाई हार्दिक शुभकामना व्यक्त गर्दछु ।

गोकुल प्रसाद बाँस्कोटा
मन्त्री



## शुभकामना सन्देश

नेपालको शहरी पूर्वाधार विकासमा ऋण लगानी तथा प्राविधिक सहयोग मार्फत सहयोग पुऱ्याउने उद्देश्यका साथ स्थापना भएको नगर विकास कोष ३१ औं वर्ष पूरा गरी ३२ औं वर्षमा प्रवेश गरेको अवसरमा खुसी व्यक्त गर्न चाहन्छु ।


सम्मानिनिय प्रधानमन्त्रीज्यू बाट आह्वान भए अनुरुपको “सम्मृद्ध नेपाल सुखी नेपाली” साथै खुशी नेपालीको अभियान पुरा गर्नका लागी हामी सबै नेपाली एकजुट भै अगाडी बढ्नु आजको प्रमुख आवश्यकता रहेको छ । नयाँ अवसरको खोजी, श्रोत र साधनको समुचित परिचालन गर्दै प्रभावकारी रुपमा संस्थागत सुदृढिकरणमा थप ध्यान दिनु पर्ने देखिन्छ ।

हाल मुलुक भर शहरीकरणको तीव्र विस्तार संगै शहरी पुर्वाधार विकासमा दिगो लगानी विस्तार गर्न आवस्यक देखिएकोछ । यस सन्दर्भमा पुनः संरचना सहित कोषलाई **शहरी पुर्वाधार विकास निगमको** रुपमा विकास गर्ने सोचका साथ नेपाल सरकारले आवस्यक प्रक्रिया अगाडी बढाएको छ ।

व्यवस्थित शहरी पूर्वाधार विकासका लागि आवश्यक पर्ने लगानी प्रभावकारी रुपमा परिचालन गर्न कोष सक्षम हुनेमा विश्वस्त हुँदै ३२ औं वार्षिकोत्सवको अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै शहरी पुर्वाधार विकास एवम विस्तारमा वित्तीय तथा प्राविधिक सहयोग गर्नु हुने नेपाल सरकार, दातृ निकाय लगायत नगर विकास संग सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

रामबीर मानन्धर
राज्य मन्त्री

शहरी विकास मन्त्रालय



# शुभकामना

नगर विकास कोष ३२ औं बसन्त प्रवेश गरेको अवसरमा वार्षिक प्रतिवेदन सहित स्मारिका प्रकाशन गर्न लागेको जानकारी पाउँदा अत्यन्त खुसी लागेको छ ।

शहरी पूर्वाधारका आयोजनामा दीर्घकालिन ऋण लगानी र असुली गर्ने क्षेत्रमा कोष सँग करिव ३१ वर्षको संस्थागत अनुभव छ । योजनाबद्ध शहरी विकासका लागि नेपाल सरकारले राष्ट्रिय शहरी पूर्वाधार विकास रणनीति स्वीकृत गरिसकेको छ । मुलुक संघीय संरचनामा गए पश्चात् प्रादेशिक सरकार एवं स्थानीय सरकारहरुलाई पूर्वाधारको विकास तथा विस्तार गर्नका निम्ति आवश्यक पर्ने प्राविधिक एवं वित्तीय सहयोग प्रदान गर्नका लागि नगर विकास कोषको भूमिका निरन्तर रुपमा विस्तार हुँदै आएको छ । नेपालको शहरी पूर्वाधार विकासका क्षेत्रमा लामो अनुभव संगालेको कोषको वर्तमान पूँजी संरचना बृद्धि गरी आवश्यक संस्थागत व्यवस्था र संविधानमा उल्लेखित तहगत सरकारका कार्य जिम्मेवारीलाई वित्तीय लगानी मार्फत स्थानीय तह तथा नीजिक्षेत्रको समेत सहभागिता हुने गरी नगर विकास कोषलाई पुनःसंरचना गरी एक व्यवसायिक तथा सुदृढ्ढ संस्थाका रुपमा रुपान्तरण गर्ने अभिप्रायले **“शहरी पूर्वाधार विकास निगम (Urban Infrastructure Development Corporation, NUIDC)”** ऐन मस्यौदाको कार्य अगाडी बढाइएको छ ।

व्यवस्थित शहरी विकास योजना अन्तर्गत चयन भएका रणनीतिक योजनाहरुको विस्तृत आयोजना अध्ययन, लेखाजोखा, ऋण परिचालन, आयोजनाको सुपरीवेक्षण, आयोजना सञ्चालन/व्यवस्थापन र ऋण असुली समेतमा कोषले नगरपालिकालाई महत्वपूर्ण प्राविधिक सहयोग गरेको छ । कोषले समयानुकुल संस्थाको पुनः संरचना एवं सेवा प्रवाहमा ध्यान केन्द्रित गर्दै जाने अपेक्षा सहित कोष मुलुककै एक नेतृत्वदायी वित्तीय मध्यस्थकर्ता संस्थाको रुपमा विकसित हुनेछ भन्ने मलाई बिश्वास छ ।


शहरी विकास मन्त्रालयबाट आगामी दिनमा शहरी पूर्वाधार विकासमा थप पूँजीको परिचालन तथा आवश्यक पर्ने नीतिगत, कानुनी एवं संस्थागत व्यवस्था मिलाउन आवश्यक सहयोग तथा सहजीकरण रहने प्रतिवद्धता व्यक्त गर्दै, कोषको ३२ औं वार्षिकोत्सवको अवसरमा सम्पूर्ण विकास साझेदार संस्थाहरुलाई विशेष धन्यवाद ज्ञापन गर्दै वार्षिक उत्सवको सफलताको शुभकामना व्यक्त गर्दछु ।

मधुसुदन अधिकारी<br>
सचिव,<br>
शहरी विकास मन्त्रालय<br>
एवं, अध्यक्ष, नगर विकास कोष

# नगर विकास कोष

पोष्ट बक्स नं. : ५१४४
नयाँ बानेश्वर, काठमाडौं
फोन नं. : ४४९३८६६, ४४६४८७४, ४४६५६५१
फ्याक्स नं. ००९७७-१-४४७१२२७

पत्र संख्या :
चलानी नं. :



## प्रतिवद्धता

नगर विकाससंग आवद्ध संस्थाहरुलाई आर्थिक र प्राविधिक सहयोग मार्फत स्थानीय तहको क्षमता विकास गर्ने एक मात्र वित्तीय मध्यस्थताकर्ता संस्थाको रुपमा रहेको नगर विकास कोष आज ३२ औं वर्षमा प्रवेश गरेकोछ ।

नगरपालिकाहरुको वसपार्क, पार्क, व्यवस्थित बजार व्यवस्थापन, नगरपालिका प्रशासकीय भवन, विद्यालय भवन, अस्पताल भवन, खानेपानी, व्यापारिक भवन लगायत करीब १२०० भन्दा वढी आयोजनाहरुमा कोषबाट लगानी भै ११८४ भन्दा वढी आयोजना सम्पन्न भएका छन । केही वर्ष अघि बार्षिक लक्षको ६० प्रतिशतको हाराहारीमा रहेको कोषको ऋण असुली हाल आएर ९५% पुगेकोछ ।

कोषले नेपाल सरकार, जर्मन विकास बैंक, विश्व बैंक, एशियाली विकास बैंक, जीआइजेड, यू.एन.सि.डि.एफ., इयु डेलिगेशन टु नेपाल आदि विकास साझेदारको वित्तीय तथा प्राविधिक सहयोग परिचालन गर्दै आएकोछ ।

खानेपानी क्षेत्रमा समेत २५ प्रतिशत लागत असुली गरी ५० वटा आयोजनाहरु दिगोरुपमा संचालन भएको उदाहरण दक्षिण एशियामै पहिलो मानिन्छ । यसबाट उत्साहित भई हालै मात्र एशियाली विकास बैंकले नेपालका २० वटा नगरपालिकाका शहरी खानेपानी तथा सरफाई आयोजनामा लगानी गर्न नेपाल सरकार संग सम्झौता गरेकोछ । यसबाट नगरपालिकाहरुमा वैज्ञानिक महशुलमा आधारित लागत असुलीको अवधारणा अनुसार दिगो शहरी खानेपानी प्रणाली निर्माणको चरणमा रहेकाछन् ।

कोषले आ.व. २०७३/७४ देखि २०७६/७७ सम्मका लागि व्याबसायिक योजना (Business Plan) तयार पारी कार्यान्वयनमा ल्याएको छ । साथै आ.व. २०७६/७७ देखि २०७९/८० को लागि प्रारम्भिक व्याबसायिक योजनाको मस्यौदा समेत तयार भएकोछ । यस क्रममा कोषले नगरपालिकाहरुमा नयाँ वित्तीय लगानीका तरिका र प्रविधि कार्यान्वयन गर्ने क्रममाएशियाली विकास बैंक मार्फत Global Environment Facility-GEF को अनुदान समेत परिचालन गरी काठमाण्डौंमा न्यून प्रदुषणयुक्त सार्वजनिक यातायात संचालन गर्न यातायात व्यवस्था विभाग र एशियाली विकास बैंक संगको सहकार्यमा करीब ६० भन्दा वढी सञ्चालकलाई दिगो यातायात कम्पनीमा आवद्ध गरी व्यवस्थित यातायात सञ्चालन आयोजनामा ऋण प्रवाह गरेकोछ । यस आयोजनामा नीजिक्षेत्रले समेत लगानी गरेकोछ । यसै गरी “हरित जलवायु कोष” (GCF)को राष्ट्रिय Accredited संस्थाका रुपमा नगर विकास कोष चयनको अन्तिम चरणमा रहेकोछ । विश्व जलवायु कोष मार्फत दिगो शहरी विकासका पुर्वाधारमा अनुदान तथा ऋण परिचालन गर्न सकिने छ ।

कोषलाई थप व्यावसायिक र सुदृढ बनाउन यू.एन.सि.डि.एफ.संगको सहकार्यमा स्वतन्त्र क्रेडिट रेटिङ्ग एजेन्सी मार्फत कोष र केही नगरपालिकाहरुको क्रेडिटप्रोफाईल बनाउने काम (credit assessment) सम्पन्न भएकोछ । कोषले विगत आ.व. २०७४/७५ देखि नेपाल वित्तीय रिपोर्टिङ्ग स्टयाण्डर्स (Nepal Financial Reporting Standards-NFRS) अनुसारको लेखा प्रणाली कार्यान्वयनमा ल्याएकोछ ।


स्थानीय तहमा पूर्वाधार विकासमा दीर्घकालिन ऋण लगानी मार्फत स्थानीय आर्थिक विकास सहित राष्ट्रिय विकासका लक्ष्य प्राप्त गर्नका निमित्त नगर विकास कोष लाई **“शहरी पूर्वाधार विकास निगम”**का रुपमा रुपान्तरण गरी मुलुकको वित्तिय बजार एवं नीजि क्षेत्रको पूँजीलाई शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो वित्तिय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउन नेपाल सरकार, प्रदेश, स्थानीय तह र अन्य संस्थाहरुको समेत स्वामित्व रहने गरी रु. २० अर्व बराबरको इक्वीटी पूँजी संरचना सहित नेपाल शहरी पुर्वाधार विकास निगम ऐनको मस्यौदा तयार भै पेश भएकोछ ।

नेपालको दिगो शहरी पुर्वाधार विकासमा ऋण लगानी तथा प्राविधिक सहयोग मार्फत गुणात्मक योगदान पुचाउने प्रतिवद्धता व्यक्त गर्दछौ । साथै यस महाअभियानमा योगदान दिने नेपाल सरकार, विकास साझेदारहरु, सेवाग्राही र परामर्शदातालाई कोषको तर्फबाट विशेष धन्यबाद दिन चाहन्छौ ।


मनिराम सिंह महत,
कार्यकारी निर्देशक,
नगर विकास कोष

# नगर विकास कोष


## संचालक समिति




**अध्यक्ष**
मधुसुदन अधिकरी
सचिव, शहरी विकास मन्त्रालय




**सदस्य**
विजय सरावगी
नगर प्रमुख, विरगंज म.न.पा.




**सदस्य**
रेनु दाहाल, नगर प्रमुख
भरतपुर म.न.पा.




**सदस्य**
मान बहादुर जि.सी.
नगर प्रमुख, पोखरा म.न.पा.




**सदस्य**
शिवराज सुवेदी
नगर प्रमुख, बुटवल उप.म.न.पा.




**सदस्य**
भिम बहादुर देउवा
नगर प्रमुख, गौरीगंगा न.पा.




**सदस्य**
गिता अधिकारी
उप प्रमुख, दमक न.पा.




**सदस्य**
मोहनमाया भण्डारी (ढकाल)
उप प्रमुख, वीरेन्द्रनगर न.पा.




**सदस्य**
श्री यज्ञ प्रसाद ढुंगेल
सह-सचिव, अर्थ मन्त्रालय




**सदस्य**
केदार प्रसाद पनेरु
सह-सचिव संघीय मामिला तथा
सामान्य प्रशासन मन्त्रालय




**सदस्य**
श्री रतन कुमार मिश्र
अर्थ विज्ञ




**सदस्य**
श्री रामदीप साह
प्राविधिक विज्ञ



**सदस्य**
उत्तम लुइटेल



**सदस्य**
प्रवेज अली सिद्धिकी



**सदस्य सचिव**
मनिराम सिंह महत
कार्यकारी निर्देशक

# नगर विकास कोष


## आ.व. २०७५।७६ को लगानी तथा असुली रकमको सारांश

### आ.व. २०७५।०७६ मा कोषका विभिन्न कार्यक्रम अन्तर्गत स्वीकृत ऋण रकम (कूल रु. १ अर्ब ६० करोड)




- शहरी खानेपानी तथा सरसफाई आयोजना
- मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना
- सहलगानी (खानेपानी) आयोजना
- शहरी पूर्वाधार विकास आयोजना
- तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना
- नगर विकास कार्यक्रम तेस्रो चरण
- एकीकृत शहरी पूर्वाधार आयोजना

### आ.व. २०७५।०७६ मा कोषका विभिन्न कार्यक्रम अन्तर्गत लगानी रकम (कूल रु. १ अर्ब २५ करोड)




- शहरी पूर्वाधार विकास आयोजना
- दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना
- काठमाण्डौ दिगो शहरी यातायात परियोजना
- शहरी खानेपानी आपूर्ति तथा सरसफाई आयोजना
- मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना
- सहलगानी (खानेपानी) आयोजना
- एकीकृत शहरी पूर्वाधार आयोजना
- नगर विकास कार्यक्रम तेस्रो चरण
- तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना

### आ.व. २०७५।०७६ आषाढ मसान्तको साँवा व्याज असुली (लक्ष्य तथा प्रगतिको स्थिति)

आ.व. २०७५/७६ आषाढ मसान्तमा (साँवा तथा ब्याज) असुली लक्ष्य



आ.व. २०७५/७६ आषाढ मसान्तको (साँवा तथा ब्याज) असुली प्रगति

# नगर विकास कोष

## एक झलक

(१) कोषले हालसम्म शहरी पूर्वाधारका १,२६१ वटा आयोजना स्वीकृत गरी १,१८४ वटा आयोजना सम्पन्न भै संचालनमा रहेका ।

(२) नगरपालिका, नगरउन्मुख गाउँपालिका र शहरी विकाससंग सम्बन्धित निकायलाई लगानी गर्नसक्ने व्यवस्था बमोजिम कोषले विभिन्न नगरपालिका र साना शहरी खानेपानी उपभोक्ता संस्थाहरुमा लगानी गरेको । जस अनुसार कुल रु. ७ अर्व ५५ करोड ५५ लाख ऋण लगानी मध्ये नगरपालिकातर्फ रु. ३ अर्व २ करोड ५३ लाख (४०.१८%) र उपभोक्ता संस्थातर्फ रु. ४ अर्व ५२ करोड २ लाख (अर्थात ५९.८२%) ऋण लगानी भएको ।

(३) आ.व. २०७५।७६ मा कूल रु. ३ अर्व २० करोड ३ लाख लगानी गर्ने लक्ष्य अनुरुप रु. १ अर्व २५ करोड ३१ लाख रकम लगानी भएको ।

(४) कोषले हालसम्म असुली गर्नुपर्ने साँवा र ब्याज समेतको कूल रकम रु. ४ अर्व ३ करोड ६९ लाख मध्ये रु. ३ अर्व ७६ करोड ५७ लाख रकम (९३.३%) असुली रहेको ।

(५) नगर विकास कोषमा नेपाल सरकारबाट प्राप्त रकम र संस्थाको वचत रकम गरि करिव जम्मा रु ५ अर्व ५७ करोड पूँजी रहेको ।

(६) शहरी विकाससंग सम्बन्धित कुनै पनि पूर्वाधारमा लगानी गर्नसक्ने प्रावधान रहेको ।

(७) शहरी पूर्वाधार आयोजना वा संस्थामा शेयर लगानी गर्न सक्ने वा अन्य निकायसंग मिली वा आफै पनि आयोजना विकास तथा संचालन गर्नसक्ने ।

(८) आयोजना अध्ययन तथा निर्माण सुपरिवेक्षणका लागि प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराईरहेको ।

(९) आयोजना विकास, परामर्श सेवा, आयोजना लेखाजोखा तथा लगानी र वित्तीय व्यवस्थापनका लागि संरचनागत व्यवस्था सहित आवश्यक निर्देशिका, विधि तथा प्रकृयाहरु कार्यान्वयनमा ल्याईएको ।

(१०) ऋण सुरक्षण (Loan Security) विधिका रुपमा सम्बन्धित नगरपालिकासंग Escrow Accounting सहित नेपाल सरकारको अनुदानबाट कट्टा हुने गरी ऋण असुली गर्न सकिने व्यवस्था रहेको ।

(११) लगानी निर्देशिका कार्यान्वयनमा ल्याई उक्त निर्देशिकाको आधारमा ऋण तथा अनुदान लगानी गर्ने खुल्ला प्रतिस्पर्धात्मक कोष (Open Access Challenge Fund) समेत कार्यान्वयनमा रहेको ।

(१२) दातृ निकायहरु विश्व बैंक (World Bank) एशियाली विकास बैंक (ADB) तथा जर्मन विकास बैंक (KfW) द्वारा कोष मार्फत ऋण तथा अनुदान लगानी भैरहेको । हाल उक्त दातृ निकायका साथै यू.एस.आईडी, युन.सि.डि.एफ., युरोपियन यूनियन र जी.आई.जेड. जस्ता संस्थाहरुले समेत ऋण अनुदान लगानी र प्राविधिक सहयोग भइरहेको ।

(१३) पूर्वाधार विकासमा निजी क्षेत्रको समेत लगानी परिचालन भई एशियाली विकास बैंक (ADB) को सहयोगमा काठमाण्डौ उपत्यकामा दीगो यातायात सेवा सञ्चालन गर्न ऋण लगानी गरेको ।

(१४) नेपाल सरकारको स्रोत वाट प्रथम पटक रु. १ अर्व रुपैयाँ ऋण परिचालन गरेको । सो रकम कोषले नगरपालिकाहरुमा थप ऋण लगानी गर्न सक्ने अवस्था सृजना भएको साथै कोषले आयोजना बैंक (Project Bank) तयारीको पहिलो पटक थालनी गरेको ।

(१५) विश्व बैंक, युन.सि.डि.एफ. तथा एशियाली विकास बैंकको सहयोगमा नेपाल सरकार, अर्थ मंत्रालयद्वारा गरेका अध्ययनहरुले समेत कोषको पुन:संरचना गर्नुपर्नेमा जोड दिएको ।

(१६) नेपाल सरकारको आ.व.२०७५।०७६ को बजेट तथा कार्यक्रम अनुसार नगर विकास कोषलाई २० अर्वको पूँजी कोष सहित "शहरी पूर्वाधार विकास निगम" (Urban Infrastructure Development Corporation-UIDC) को रुपमा रुपान्तरण गर्नका लागि मस्यौदा ऐन तयार भै अर्थमन्त्रालयको सहमतिको लागि पठाइएको छ ।

# विषय सूची

पृष्ठ


| | |
|---|---|
| १. कोषको पृष्ठभूमि र वर्तमान अवस्थाको सार संक्षेप | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ कोषका उद्देश्यहरु | १ |
| १.३ कोषका मुख्य मुख्य काम कर्तव्य र अधिकार | १ |
| १.४ कोषका रणनीतिहरु | २ |
| १.५ कोषको कार्यक्षेत्र तथा लगानीका क्षेत्रहरु | २ |
| १.५.१ कोषका लगानीका क्षेत्रहरु | २ |
| १.६ कोषका सेवाग्राहीहरु | ३ |
| १.७ कोषको वर्तमान अवस्था | ३ |
| २. कोषद्वारा सञ्चालित कार्यक्रमहरू | ५ |
| २.१ नगर विकास कार्यक्रम (Town Development Prormamme-KfW) | ५ |
| २.१.१ नगर विकास कार्यक्रम-दोस्रो चरण (Town Development Programme-II Phase) | ६ |
| २.१.२ नगर विकास कार्यक्रम-तेस्रो चरण (Town Development Programme-III Phase) | ७ |
| २.२ साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (STWSSSP) | १० |
| २.२.१ तेस्रो साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (STWSSSP-III) | ११ |
| २.२.२ शहरी खानेपानी तथा सरसफाई आयोजना (Urban Water Supply and Sanitation Sector Project-UWSSSP) | १३ |
| २.३ सहलगानी (Co-financing) खानेपानी तथा सरसफाई आयोजना | १६ |
| २.४ मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना (STIUEIP) | १८ |
| २.५ एकीकृत शहरी विकास आयोजना (IUDP) | २० |
| २.६ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Development Project-UIDP) | २२ |
| २.७ दिगो शहरी यातायात कोष (Sustainable Urban Transport Fund) | २४ |
| २.८ नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरु | २५ |
| २.८.१ नेपाल उर्जा दक्षता कार्यक्रम-तेस्रो चरण (Nepal Energy Efficiency Programme-III Phase) | २५ |
| २.८.२ संयुक्त राष्ट्र पूँजी विकास कोष संगको सहकार्य (United Nations Capital Development Fund-UNCDF Co-operation) | २९ |
| २.८.३ नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम | ३१ |
| २.८.४ हरित जलवायु कोष (Green Climate Fund) | ३३ |
| ३. संस्थागत विकास तथा जनशक्ति व्यवस्थापन | ३५ |
| ४. कोषको वित्तीय अवस्था | ३७ |
| ५. वार्षिक क्रियाकलापहरु (आ.व. २०७५/७६ देखि हाल सम्म) | ४७ |
| ६. कोषको चुनौती, अवसर र भावी योजना | ५१ |

# १. कोषको पृष्ठभूमि र वर्तमान अवस्थाको सार संक्षेप

## १.१ पृष्ठभूमि

वि.स. २०४५ सालमा गठन आदेश अनुसार नगर विकास कोष समितिको स्थापना भएको थियो । कोषले नेपाल सरकार तथा विभिन्न दातृ संस्थाहरुको प्राविधिक तथा वित्तीय सहयोगमा नेपाल सरकार तथा दातृ संस्थाहरु विच भएको सम्झौताहरुको अधिनमा रही २०५३ साल सम्म गठन आदेशमा तोकिए अनुसारका कार्यक्रमहरु सफलतापूर्वक संचालन गर्दै आएको थियो । यसै क्रममा नगर विकास कोष ऐन, २०५३ मार्फत एक स्वायत्त वित्तिय मध्यस्थकर्ता संस्थाको रुपमा स्थापित यस नगर विकास कोषले नेपालमा शहरी पूर्वाधार विकासका लागि नगरपालिका र नगरोन्मुख गाउँपालिकाहरुमा ऋण तथा अनुदान लगानी गर्दै आएको छ ।

हाल कोषको सञ्चालक समितिमा शहरी विकास मन्त्रालयका सचिवको अध्यक्षतामा अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका १-१ जना प्रतिनिधि हुने गरी दुई जना सदस्य नेपाल सरकारबाट, नगरपालिका प्रमुख वा उप प्रमुख मध्येबाट प्रत्येक प्रदेशको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले मनोनयन गरेको तीन जना महिला सहित सात जना सदस्य, समावेशीताको आधारमा एक जना महिला सहित तीन जना सदस्य शहरी विकास मन्त्रालयले तोकेको र दुई जना सदस्य, विषय विज्ञबाट प्रतिनिधित्व हुने व्यवस्था रहेकोछ । समितिको सदस्य सचिवको रुपमा र प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न खुल्ला प्रतिस्पर्धाका आधारमा कार्यकारी निर्देशकको नियुक्ति हुने व्यवस्था रहेको छ ।

शहरी पूर्वाधार विकासका क्षेत्रमा ऋण परिचालनको लामो अनुभव सँगालेको नगर विकास कोषलाई मुलुकको वित्तिय बजार एवं नीजि क्षेत्रको पूँजीलाई शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो वित्तिय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउनुपर्ने विभिन्न अध्ययन प्रतिवेदनले देखाएको छ । नेपाल सरकारको आ.व.२०७५।०७६ को बजेट तथा कार्यक्रम अनुसार नगर विकास कोषलाई २० अर्वको पूँजी कोष सहित "शहरी पूर्वाधार विकास निगम" (Urban Infrastructure Development Corporation-UIDC) को रुपमा रुपान्तरण गर्नका लागि नयाँ ऐनको मस्यौदा तयार भएको छ ।

## १.२ कोषका उद्देश्यहरु

अल्पकालिन तथा दिर्धकालिन रणनीतिहरु बनाई कार्य गर्नका लागि नगर विकास कोष ऐन, २०५३ को परिच्छेद २ (५) बमोजिम नगर विकास कोषको देहाय बमोजिम उद्देश्यहरु रहेका छन्:

(क) नगर विकाससंग सम्बन्धित निकायलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(ख) नगरलाइ स्वच्छ तथा सफा राख्न आवश्यक काम गर्ने, गराउने ।

(ग) विभिन्न किसिमका आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना संचालन गर्ने, गराउने ।

(घ) नगर विकास र यसको लागि गरिनुपर्ने सभाव्य सुधारहरुका सम्वन्धमा देखा परेका समस्याहरुको निराकरणका उपायहरु पत्ता लगाउन आवश्यकता अनुसार कार्यमूलक अनुसन्धान गर्ने, गराउने ।

उपरोक्त उद्देश्य अनुरुप नगर क्षेत्रको पूर्वाधार विकास तथा विस्तारका साथै सो सँग सम्वन्धित कार्य गर्न स्थानीय निकायहरुलाई आवश्यक आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नको लागि नगर विकास कोषको गठन भएको देखिन्छ ।

## १.३ कोषका मुख्य मुख्य काम कर्तब्य र अधिकार

(क) कोषको सञ्चालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गरी कार्यान्वयन गर्ने, गराउने ।

(ख) कोषको वार्षिक तथा आवधिक कार्यक्रम र बजेट स्वीकृत गर्ने र सो को निमित्त आवश्यक रकमको व्यवस्था गर्ने, गराउने ।

(ग) नगरको निर्माण, विकास तथा विस्तार तथा नगरमा आधारभूत सामाजिक सेवा तथा आयमूलक आयोजना सञ्चालन गर्न, नगर विकाससंग सम्बन्धित निकायहरुलाई आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्ने ।

(घ) नगरको निर्माण, विकास, विस्तार र विविधिकरणको लागि आवश्यक पर्ने आर्थिक तथा प्राविधिक आधारहरू तयार पारी नगर विकाससंग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने तथा त्यस्ता कार्यक्रममा नगर विकाससंग सम्बन्धित निकायहरुको सहभागितालाई अधिकतम मात्रामा प्रोत्साहित गर्ने ।

(ङ) नगर विकाससंग सम्बन्धित निकायमा कार्यरत कर्मचारीहरुलाई दिइने तालिम तथा प्रशिक्षणको लागि आवश्यक सहयोग पुऱ्याउने ।

(च) नगर विकाससंग सम्बन्धित निकायहरुलाई नगर विकास सम्बन्धी विषयहरुमा आवश्यक परामर्श सेवा प्रदान गर्ने ।

(छ) कोषसंग ऋण लिई सञ्चालन भएका आयोजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवक्षण गर्ने, गराउने ।

(ज) नेपाल सरकारले कुनै विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थासंग कोषका सम्बन्धमा गरेको सम्झौता बमोजिम कार्य गर्ने, गराउने ।

(झ) कोषको हित विपरीत नहुने गरी कोषको रकम प्रचलित कानुन बमोजिम स्थापित अन्य कुनै संस्थाको शेयर, डिबेञ्चर वा अन्य कुनै किसिमको ऋणपत्र खरिद गर्ने कार्यमा लगानी गर्ने ।

## १.४ कोषका रणनीतिहरु

कोषले आफ्ना उदेश्यहरु पूर्ति गर्नका लागि अवलम्वन गरिएका र भविष्यमा अवलम्वन गरिने निम्न रणनीतिहरु रहेका छन् :

१) कोषको संस्थागत पुनः संरचना, कार्यक्षेत्रको विस्तार सहित पूँजी बृद्धि गरी रणनैतिक शहरी पूर्वाधारका आयोजनाहरुमा लगानी गरिने छ ।

२) लगानीका स्रोतहरु सुनिश्चितता तथा पूँजीबृद्धिका लागि परम्परागत पूँजीका स्रोतका अतिरिक्त स्थानीय तथा नीजि क्षेत्रको पूँजी परिचालन गर्न सार्वजानिक नीजि साझेदारी र वोण्ड तथा ऋणपत्र आदिको माध्यमबाट समेत वित्तीय स्रोत परिचालन गरिने छ ।

३) संघीय संरचना अनुसार प्रादेशिक वा स्थानीय तहमा कार्यालय खोल्ने तथा आवश्यक दक्ष जनशक्तिको संरचना सहित व्यवस्था गरिने छ ।

४) शहरी क्षेत्रमा बढ्दो जनसंख्या तथा नगरपालिकाहरुको संख्यामा भैरहेको बृद्धिका कारण कोष मार्फत गरिने लगानीमा भारी बृद्धि गर्नु पर्ने अवस्था रहेको सन्दर्भमा पचास प्रतिशत नेपाल सरकारको अनुदान लगानी तथा पचास प्रतिशत नगर विकास कोषको ऋण लगानी गर्ने गरी प्रतिस्पर्धात्मक खुल्ला कोष (Open Access Fund) कार्यान्वयनमा ल्याईने छ ।

(५) कोषद्वारा लगानी गरिएका पूर्वाधार आयोजनाहरुको वीमा गर्ने व्यवस्था मिलाइने र प्राकृतिक प्रकोप जस्ता विपद्का कारण पुनःनिर्माण गर्नु पर्दा वीमा गराउने व्यवस्था मिलाउन सम्वद्ध निकाय समक्ष पहल गरी कार्यान्वयनमा ल्याईने छ ।

(६) शहरी पूर्वाधार क्षेत्रमा आवश्यक पर्ने बढ्दो लगानी माग पूर्तिका निम्ति सार्वजनिक नीजि साझेदारी तथा बोण्ड (Bond) जस्ता वैकल्पिक लगानी अवधारणा अनुरुप नीजि क्षेत्रको लगानी परिचालन गर्नका लागि आवश्यक नीतिगत एवं कानुनी व्यवस्था गरिने छ ।

७) कोषको ऋण तथा अनुदान नीतिलाई अद्यावधिक गरी पूर्ण कार्यान्वयनमा ल्याईने छ ।

८) कोषको कार्य संचालन निर्देशिका (Standard Operating Procedure-SOP) लाई अद्यावधिक गरी आयोजनाको प्राथमिकिकरण/छनौट, गुणस्तरिय विस्तृत आयोजना अध्ययन प्रतिवेदन तयारी र आयोजना लेखाजोखाको कार्यलाई थप प्रभावकारी बनाईने छ ।

९) अनुगमन तथा मूल्याङ्कनको कार्यलाई प्रभावकारी गराउन नतिजामा आधारित अनुगमन तथा मूल्याकंन पद्धति लागु गरिने छ ।

९) कोषको वित्तीय प्रणालीलाई स्तरिय र अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप बनाउन Nepal Financial Reporting System (NFRS) लाई प्रभावकारीरुपमा कार्यान्वयनमा ल्याइने छ ।

१०) कोषको कार्यप्रणालीलाई कम्प्युटरीकृत गरिँदै आएको Management Information System (MIS) लाई थप प्रभावकारी बनाइने छ ।

११) कोषको बढ्दो कार्यक्षेत्रको आधारमा कोषलाई **शहरी पूर्वाधार विकास निगम**मा रुपान्तरण गरिने छ ।

## १.५ कोषको कार्यक्षेत्र तथा लगानीका क्षेत्रहरु

“नगर विकास कोष ऐन, २०५३” को दफा ५ ले कोषलाई नगर विकास सँग सम्बन्धित सरकारी निकायहरु, नगरपालिकाहरु, नगरोउन्मुख गाँउपालिकाहरु लगायत गैह्र सरकारी संस्था, सामुदायिक संस्थाहरु एवं नीजि क्षेत्रलाई समेत वित्तिय एवं प्राविधिक सहयोग उपलब्ध गराउन सक्ने फराकिलो आधारहरु प्रदान गरेको छ। कोषको नियमावली अनुसार कोषलाई आफ्नो वित्तिय स्रोतको व्यवस्थाका लागि विभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दातृसंस्थाहरु मार्फत ऋण तथा अनुदान प्राप्त गर्नसक्ने, नेपाल सरकारबाट ईक्विटी वा अन्य सहयोग प्राप्त गर्नसक्ने, नगरपालिका वा अन्य संस्थाहरुलाई शेयर जारी गर्नसक्ने, डिवेन्चर वा बोन्ड जारी गर्न वा खरीद गर्नसक्ने तथा ब्रिज फाइनान्सिङ्ग वा कन्सोर्टियम अर्न्तगत लगानी गर्नसक्ने जस्ता अधिकारहरु प्रदान गरेको छ ।

कोषको मूल लक्ष्य नगर क्षेत्रको दिगो सामाजिक तथा आर्थिक-सामाजिक पुर्वाधार निर्माणमा लगानी गरी शहरी पूर्वाधार सेवा पूर्‍याई नगरवासीको जीवनस्तरमा सुधार गर्नु रहेको छ । शहरी पूर्वाधार विकास सम्बन्धी आयोजनाहरुमा स्वीकृत नीति, नियम तथा योजना अनुसार दीर्घकालिनरुपमा ऋण, अनुदान र सह-लगानीको अवधारणामा कोषले वित्तीय लगानी गर्दछ । शहरी पूर्वाधार विकास संगै स्थानीय आर्थिक विकासलाई टेवा पुर्‍याउने खालका आयोजनाहरुमा लगानी गर्ने एक मात्र वित्तीय मध्यस्थकर्ता संस्थाकारुपमा कोष रहेको छ ।

कोषले लगानी गर्ने पूर्वाधारहरुलाई विभिन्न क्षेत्रमा वर्गिकरण गरी आयोजनाहरुको कुल लागतको १० प्रतिशत नगरपालिका तथा खानेपानी सेवा प्रदायक संस्थाहरुको ५ प्रतिशत स्व-लगानी अनिवार्य कायम गरिएको छ । त्यसरी प्रवाह गरिने ऋण लगानी मा १ देखि ५ वर्षसम्मको सहुलियत अवधि सहित २५ बर्षसम्मका लागि न्यूनतम् ५ देखि बढीमा ९.५ प्रतिशत सम्मको ब्याजदरमा लगानी गर्दै आएको छ ।

### १.५.१ कोषका लगानीका क्षेत्रहरु

कोषको ऋण तथा अनुदान नीति, वित्तिय लगानी नीति, नियमावली तथा कार्य सञ्चालन निर्देशिकाको प्रावधान अनुसार लगानीको सहजताका लागि शहरी पूर्वाधारलाई सामाजिक पूर्वाधार (social infrastructure), शहरी आधारभूत पूर्वाधार (Urban utility infrastructure), आर्थिक पूर्वाधार (economic infrastructure) लगायत आयमूलक आयोजनाहरु (revenue generating projects) मा वर्गिकरण गरिएको छ ।

(क) **सामाजिक पूर्वाधार** (Social Infrastructure) **सम्बन्धी आयोजनाः** ढल निर्माण, सार्वजनिक सौचालय,

शहरी क्षेत्रमा अव्यवस्थित वस्ती सुधार, विद्यालय, आदि पर्दछन् ।

(ख) **शहरी आधारभुत पूर्वाधार** (Urban Utility Infrastructure) **आयोजना:** सडक तथा पुल, खानेपानी, धार्मिक तथा साँस्कृतिक क्षेत्रहरुको संरक्षण तथा सम्बर्द्धन, वधशाला, सडक बत्ति, नगरपालिका भवन, सामुदायिक वा विश्रामस्थल, खेलकुद रंगशाला, मनोरंजन क्षेत्रहरु, शव दाहन क्षेत्र गृह, म्युजियम, प्राकृतिक श्रोत संरक्षण (सार्बजनिक जग्गा संरक्षण, नदि नियन्त्रण तथा भु-क्षय रोकथाम, सिमसार तथा श्रोत संरक्षण, वायु तथा ध्वनी प्रदुषण, सडकमा वृक्षारोपण आदि जस्ता शहरी सुविधाका आधारभूत पूर्वाधार विकासका लागि कोषले ऋण लगानी गर्दछ ।

(ग) **आर्थिक पूर्वाधार** (Economic Infrastructure) **आयोजना:** बसपार्क तथा पार्किङ्ग क्षेत्र, घरेलु साना तथा मझौला उद्योगहरु, पर्यटन विकास आयोजना लगायत बजार विकास (हाट बजार, प्रदर्शनीस्थल) आदिमा ऋण लगानी गर्ने नीति रहेको छ ।

(घ) **आयमूलक पूर्वाधार** (Revenue Generating Infra-structure) **आयोजना:** व्यापारिक भवन निर्माण, तरकारी बजार, बिद्युतिय परिवहन, केवल कार, संचार सम्बन्धी सुविधा, जलविद्युत आदि आय आर्जन गर्ने व्यवसायिक पूर्वाधार विकासमा पनि २० वर्ष सम्ममा भुक्तानी गरिसक्ने गरी ९ प्रतिशत व्याजदरमा कोषले ऋण प्रवाह गर्दछ । यी आयोजनाहरु स्थानीय तहको आर्थिक विकासका लागि कोषे ढुङ्गा हुने देखिन्छ ।

विगतमा नेपाल सरकारले अनुदान समेत दिदै आएकोमा माथि उल्लेख भए बमोजिमका पूर्वाधारहरुमा ऋण र अनुदानको मिश्रित आधारमा लगानी भैरहेको थियो । हाल नेपाल सरकारबाट अनुदान वापतको रकम उपलब्ध नभएकोले आयोजनाको प्रकृति बमोजिम लगानी योग्य आयमूलक आयोजनाहरुमा नगरपालिकाहरुको बढी भन्दा बढी हिस्सा हुने गरी ऋण रकम उपलब्ध गराउने नीति लिएको छ ।

## १.६ कोषका सेवाग्राहीहरु

उल्लिखित पूर्वाधारका आयोजना निर्माण तथा सञ्चालन गर्न कोषले सेवाग्राही नगरपालिकाहरु, नगर विकास समितिहरु, खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु, नगरउन्मुख गाउँपालिकाहरु तथा अन्य शहरी विकासमा संलग्न संस्थाहरुलाई आवश्यक सरल ऋण तथा अनुदान सहयोग उपलब्ध गराउँदै आएको छ । साविकमा ५८ वटा नगरपालिकामा १७ प्रतिशत शहरी जनसंख्या रहेकोमा हाल आएर २९३ वटा नगरपालिका गठन संगै शहरी जनसंख्या करीब ६० प्रतिशत हुन पुगेकोछ । ऐनको प्रावधान बमोजिम नगरपालिका बाहेक नगरउन्मुख गाउँहरुमा समेत कोषले लगानी गर्दै आएको छ ।

## १.७ कोषको वर्तमान अवस्था:

नेपाल राज्यभर हाल २९३ वटा नगरपालिका घोषणा भए संगै शहरवासीको जनसंख्या ६०% पुगेको छ । देशको आर्थिक तथा सामाजिक विकासको लागि शहरी क्षेत्रको पूर्वाधार विकास अपरिहार्य छ । कोषले स्वीकृत गरेको व्याबसायिक योजना (आ.व.२०७३।७४ देखि आ.व. २०७६।७७) मा उल्लेख भए बमोजिम शहरी पूर्वाधार विकासका लागि मिश्रित वित्त (Blended Financing) प्रणालीलाई अङ्गिकार गरिएको छ । उक्त प्रणाली अनुरुप शहरी क्षेत्रको पुर्वाधार विकासका लागि आवश्यक पर्ने वित्तीय स्रोत व्यवस्थापनका लागि बजारको पूँजीलाई समेत शहरी पूर्वाधारमा परिचालनका लागि नगर विकास कोष एक वित्तीय मध्यस्थकर्ता संस्थाका रुपमा निरन्तर अग्रसर भैरहेको छ ।

एक अध्ययन अनुसार स्थानीय तहमा आधारभूत पूर्वाधार विकास गर्न १९१ वटा नगरपालिकामा मात्रै करीव २३ खर्व पूँजीगत लगानी गर्नु पर्ने आवश्यकता छ (शहरी विकास रणनीति, २०१५)। तर नेपाल सरकारबाट स्थानीय तहमा जाने वित्तिय हस्तान्तरण र स्थानीय तहको आफ्नो स्रोतबाट मात्र पूर्वाधार विकासका लागि चाहिने यति ठूलो रकम जुटाउन सकिने अवस्था देखिदैन । यस सन्दर्भमा स्थानीय तहमा ऋण परिचालन गरी पूर्वाधार विकास गर्न नगर विकास कोषको भूमिका अझ महत्वपुर्ण देखिएको छ । यसका लागि नगर विकास कोषको पुन:सरचना गरी नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य संघ संथाहरुको समेत सहभागिता हुने गरी कम्तीमा २० अर्वको पूँजी संरचना सहित शहरी पूर्वाधार विकास निगम ऐन आवश्यक भएको छ । हाल उक्त ऐनको मस्यौदा छलफलका लागि अर्थ मंत्रालयमा पेश गरिएको छ ।

विश्वका धेरैजसो मुलुकहरुका नगरपालिकाहरुले नगर विकास कोष जस्तै संस्थाबाट ऋण लिई शहरी पूर्वाधार विकासमा लगानी गरी उल्लेखनीय प्रगति गरेका छन् । नेपालको संविधानले अनुसूची ८ र ९ मा स्थानीय तहलाई प्रदत्त गरेको अधिकारले पनि स्थानीय तहमा पूर्वाधार विकासका लागि लगानीको माग बढ्ने देखिन्छ । पूर्वाधारको दिगो विकास गर्न नगर विकास कोषको स्वपूँजीमा अभिवृद्धि गरी लगानीलाई थप सशक्त बनाउनु आवश्यक देखिन्छ । यसका लागि कोषको स्वपूँजीमा नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तह, दातृसमुदाय, र नीजि क्षेत्रको समेत सहभागिता हुने गरी उक्त रकम स्थानीय तहको पूर्वाधार विकास र समृद्धिका लागि परिचालन गर्न आवश्यक छ । हाल स्थानीय तहमा जनप्रतिनिधिहरुबाट आ-आफ्नो नगरमा पूर्वाधार विकास गर्नका लागि विस्तृत आयोजना प्रतिवेदन तयार गरी कोषमा ऋणका लागि माग गर्नु नै कोषको भूमिका आँकलन गर्न सकिन्छ । नगरपालिकाहरुमा ऋण लगानी मार्फत हासिल हुन सकेको वित्तीय अनुशासन र सम्पूर्ण दाताहरुको विश्वास आर्जन गर्न सफल भएको परिप्रेक्षमा नगर विकास कोष एक महत्वपूर्ण संस्थाको रुपमा अगाडि बढिरहेको छ ।

# २. कोषद्वारा सञ्चालित कार्यक्रमहरू

## २.१ नगर विकास कार्यक्रम (Town Development Program-KfW)

### कार्यक्रमको अवधारणा

नगर विकास कोषको स्थापना काल देखि नै जर्मन सरकारले शहरी पूर्वाधार एवं सेवा सुविधामा नगरवासीहरुको पहुँच सुनिश्चित गर्न सामाजिक तथा आर्थिक पूर्वाधारहरुको निर्माण तथा विकासका लागि वित्तिय सहयोग उपलब्ध गराउँदै आएको छ। नगर विकास कोष ऐन, २०५३ को प्रावधान बमोजिम कोषलाई नगरहरुको पूर्वाधार विकासमा एक सक्षम दिर्घकालिन ऋण परिचालन गर्ने वित्तिय मध्यस्थकर्ता संस्थाको रुपमा विकास गराउने उद्देश्य अनुरुप जर्मन विकास बैंक (के.एफ.डब्ल्यू.) ले सन् १९९५ देखि यस नगर विकास कार्यक्रम (Town Development Programme) सञ्चालन गर्न सहयोग गर्दै आएको छ । हालसम्म तीन चरणमा यो कार्यक्रम साविकका ५८ वटा नगरपालिकामा संचालन भै सम्पन्न हुने अवस्थामा पुगेको छ । यस कार्यक्रमबाट गरिएको दीर्घकालिन ऋण परिचालनबाट निर्माण भएको वसपार्क, व्यावसायिक भवन, पार्क, तरकारी बजार, नगरपालिका भवन, सडक तथा ढल लगायतका शहरी पूर्वाधारहरुको विकास भएको छ । संचालित आयोजनाहरुबाट फिर्ता भई आएको ऋणबाट स्थापित चक्रीय कोष (Revolving Fund) को पुनः ऋण परिचालन गरी नगर विकास कार्यक्रमलाई नगरपालिकाहरुको थप पूर्वाधार विकासका लागि निरन्तरता दिएको छ ।




नक्शा १ : नगर विकास कार्यक्रम, प्रथम, दोस्रो तथा तेस्रो चरण, अन्तर्गत नगर विकास कोषको ऋण तथा अनुदानमा विभिन्न सहरी पूर्वाधारहरु निर्माण भएका नगरपालिकाहरु तथा हाल कार्यान्वयनमा रहेका आयोजनाहरु

### २.१.१ नगर विकास कार्यक्रम–दोस्रो चरण (Town Development Programme-II Phase

नगर विकास कार्यक्रम–प्रथम चरणको सफल कार्यान्वयनको आधार तथा जर्मन सरकारद्वारा नेपालको शहरी क्षेत्रको विकासमा गर्ने सहयोगको दृढ प्रतिवद्धताले कोषलाई जर्मन विकास बैंक मार्फत प्राप्त हुने सहयोगमा निरन्तरता हुन पुग्यो जसको फलस्वरुप सन् २००० मा कोष मार्फत ७५% ऋण तथा २५% अनुदान परिचालन गर्ने गरी करीव ७.१ मिलियन युरो बराबरको सहयोगमा नगर विकास कार्यक्रमको दोस्रो चरण (Town Development Porgramme-II Phase) संचालनमा आयो । यस कार्यक्रम अन्तर्गत सन् १९९९ सम्म गठित ५८ नगरपालिकाहरुलाई सामाजिक पूर्वाधार र आयमूलक आयोजना संचालनको पारस्परिक कोष वृद्धि गर्दै कार्यक्रमको अन्तसम्ममा ऋण र सरल ऋणमा ७५ प्रतिशत र अनुदानमा २५ प्रतिशत लगानी गर्ने नीति अवलम्वन गरि नगरपालिकाहरुको पूर्वाधार विकासमा ऋण लगानी (Debt Financing) द्वारा आयोजनाहरुको दिगो विकासमा जोड दिईएको थियो जसका कारणले आयोजना आफैलै नै सो आयोजना संचालन तथा मर्मत सम्भारको लागि आय आर्जन गर्न सक्षम हुन सकेका छन् ।

### लगानी विधि

के.एफ.डब्ल्यू.को यस दोस्रो चरणको वित्तिय सहयोग अन्तर्गत नगरपालिकाहरुले नगर विकास कोषबाट ऋण, सरल ऋण तथा अनुदान सहायता प्राप्त गर्न सक्ने प्रक्रिया र शर्तहरुको लागि “जर्मन सरकारको के.एफ.डब्ल्यू. (जर्मन विकास बैंक) को सहयोगमा संचालन हुने दोश्रो चरणको कार्यक्रमको लागि ऋण/अनुदान नीति–२०५७” कार्यान्वयनमा ल्याइएको थियो । सोही ऋण/अनुदान नीतिको अधिनमा रही कोषले नगरपालिकाहरुलाई “क”,“ख” र “ग” वर्गमा विभाजन गरी अनुदानका लागि योग्य नगरपलिकाहरुलाई सरसफाई, वातावरण संरक्षण तथा शैक्षिक क्षेत्रसंग सम्बन्धित आयोजनाहरुका लागि अनुदान प्रवाह गरेको थियो भने वातावरण सुधार लगायत सामाजिक पूर्वाधार आयोजनाहरु तथा आयमूलक आयोजनाहरु जस्तै वसपार्क, व्यापारिक भवन, बहुउद्देश्यीय व्यावसायिक भवन, तरकारी बजार, हाट बजार जस्ता आयमूलक आयोजनाको लागि ऋण तथा सरल ऋणको रुपमा प्रवाह गरेको थियो ।



*फोटो नं. १: नगर विकास कार्यक्रम दोस्रो चरण अन्तर्गत नेपालगञ्ज उप महानगरपालिकामा नव निर्मित बस पार्क*

यस नगर विकास कार्यक्रम(दोस्रो चरण) लाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ।

| आयोजना/कार्यक्रमको नाम | नगर विकास कार्यक्रम–दोस्रो चरण (Town Development Programme- II Phase) |
|---|---|
| उद्देश्य | नगरपालिकाहरुको शहरी पूर्वाधारको विकासका लागि सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरुको निर्माण, विकास तथा विस्तारमा ऋण तथा अनुदान परिचालन गर्ने तथा ऋण सहयोगमा संचालित आयोजनाहरुबाट फिर्ता भई आएको रकमबाट सिर्जना भएको चक्रीय कोष (Revolving Fund) पुनः परिचालन गरी नगरपालिकाहरुमा दिगो शहरी पूर्वाधारको विकास गर्ने। |
| सम्झौता मिति | ३० नोभेम्वर, २००० |
| आयोजनाको अवधि | २००८ डिसेम्वर सम्म (आयोजनाको अवधि २०२० डिसेम्वर सम्म थप गरिएको)। |
| वित्तिय स्रोत | अनुदान – जर्मन विकास बैंक (KfW) KFW |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका | ● व्यापापरिक भवन – बुटवल, सिद्धार्थनगर, ईटहरी, भरतपुर, कमलामाई, नेपालगंज, भद्रपुर, धुलीखेल, भिमदत्त, गोरखा।<br>● सतह ढल – गुलरिया, सिराहा, राजविराज, धुलिखेल, बुटवल, रामग्राम, टिकापुर, त्रिभुननगर, दिपायल सिलगढी, विरेन्द्रनगर, कलैया, विरगंज।<br>● वसपार्क –विराटनगर, भरतपुर, नेपालगंज, भद्रपुर, दमक, बुटवल।<br>● विद्यालय भवन– व्यास, अमरगढी, गोरखा, रामग्राम, वालिङ्ग, त्रियुगा, गुलरिया, सिराहा, मलंगवा, भरतपुर, दिपायल सिलगढी, कमलामाई, ईटहरी, लेखनाथ, खाँदवारी, कपिलवस्तु, त्रिभुननगर, भिमदत्त, दशरथचन्द, बुटवल।<br>● नगरपालिका भवन– मेचीनगर, नारायण, कलैया, भद्रपुर, दमक, तानसेन, टीकापुर, लेखनाथ, अमरगढी, ईनरुवा, कलैया, पनौती, कपिलवस्तु, रत्ननगर, कमलामाई, त्रियुगा, धनगढी, त्रियुगा। |
| आयोजना/कार्यक्रमको कूल लागत | ७.१ मिलियन युरो |
| आ.ब. २०७५।७६ सम्मको प्रगति | कूल लगानी– रु. ७६ करोड ३९ लाख<br>अनुदान लगानी– रु. २१ करोढ ३१ लाख<br>ऋण लगानी– रु. ५५ करोड ८ लाख<br>ऋण असुली– १००%<br>सम्पन्न आयोजना संख्या: ३३ वटा<br>चालु आयोजना संख्या: ३ वटा |

*यस कार्यक्रम अन्तर्गत विभिन्न मितिमा विभिन्न विनिमय दर अनुसार कोषमा प्राप्त वैदेशिक मुद्रालाई नेपाली रकममा रकमान्तर गरिएको छ ।*

## २.१.२ नगर विकास कार्यक्रम–तेस्रो चरण (Town Development Programme-III Phase)

दातृ संस्था जर्मन विकास बैंकबाट नगर विकास कार्यक्रम प्रथम चरण र दोस्रो चरणको सफलता र अनुभव बमोजिम न.पा.हरुको लगानी आवश्यकतालाई मनन गरी नगरपालिकाहरुको सामाजिक पूर्वाधार तथा आयमूलक आयोजनाहरु संचालन गर्न सन् २०१० मार्च १० मा जर्मन सरकार र नेपाल सरकार बीच द्विपक्षीय सम्झौता भएको थियो। सम्झौता अनुसार सन् २०१२ सम्ममा सम्पन्न गर्ने गरी थप ७५ लाख यूरो बराबरको अनुदान सहयोग कोषलाई प्रदान गरिएको थियो।

### लगानी विधि

कोषले उक्त अनुदानबाट २०% बराबरको रकम न.पा.हरुको माग अनुसार आयोजनाहरुको अध्ययन तथा सुपरिवेक्षण “ख” र “ग” वर्गमा परेका न.पा.हरुलाई केही तोकिएका आयोजनाहरुको निर्माणका लागि अनुदान प्रदान गर्ने नीति लिएको छ। बाँकी ८०% बराबरको रकम “क” र “ख” वर्गका न.पा.लाई आयमूलयक आयोजनाका लागि ऋण र सामाजिक पूर्वाधार आयोजनाका लागि सरल ऋण (ख वर्गलाई अनुदान थप समेत) उपलब्ध गराउने प्रावधान रहेको छ। साथै “ग” वर्गका न.पा.लाई आयमूलक आयोजनाका लागि ऋण तथा सामाजिक पूर्वाधार आयोजनाका लागि सरल ऋण (अनुदान समेत) प्रदान गर्ने प्रावधान रहेको छ।

उपरोक्त प्रावधान अनुसारको ऋण अनुदान लगानी नीतिमा न.पा.हरुको प्रतिकृया प्राप्त गरी कोषको संचालक समितिबाट स्वीकृत भै "जर्मन सरकारको के.एफ.डब्ल्यू. को सहयोगमा संचालन हुने तेश्रो चरणको कार्यक्रमको लागि ऋण/अनुदान नीति–२००९" कार्यान्वयनमा ल्याईएको छ।

यस कार्यक्रम अन्तर्गत प्रवाह हुने ऋण सम्बन्धमा न.पा.हरुबाट प्राप्त प्रतिकृया अनुसार ऋणको ब्याजदर तोकिएको छ । नेपाल सरकारले नेपाल राष्ट्र बैंक मार्फत निष्काशन हुने विकास ऋणपत्र (लामो अवधिको) बराबरको ब्याजदरमा सरल ऋण र विकास ऋणपत्रको ब्याजदरमा २.५% थप कायम गरी ऋण लगानी गर्ने प्रावधान रहेको छ । न.पा.हरुलाई प्राविधिक रुपमा सक्षम तुल्याउने उद्देश्यले आयोजनाको पहिचान, प्राथमिकता निर्धारण, तथा कार्यान्वयनमा कोषले सहयोगी भूमिका निर्वाह गर्दै आएको छ। कोषले के.एफ.डब्ल्यु.को सहयोगमा न.पा.हरुलाई मात्र लगानी गर्दै आइरहेको भएता पनि नगर विकास कार्यक्रम-तेस्रो चरण कार्यान्वयनको क्रममा न.पा. घोषणा नभएका साना शहरहरुमा पनि लगानी गर्न सक्ने प्रावधान रहेको छ । साथै 'सार्वजनिक नीजि साझेदारी' अन्तर्गतका विभिन्न आयोजनाहरुमा समेत लगानी गर्न सकिने प्रावधान रहेबाट यस कार्यक्रमले शहरी क्षेत्रमा पूर्वाधार लगानीको दायरा फराकिलो पारेको छ।

कोषले आ.व. २०७५।७६ मा यस कार्यक्रमको दोस्रो र तेस्रो चरणका लागि रु. ५२ करोड १ लाख ७८ हजार बरावरको लगानी गर्ने लक्ष्य लिएकोमा रु. २७ करोड ५७ लाख ७४ हजार लगानी भई लक्ष्यको ५३ प्रतिशत प्रगति भएको छ।



*फोटो नं.२: नगर विकास कार्यक्रम तेस्रो चरण अन्तर्गत तुल्सीपुर उप महानगरपालिकामा नगर विकास कोषको ऋण सहयोगमा हालै सम्पन्न भएको तुल्सीपुर बसपार्क।*

नगर विकास कार्यक्रम (तेस्रो चरण) लाई संक्षेपमा देहाय वमोजिम त्रिचण गरिएको छ।

| आयोजना/कार्यक्रमको नाम | नगर विकास कार्यक्रम–तेस्रो चरण (Town Development Programme- III Phase) |
|---|---|
| उद्देश्य | नगरपालिकाहरुको शहरी पूर्वाधारको विकासका लागि सामाजिक तथा आर्थिक पूर्वाधारका आयोजनाहरुको निर्माण, विकास तथा विस्तारमा ऋण तथा अनुदान परिचालन गर्ने तथा ऋण सहयोगमा संचालित आयोजनाहरुबाट फिर्ता भई आएको रकमबाट स्थापना भएको चक्रीय कोष (Revolving Fund) पुनः परिचालन गरी नगरपालिकाहरुमा दिगो शहरी पूर्वाधारको विकास गर्ने। |
| सम्झौता मिति | १० मार्च २०१० |
| आयोजनाको अवधि | २०१२ डिसेम्वर सम्म (आयोजनाको अवधि २०२० डिसेम्वर सम्म थप गरिएको)। |

| | |
|---|---|
| वित्तिय स्रोत | KFW अनुदान – जर्मन विकास बैंक |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका | ● व्यापापरिक भवन – धनगढी, धुलिखेल, पोखरा, व्यास, भिमेश्वर, तानसेन, गोरखा ।<br>● वसपार्क – तुल्सीपुर, विरेन्द्रनगर, भिमदत्त, बाग्लुङ्ग, विरगंज, गौर, मेचीनगर ।<br>● विद्यालय भवन – व्यास, अमरगढी, गोरखा, रामग्राम, वालिङ्ग, त्रियुगा, गुलरिया, सिराहा, मलंगवा, भरतपुर, दिपायल सिलगढी, कमलामाई, ईटहरी, लेखनाथ, खाँदवारी, कपिलवस्तु, त्रिभुननगर, भिमदत्त, दशरथचन्द ।<br>● नगरपालिका भवन – नेपालगंज, पुतलीबजार–कार्यालय भवन पर्खाल<br>● सिटी हल – इलाम<br>● स्कुल तथा ट्रेड सेन्टर – वुटवल नगरपालिका । |
| आयोजना/कार्यक्रमको कूल लागत | ● ७.५ मिलियन युरो |
| आ.ब. २०७५।७६ सम्मको प्रगति | कूल लगानी– रु. ५० करोड ९९ लाख<br>अनुदान लगानी– रु. ६ करोड ४६ लाख<br>ऋण लगानी– रु. ६० करोड ८९ लाख<br>ऋण असुली– १००%<br>सम्पन्न आयोजना संख्याः २१ वटा<br>चालु आयोजना संख्याः ४ वटा |


*यस कार्यक्रम अन्तर्गत दातृसंस्थाबाट कोषलाई विभिन्न मितिमा विभिन्न विनिमय दर अनुसार कोषमा प्राप्त वैदेशिक मुद्रालाई नेपाली रकममा रकमान्तर गर्ने गरिएको हाल आएर दातृसंस्थाबाट नेपाली मुद्रामा नै कोषको खातामा जम्मा गर्ने गरिएको ।*



फोटो नं. ३: नगर विकास कार्यक्रम तेस्रो चरण अन्तर्गत भिमदत्त नगरपालिकामा नवनिर्मित भिमदत्त वसपार्क

## २.२ साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (STWSSSP)


### आयोजनाको अवधारणा



नेपाल सरकारले सुरक्षित खानेपानी तथा सरसफाईलाई सहज र सरल पहुँच बनाई जनस्वास्थमा सुधार ल्याई राष्ट्रिय गरिबी निवारणमा न्यूनिकरण गराउने उद्देश्य अनुरुप नेपालको पन्ध्र वर्षीय विकास योजना (सन् २०००–२०१५) बाट साना शहरी खानेपानी तथा सरसफाई क्षेत्रको लागि पहिचान भएका कूल २६५ वटा साना शहरहरु मध्येबाट प्रतिस्पर्धात्मक आधारमा साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको माध्यमबाट गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गर्ने लक्ष्य राखेको छ ।

यस विकास योजना अर्न्तगत  नेपाल सरकार र एशियाली विकास बैंकको ऋण सहयोगमा २९ वटा साना शहरहरुमा साना शहरी खानेपानी तथा सरससफाई आयोजना-प्रथम चरण सन् २००१ देखि सन् २००९ सम्म संचालन भई तत्कालिन अवस्थामा ५ लाखभन्दा बढी जनता खानेपानी तथा सरसफाईको सेवा सुविधाबाट लाभान्वित हुन पुगेका छन् ।

यस प्रथम चरणको सफल कार्यान्वन पश्चात एशियाली विकास बैंकको अनुदान सहयोगमा नेपाल सरकारले दोस्रो चरणमा २१ वटा साना शहरहरुमा दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना सन् २००९ देखि सन् २०१७ सम्म संचालनमा आएका थिए भने यसै योजनाको तेस्रो चरण अन्तर्गत एशियाली विकास बैंकको ऋण सहयोगमा करीब २० वटा साना शहरहरुमा तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना सन् २०१४ देखि २०२० सम्म सम्पन्न गर्ने लक्ष्यका साथ कार्यान्वयनमा आएको छ । यसको सबै चरणमा खानेपानी तथा सरसफाई क्षेत्रमा अवलम्वन गरिएको "सह-लगानी सहितको ऋण" लगानीमा लागत असुलीको अवधारणा दक्षिण एशियामा नै सफल आयोजनाको रुपमा मानिएको छ । सन् २०१९ देखि सन् २०२४ सम्म शहरी खानेपानी तथा सरसफाई आयोजनाका लागि नेपाल सरकार र एशियाली विकास बैंकका बीच २६ सेप्टेम्वर २०१८ मा सम्झौता सम्पन्न भई थप करिब




नक्सा नं. २: साना शहरी खानेपानी तथा सरसफाई आयोजना प्रथम, दोस्रो र तेस्रो चरण अन्तर्गत गरी जम्मा ७० वटा साना शहरहरुमा खानेपानी आपूर्तिको आयोजना संचालन भएका साना शहरहरु

२० वटा सहरहरुमा खानेपानी आयोजना सम्पन्न गर्ने गरी कार्यक्रम कार्यान्वयन भई रहेका छन् ।

साना शहरी खानेपानी तथा सरसफाई आयोजनाहरु लागत असुलीको अवधारणामा प्रथम चरण अन्तर्गत खानेपानी आयोजना निर्माणको कूल लागतको ३० प्रतिशत, दोस्रो चरण अन्तर्गत ३५ देखि ४५ प्रतिशत र तेस्रो चरण अन्तर्गत २५ प्रतिशत सम्म हुन आउने रकम ऋणको रुपमा नगर विकास कोषले खानेपानी उपभोक्ता संस्थालाई उपलब्ध गराउने प्रावधान रहेको छ। कोषले सन् २००० सम्म नगरपालिकामा मात्र आफ्ना कार्यक्रमहरु संचालन गर्दै आएकोमा यस साना शहरी खानेपानी तथा सरसफाई आयोजना मार्फत साना शहरहरुमा समेत आफ्नो लगानी विस्तार गर्न पुग्यो भने एसियाली विकास बैंक मार्फत प्राप्त भएको ऋणको प्रवाहले कोषलाई ठूला प्रकृतिका आयोजनाहरुमा समेत ऋणलगानी गर्नमा प्रेरित गरेको छ ।

### आयोजनाको उद्देश्य

१. आयोजना क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने ।

२. दिगो तथा समावेशी खानेपानी तथा सरसफाई सेवा प्रदान गर्ने ।

३. खानेपानीको सेवा प्रबाह, विस्तार र सुधारका लागि शासकीय दक्षताका लागि क्षमता अभिबृद्धि गराई उपभोक्ताको सहभागितालाई प्रोत्साहित गर्ने ।

### साना शहरी खानेपानी तथा सरसफाई आयोजनाका महत्वपूर्ण उपलब्धीहरु:

१. स्वच्छ र शुलभ खानेपानी र सरसफाई पूर्वाधारमा करिव १५ लाख खानेपानी उपभोक्ताहरुको पहुँच सुनिश्चितता भएको ।

२. खानेपानी जस्तो आधारभूत सेवा क्षेत्रमा लागत असुलीको अवधारणामा उपभोक्ता समेतको लगानीमा आयोजना निर्माण भएका कारण आयोजनामा अपनत्व देखिएको ।

३. स्थानीयस्तरमा खासगरीकन महिलाहरुमा नेतृत्व क्षमतामा गुणात्मक विकास भएको ।

४. प्रतिस्पर्धात्मक प्रणालीद्वारा उपभोक्ताहरुको मागको आधारमा आयोजना छनौट विधि अवलम्वन गर्न सफल भएको ।

५. राष्ट्रिय खानेपानी मापदण्ड अनुरुपको खानेपानी सेवा प्रवाह गर्न आयोजना सफल भएको ।

६. नवीनतम तथा वैज्ञानिक प्रविधिको प्रयोगका साथै विलिङ्ग तथा लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित भई सेवा प्रवाहमा चुस्तता र प्रभावकारिता बढेको ।

७. करीव १५०० व्यक्तिहरुका लागि रोजगार सृजना भएको ।

८. उपभोक्ताहरुको स्वास्थ्य, आर्थिक तथा सामाजिक जीवनस्तर बृद्धि भएको ।

## २.२.१ तेस्रो साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (STWSSSP-III )

यस आयोजना प्रथम तथा दोस्रो चरणको सफल कार्यान्वयन पश्चात नेपाल सरकारको पन्ध्र वर्षको विकास योजना अनुसार लक्ष्य पूरा गर्नका लागि लागत उठ्ती अवधारण अनुरुप कार्यान्वयन हुने गरी नेपाल सरकारले एशियाली विकास बैंकबाट करीब २० वटा साना शहरहरुमा तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना संचालनका लागि २५ नोभम्वर २०१४ मा ६ करोड अमेरिकी डलर ऋण प्राप्त गरी उक्त ऋण सहयोग मध्येबाट कोष मार्फत खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुलाई सम्बन्धित स्थानीय निकायको जमानतमा खानेपानी आपूर्ति निर्माणमा ऋण प्रवाह गर्नका लागि कूल १ करोड ८० लाख अमेरिकी डलर (करीव रु. १ अर्व ८० करोड) बराबर ऋण स्वरुप प्राप्त भई सो अन्तर्गतका आयोजनाहरु मध्ये १७ वटा आयोजनाहरु भौतिकरुपमा सम्पन्न भइ प्रथम चरणमा प्रवेश गरेका छन् भने ३ वटा आयोजनाहरु सम्पन्न हुने अन्तिम चरणमा रहेका छन् ।

### लगानी विधि

यस कार्यक्रम अन्तर्गत छनौट भएका आयोजनाको कूल लागतको ७० प्रतिशत नेपाल सरकारको अनुदान, २५ प्रतिशत नगर विकास कोषबाट ऋण (५ वर्षको सहुलियत अवधि सहित जम्मा २५ वर्षका लागि ५ प्रतिशत ब्याज दरमा) उपलब्ध हुने र ५ प्रतिशत उपभोक्ता संस्था लाभान्वित घरधुरीबाट उठाई अग्रिमरुपमा आयोजना निर्माण पूर्व जम्मा गर्नुपर्ने प्रावधान रहेको छ ।

### आयोजनाको अवस्था

यस आयोजनाको अवधिभर (सन् २०२० जुलाई सम्म) २० वटा साना शहरहरुमा सम्पन्न हुने खानेपानी तथा सरसफाई आयोजनाबाट करीब ३ लाख ९० हजार साना सहरी जनसंख्या खानेपानी तथा सरसफाईको सुविधाबाट लाभान्वित हुने अनुमान गरिएको छ । साथै यस आयोजना अन्तर्गत प्रथम चरणमा सम्पन्न भएका आयोजनाहरुको थप सुधारका लागि पनि



फोटो नं. ४: तेस्रो साना शहरी खानेपानी आपूर्ति तथा सरसफाई आयोजना अन्तर्गत निर्माणको अन्तिम चरणमा रहेको लालबन्दी खाने पानी तथा सरसफाई आयोजनाको ओभरहेड ट्याङ्की

आवश्यक बजेट व्यवस्था भएकोले आयोजनाको क्षमता अभिबृद्धि भई दिगो सेवा प्रवाह गर्न आयोजना सक्षम हुने अपेक्षा गरिएको छ ।

यस आयोजना अन्तर्गत आ.व. २०७५।७६ सम्म विभिन्न २० वटा सह-आयोजनाहरुका लागि कोषबाट कूल रु. १ अर्व ४६ करोड ४५ लाख स्वीकृत भई रु. १ अर्व ३० करोड ५८ लाख ऋण प्रवाह भैसकेको छ । आयोजनामा दिगो सेवा प्रवाहको सुनिश्चितताका लागि आयोजनाको मर्मत सम्भार तथा संचालन, कर्मचारी व्यवस्थापन, पानी महशुल संकलन लगायतका कार्यका लागि उपभोक्ता संस्थासंग आयोजना व्यवस्थापन सम्झौताको व्यवस्था सहित उक्त सम्झौतामा Escrow Account खोलिने शर्त राखिएको छ। जसबाट संस्थाको वित्तीय अनुशासन कायम राख्न दैनिक कार्य संचालन तथा मर्मत संभार खर्च उपलब्ध गराई वचत रकमवाट कोषको साँवा तथा ब्याज तिर्ने व्यवस्थाका लागि उपभोक्ता संस्थाले बैकमा खाता संचालन गर्ने व्यवस्था गरिएको छ । यस आयोजना अर्न्तगतका २० वटा आयोजनाहरु मध्ये १७ वटा आयोजनाहरु भौतिक रुपमा निर्माण सम्पन्न भई खानेपानी सेवा प्रवाह गरिरहेका छन् भने बाँकी ३ वटा (लालबन्दी, विदुर र अमरगढी) खानेपानी आयोजनाहरुको काम अन्तिम चरणमा पुगेको छ । आ.व. २०७६/७७ मा यस आयोजना अन्तर्गतका सबै आयोजनाहरु भौतिक रुपमा सम्पन्न गरिने छन् ।

कोषले आ.व. २०७५।७६ मा यस कार्यक्रमको लागि रु. ५० करोड बरावरको लगानी गर्ने लक्ष लिएकोमा रु. २८ करोड ८५ लाख लगानी भई लक्षको ६४ प्रतिशत प्रगति भएको छ ।

यस तेस्रो साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजनालाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (तेस्रो) (STWSSSP-III) |
|---|---|
| उद्देश्य | आयोजना क्षेत्रमा स्वच्छ र गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने । |
| सम्झौता मिति | २५ मार्च २०१४ |
| आयोजनाको अवधि | २०२० जुलाई |
| वित्तिय स्रोत | ऋण – एशियाली विकास बैंक |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका/साना शहर | खानेपानी आपूर्ति निर्माण आयोजना –<br>सखुवा-महेन्द्रनगर, शितलपाटी खलंगा, मुसीकोट खलंगा, चारआली, छापनाहाला-डुम्रे चन्द्रौटा, टीकापुर, मिर्चैया, महेन्द्रनगर चक्रघट्टी, लालबन्दी, बाबीयाचौर, कटारी आबुखैरनी, विदुर, निर्मल पोखरी, विरेन्द्रनगर-चितवन, तमसरिया, सुडा, खलंगा अमरगढी, कठरिया रौतहट । |
| आयोजना/कार्यक्रमको कूल लागत | कुल लागत ६ करोड अमेरिकी डलर<br>ऋण परिचालन कोष मार्फत करिब रु. १ करोड ८० लाख अमेरिकी डलर |

| | | |
|---|---|---|
| आ.ब. २०७५।७६ सम्मको प्रगति | कुल स्वीकृत रकमः | रु. १ अर्व ४४ करोड |
| | कूल लगानी– | रु. १ अर्व ३० करोड ५८ लाख |
| | कूल स्वीकृत आयोजना संख्याः | २० वटा |
| | सम्पन्न आयोजना संख्याः | १७ वटा |
| | चालु आयोजना संख्या : | ३ वटा |




*फोटो नं. ५: विदुर साना शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत निर्मित खानेपानी आयोजनाको ईन्टेक संरचना*

## २.२.२ शहरी खानेपानी तथा सरसफाई आयोजना (Urban Water Supply and Sanitation Sector Project -UWSSSP)

नेपालको बढ्दो शहरीकरण तथा मुलुकको शासकीय संरचना संघीय ढाँचामा परिवर्तनलाई मध्यनगर राख्दै साना शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजनाको प्रथम, दोस्रो र तेसो चरण पछिको अर्को आयोजनाको निरन्तरता भएता पनि शहरी खानेपानी तथा सरसफाई आयोजना (Urban Water Supply and Sanitation Sector Projct-UWSSSP) नामाकरण सहित नेपाल सरकारबाट छनौट भएका २० वटा सह-आयोजनाहरुका लागि उच्च तथा मध्यमस्तरका आयोजना कार्यान्वयनका लागि नेपाल सरकार र एशियाली विकास बैंक सहमत भै मिति २६ सेप्टेम्वर, २०१८ मा USD 130 Million (Loan No.:3711-NEP) स्वीकृत भएको छ। उक्त रकम मध्ये USD १९ मिलियन छनौट भएका आयोजनाहरुमा यस कोषवाट ऋण स्वरुप लगानी हुनेछ।

यस आयोजना अन्तर्गत २० वटा थप खानेपानी आपूर्तिका आयोजनाहरुको निर्माण हुने छन्। जस मध्ये यस आ.व. सम्मको




नक्शा ३ : शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत छनौट भएका नगरपालिकाहरु/शहरहरु

अवस्थामा ९ वटा शहरी खानेपानी आयोजनाहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने थप ११ आयोजनाहरु मध्ये ४ वटा आयोजनाहरु आ.व. २०७६/७७ मा र बाँकी ७ वटा आयोजनाहरु आ.व. २०७७/७८ मा निर्माण कार्य शुरु हुने छन् ।

## आयोजनाको महत्वपूर्ण पक्ष

क) आयोजनाको कार्यान्वयन नेपाल सरकार, उपभोक्ता वर्ग/स्थानीय तहको सहलगानी र लागत असुलीमा आधारित हुने ।

ख) आयोजनाको निर्माण, संचालन र सम्भारमा उपभोक्ता वर्गको स्वामित्व रहने गरी लैङ्गिक समानता र सामाजिक समावेशी सहितको जन-सहभागिता परिचालन रहने ।

ग) सेवाको गुणस्तर सुधार र सेवास्तरमा बृद्धि हुने ।

घ) खानेपानी आपूर्तिका आयोजनाहरु प्राविधिकरुपमा सक्षम हुने ।

ङ) खानेपानी तथा सरसफाई संस्था र नगरपालिकाहरुको क्षमता अभिबृद्धिमा सहयोग हुने ।

च) आयोजनाहरुको दिगो संचालन र वातावरण मैत्री विकास प्रणालीको अवलम्वन हुने ।

## लगानी विधि

यस शहरी खानेपानी तथा सरसफाई आयोजनाको कूल लागत १७८.५ मिलियन अमेरिकी डलर मध्ये नेपाल सरकारले एशियाली विकास बैंकबाट १३० मिलियन डलर ऋण सहयोग प्राप्त गर्ने छ। यसै गरी नेपाल सरकारले ३९.५ मिलियन डलर बराबरको रकम अनुदान स्वरुप व्यहोर्ने छ भने उपभोक्ता वा लाभग्राहीबाट ९० लाख डलर स्रोत परिचालन गरिने छ। यसरी स्रोतहरुको परिचालन गरिदा लागत उठ्ती अवधारणा अनुसार प्रत्येक आयोजनाहरुको कूल लागतमा ७० प्रतिशत रकम अनुदान, २५ प्रतिशत रकम ऋण र ५ प्रतिशत रकम उपभोक्ताको सहभागिता गराई स्रोत परिचालन गरिने छ।

यस आयोजनाको लागि एशियाली विकास बैंकबाट नेपाल सरकारलाई प्राप्त हुने १३० मिलियन डलर मध्ये नगर विकास कोष मार्फत खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरुलाई आयोजना निर्माणका लागि ऋण प्रवाह गर्नका लागि १९ मिलियन डलर ऋण स्वरुप प्राप्त हुनेछ। उक्त रकम कोषले नेपाल सरकार मार्फत एशियाली विकास बैंकलाई फिर्ता गर्नुपर्ने प्रावधान रहेको छ। उक्त रकम ५ वर्षको सहुलियत अवधि

सहित जम्मा २५ वर्षका लागि ५ प्रतिशत ब्याज दरमा उपभोक्ता संस्थालाई ऋण परिचालन गरिनेछ ।

## अपेक्षित उपलब्धीहरु

यस शहरी खानेपानी तथा सरसफाई आयोजनाबाट निम्नानुसारका उपलब्धीहरु हुने अपेक्षा गरिएको छ :

क) करिव ६६ हजार घरधुरी लाई करीब १,६०० कि.मि. पाईप सञ्जाल मार्फत उभोक्ताहरुको घर-घरमा खानेपानीको सेवा प्रवाह हुनेछ ।

ख) करीब ८,००० बिपन्न घरधुरीहरुका लागि शौचालय निर्माण हुनेछ र २० वटा सार्वजनिक शौचालय निर्माण हुनेछ ।

ग) आयोजना अन्तर्गत कम्तिमा २० वटा फोहरपानी प्रशोधनशाला निर्माण हुनेछ ।

ङ) यस आयोजनाबाट कम्तीमा ३० कि.मी. सतह ढल निर्माण हुनेछ ।

च) .उपभोक्ता संस्थाको व्यावसायिक योजना र खानेपानी महशुल शुल्क निर्धारण कार्यविधि तर्जुमा गरिनेछ ।

छ) कम्तीमा १५ वटा वातावरण मैत्री खानेपानी तथा सरसफाई आयोजनाहरुको थप अध्ययन गरिनेछ ।

ज) खानेपानी उपभोक्ता संस्था, नगर विकास कोष, खानेपानी तथा ढल व्यवस्थापन विभाग र नगरपालिकाका करीब २०० कर्मचारीहरुलाई प्राविधिक तथा नेतृत्व विकास सम्बन्धी तालिम प्रदान गरिनेछ ।



*फोटो नं. ६: शहरी खानेपानी तथा सरसफाई आयोजना अर्न्तगत निर्माणाधिन चरिकोट खानेपानी तथा सरसफाई आयोजनाको पानी प्रशोधन केन्द्र*

यस शहरी खानेपानी तथा सरसफाई आयोजनालाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ।

| आयोजना/कार्यक्रमको नाम | शहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (UWSSSP) |
|---|---|
| उद्देश्य | आयोजना क्षेत्रमा स्वच्छ र गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने। |
| आयोजनाको स्वीकृती | ● नेपाल सरकार र एशियाली विकास बैंक मिति: २६ सेप्टेम्वर, २०१८ |
| आयोजनाको अवधि | सन् २०१८ देखि २०२४ |
| वित्तिय स्रोत | ऋण – एशियाली विकास बैंक ADB |
| आयोजना संचालन हुने शहरहरु | भोजपुर, बृहत भानु, चैनपुर, देउराली हुप्सेकोट, चरिकोट, दिक्तेल, इलाम, कंचनरुप, खंलगा, दार्चुला, लिवाङ्ग, मकालु, पाँचखाल, प्रगतीनगर दाङ्ग, रामपुरटार, सिद्धनाथ बैजनाथ, शुभघाट सुर्खेत, मादी पाल्पा, शारदानगर चितवन। |
| आयोजना/कार्यक्रमको कूल लागत | ● कुल लागत १७ करोड ८५ लाख अमेरिकी डलर<br>● एशियाली विकास बैंकको ऋण: १३ करोड अमेरिकी डलर<br>● नेपाल सरकारको अनुदान: ३ करोड ९५ लाख अमेरिकी डलर<br>● एशियाली विकास मार्फत प्राप्त ऋण मध्ये कोष मार्फत ऋण १ करोड ९० लाख अमेरिकी डलर |
| आ.ब. २०७५।७६ सम्मको प्रगति | कुल स्वीकृत रकम: रु. ८४ करोड ७० लाख<br>कूल लगानी– रु. ७ करोड ९५ लाख<br>कूल स्वीकृत आयोजना संख्या: ७ वटा<br>चालु आयोजना संख्या : ७ वटा |

## २.३ सहलगानी (Co-financing) खानेपानी तथा सरसफाई आयोजना

### अवधारणा

खानेपानी तथा सरसफाई क्षेत्रमा स्वदेशी पूँजी परिचालन गरी सरकारले लगानी बढाउदै लैजाने उद्देश्य अनुसार लगानी असुलीको सिद्धान्तमा आधारित खानेपानी तथा सरसफाईको उचित व्यवस्थापन तथा गुणस्तरीय सेवा प्रदान गर्न नेपाल सरकार तथा स्थानीय तहवाट छनौट भएका आयोजना निर्माणका लागि नगर विकास कोषबाट सह-लगानी गर्न नेपाल सरकार, खानेपानी तथा ढल निकास विभाग र नगर विकास कोष बीच मिति २०७४।०९।१३ मा समझदारी-पत्रमा हस्ताक्षर भई यो कार्यक्रम अगाडि बढेको छ। यस कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्नका लागि तथा यस क्षेत्रमा काम गर्ने सरोकारवालाहरुको संयुक्त लगानी परिचालनबाट आयोजना निर्माण तथा सञ्चालनमा चुस्तता (Efficiency) र प्रभावकारीता (Effectiveness) हासिल गर्न आवश्यक पर्ने प्रक्रियालाई सहजीकरण गर्ने उद्देश्यले नगर विकास कोषले सह-लगानी निर्देशिका २०७४ तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ।

### संस्थागत संरचना

केन्द्रीय स्तरका सरोकारवाला निकायहरुसँग समन्वय गरी सह-लगानी आयोजना कार्यान्वयन गर्न कोष अन्तर्गत सह–लगानी आयोजना समन्वय इकाई रहेको छ। यस इकाईले आयोजनाको छनौट, बजेट व्यवस्था र निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कन जस्ता कार्यको समन्वय गर्नेछ। आयोजनाको अनुगमन तथा मूल्यांकनको लागि कोषले सम्वन्धित प्रादेशिक मन्त्रालय, जिल्ला समन्वय समिति वा नगरपालिका तथा गाउँपालिकालाई अनुरोध गर्न सक्ने व्यवस्था रहेको छ।

### लगानी विधि

खानेपानी तथा सरसफाई क्षेत्रमा लगानी गर्दा लागत असुलीको अवधारणामा नेपाल सरकार, प्रादेशिक तथा स्थानीय सरकार, दातृ निकाय, कोष र उपभोक्ता संस्थाको सहभागितामा आयोजनाको कूल लागतमा निम्न विधि अनुसार सह-लगानी गरिएको छ।

आयोजनाको कूल लागत मध्ये नेपाल सरकारवाट अनुदान वापत ७० प्रतिशत, कोषवाट ऋण स्वरुप अधिकतम २५ प्रतिशत र उपभोक्ता संस्था/स्थानीय तहवाट न्यूनतम ५ प्रतिशत लागत ब्यहोरिने छ। उपभोक्ता संस्थाबाट ब्यहोरिने रकम मध्ये न्यूनतम ५ प्रतिशत रकम अग्रिम रुपमा नगद (Upfront Cash) जम्मा भएपछि मात्र आयोजना कार्यान्वयन प्रक्रिया अगाडि बढाईनेछ।

सह-लगानी अवधारणा अन्तर्गत खानेपानी तथा सरसफाई क्षेत्रमा गरिने लगानीका स्रोतहरु देहाय बमोजिम हुनेछन् :

१) साना शहरी खानेपानी तथा सरसरफाई क्षेत्रको प्रथम चरण र दोस्रो चरण अन्तर्गत नेपाल सरकारद्वारा ऋणको रुपमा प्रदान भई पछि शेयर पूँजी (Equity Capital) मा रुपान्तरण भएको रकम ।

२) सह-लगानी अन्तर्गत भएको ऋण लगानीवाट कोषलाई फिर्ता प्राप्त हुने साँवा रकम ।

३) नेपाल सरकारवाट सह-लगानी अन्तर्गतका आयोजनाहरुमा लगानी गर्नका लागि प्राप्त रकम ।

४) नेपाल सरकारको स्वीकृतिमा दातृ निकायवाट खानेपानी तथा सरसफाई क्षेत्रका लागि लगानी गर्न प्राप्त रकम ।

५) सञ्चालक समितिवाट निर्णय भए बमोजिमको अन्य रकम ।

### सह-लगानीका कार्यक्षेत्रहरु:

सह-लगानीका कार्यक्षेत्रहरु देहाय बमोजिम रहेका छन् :

१) खानेपानी आपूर्तिका नयाँ आयोजनाहरुको निर्माण ।
२) मौजुदा आयोजनाहरुको स्तरोन्नती र विस्तार ।
३) आयोजनाहरुको पुन:स्थापना ।




*फोटो नं. ७: सह-लगानी कार्यक्रम अन्तर्गत विजयनगर नवलपरासीमा निर्मित खानेपानी आपूर्ति आयोजनाको संरचना*

यस सह-लगानी खानेपानी तथा सरसफाई आयोजनालाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | सह-लगानी (Co-financing) अन्तर्गत खानेपानी तथा सरसफाई आयोजना |
|---|---|
| उद्देश्य | आयोजना क्षेत्रमा स्वच्छ तथा गुणस्तरीय खानेपानी तथा सरसफाईको सेवा सुविधा विस्तार गरी उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने । |
| सम्झौता मिति | २८ डिसेम्वर २०१७ |
| आयोजनाको अवधि | क्रमागत (वहुवर्षिय आयोजना) |
| वित्तिय स्रोत | नेपाल सरकार, स्थानिय तह, नगर विकास कोष र उपभोक्ता संस्था |
| आयोजना संचालन हुने शहरहरु | हालसम्म छनौट भएका खानेपानी आपूर्ति निर्माण आयोजनाहरु :<br>नारायणपुर, विजयनगर, पर्सा, बेनी, विन्दवासिनी, कपासेटार दुलेगौडा, बाग्लुङ्ग, लेखनाथ, बेशीशहर |
| आ.व. २०७५।७६ सम्मको अवस्था | • कुल स्वीकृत रकम– रु. ३० करोड ३६ लाख<br>• कोष बाट कूल लगानी रकम– १५ करोड ५१ लाख<br>• स्वीकृत आयोजना संख्या: ९ वटा<br>• सम्पन्न आयोजना संख्या: १ वटा<br>• चालु आयोजना संख्या: ८ वटा |

## २.४ मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना (STIUEIP)

### आयोजनाको अवधारणा



नेपालको औधोगिक क्षेत्रका रुपमा रहेका र व्यापारिक क्रियाकलाप अझ विस्तार हुने रणनीतिक क्षेत्रका नगरपालिकाहरुको आधारभूत पूर्वाधारहरु(ढल व्यवस्थापन, फोहोर मैला व्यबस्थापन, सडक निर्माण, वातावरणीय सुधारका योजना आदि) निर्माण गरी नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा सहयोग पुर्‍याउदै त्यस क्षेत्रका जनताको सामाजिक तथा आर्थिक सुधार गरी जीवनस्तर वृद्धिमा सघाउ पुर्‍याउने उद्देश्यले एशियाली विकास बैकको वित्तीय सहयोगमा यो आयोजना संचालनमा रहेको छ ।

यस आयोजनाको कार्यान्वयन शहरी विकास मन्त्रालय अर्न्तगत शहरी विकास तथा भवन निर्माण विभागमा आयोजना समन्वय कार्यालय (PCO) मार्फत कार्यान्वयन गर्ने गरी र सम्बन्धित नगरपालिका मातहतमा रहने गरी आयोजना कार्यान्वयन एकाई (PIU) र नगर विकास कोषबाट ऋण प्रवाहका साथै आयोजनाको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन हुने गरेको छ ।

मूलतः यो आयोजना शहरी पूर्वाधार निर्माणका लागि वित्तीय स्रोत परिचालन गर्दा पूर्णरुपमा नेपाल सरकारबाट मात्रै कार्यान्वयन नगरी आयोजनाको प्रभाव/प्रतिफल, सेवाप्रवाह, सञ्चालन तथा मर्मत संभारको सुनिश्चितता गरी आयोजनाको प्रकृति अनुसार लागत उठती अवधारणामा आधारित छ । आयोजनाको कुल लागत मध्ये नगरपालिकाको सहभागिता, नगर विकास कोषवाट ऋण र नेपाल सरकारवाट अनुदान सहित जम्मा लागत परिचालन हुने गरी बुटवल, विरगंज, विराटनगर र धुलिखेल, बनेपा र पनौती (काभ्रेभ्याली खानेपानी आयोजना) नगरपालिकाहरुमा सह आयोजनाहरु सञ्चालनमा छन् ।

### लगानी विधि

यस आयोजना अन्तर्गत सञ्चालनका लागि नेपाल सरकार र एशियाली विकास बैंक विच भएको वित्तीय सम्झौता अनुसार १०६ मिलियन अमेरिकी डलर मध्ये  सह-आयोजनाहरुमा नगर विकास कोषबाट ऋण स्वरुप लगानी गर्न ८.७ मिलिएन अमेरिकी डलर  नेपाल सरकार मार्फत  कोषलाई २.५ प्रतिशत वार्षिक व्याज दरमा ८ वर्षको सहुलियत अवधि सहित २३ वर्षका लागि उपलब्ध हुने व्यवस्था रहेको छ ।

त्यसै गरी सह-आयोजनाको प्रकृति अनुसार जम्मा लागतको ८१ प्रतिशत देखि ८४ प्रतिशत सम्म अनुदान नेपाल सरकारले उपलब्ध गराउने, ८ प्रतिशत सम्बन्धित नगरपालिकावाट व्यहोरिने र ८ प्रतिशत देखि ११ प्रतिशत सम्म नगर विकास कोषले ५ प्रतिशत वार्षिक व्याजदरमा ५ वर्षको सहुलियत अवधि सहित २० वर्षका लागि ऋण उपलब्ध गराउने गरी लगानी भएको छ ।

### आयोजनाको अवस्था


यस आयोजना अन्तर्गत सञ्चालित ७ वटा सह आयोजनाहरु मध्ये बुटवल नगरपालिकामा  एउटा  सह-आयोजना रद्द र २ वटा अवरुद्ध भएका छन । वीरगंज र विराटनगरका २ वटा सह आयोजनाहरु लगभग भौतिक रुपमा निर्माण सम्पन्न भई सकेका र बाँकी आयोजना २०१९ डिसेम्बर अन्त सम्ममा सम्पन्न हुनु पर्ने भएता पनि केही आयोजना प्राविधिक रुपमा सम्पन्न हुन बाँकी रहेका छन । यसका लागि यस कोष बाट आ.व.२०७५।७६ को अन्त सम्ममा लगानी हुने गरी रु १ अर्व ३ करोड २५ लाख ऋण स्वीकृत भएको छ भने सो मध्ये रु ९७ करोड ३३ लाख लगानी भएको छ । साथै आ.व.२०७५।७६ मा यस आयोजनामा ३० करोड लगानी गर्ने लक्ष्य राखिएकोमा रु. ११ करोड १२  लाख लगानी भई लक्ष्यको ३७ प्रतिशत प्रगति हासिल भएको छ ।

यस मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजनालाई संक्षेपमा देहाय वमोजिम चित्रण गरिएको छ ।



*फोटो नं. ८ : मझौला शहर एकीकृत शहरी वातावरण सुधार आयोजना (STIUEIP)  अन्तर्गत काभ्रेभ्याली एकीकृत खानेपानी आयोजनाको नव निर्मित जल भण्डारण केन्द्र लगायत अन्य संरचनाहरु*


| आयोजना/कार्यक्रमको नाम | मझौला शहर एकिकृत शहरी वातावरण सुधार आायोजना |
|---|---|
| उद्देश्य | आधारभुत शहरी पूर्वाधारहरु निर्माण गरी नगरपालिकाले उपलब्ध गराउने सेवा प्रभावकारी बनाउन टेवा पुरयाउदै सामाजिक तथा आर्थिक विकास गरी जनताका जीवनस्तर बृद्धि गराउने । |
| आयोजनाको स्वीकृती | १२ जुलाई २०११ |
| आयोजनाको अवधि | डिसेम्बर २०१९ |
| वित्तिय स्रोत | ऋण – एशियाली विकास बैंक ADB |
| प्रमुख आयोजनाहरु | • खानेपानी सुधार–बनेपा, धुलिखेल र पनौती नगरपालिका<br>• ढल र सडक सुधार –विराटनगर, विरगंज<br>• फोहर मैला व्यवस्थापन– विरगंज, बुटवल |
| आ.व. २०७५।७६ सम्मको आयोजनाको अवस्था | कुल ऋण स्वीकृत रु. १ अर्व ७ करोड ७७ लाख<br>ऋण लगानी– रु. ९७ करोड ३३ लाख<br>ऋण असुली– ८५ प्रतिशत<br>आयोजना संख्या: ७ वटा<br>सम्पन्न आयोजना भौतिक रुपमा ९५ प्रतिशत |




नक्शा नं. ४ : मझौला शहर एकीकृत शहरी वातावरण सुधार आायोजना (STIUEIP) र एकीकृत शहरी विकास आयोजना (IUDP) अन्तर्गत बिभिन्न शहरी पुर्वाधार सम्वन्धी आयोजनाहरु सचालन गर्ने सहभागी नगरपालिकाहरु

## २.५ एकीकृत शहरी विकास आयोजना (IUDP)

### आयोजनाको अवधारणा



शहरी विकासका पूर्वाधारहरु एकीकृत रुपमा निर्माण गरी पूर्णरुपमा आधारभुत सेवाहरु (खानेपानी, ढल व्यवस्थापन, फोहोर मैला व्यबस्थापन, सडक सुधार/विस्तार, वातावरणीय सुधार आदि) प्रदान गर्ने अवधारणा अनुसार औधोगिक क्षेत्रका रुपमा रहेका र व्यापारिक क्रियाकलाप अझ विस्तार हुने रणनितिक क्षेत्रका नगरपालिकाहरुमा सहयोग पुर्‍याउदै त्यस क्षेत्रका जनताहरुको सामाजिक तथा आर्थिक सुधार गरी जीवनस्तर वृद्धिमा सघाउ पुऱ्याउनु रहेको छ ।

यस आयोजनाको कार्यान्वयन शहरी विकास मन्त्रालय अर्न्तगत शहरी विकास तथा भवन निर्माण विभागमा आयोजना समन्वय कार्यालय (PCO) मार्फत कार्यान्वयन गर्ने गरी सम्बन्धित नगरपालिका मातहतमा आयोजना कार्यान्वयन एकाई (PIU) रहने गरी आयोजना कार्यान्वयन भई रहेको छ । आयोजना कार्यान्वयनमा कोषको भूमिका ऋण प्रवाहका साथै अनुगमन तथा मूल्याङ्कन गर्ने कार्य समेत रहेको छ ।

मुलतः यस आयोजनामा शहरी पूर्वाधार निर्माणका लागि वित्तीय स्रोत परिचालन गर्दा पूर्णरुपमा नेपाल सरकारबाट मात्रै कार्यान्वयन नगरी आयोजनाको प्रभाव, प्रतिफल, सेवा प्रवाह, सञ्चालन तथा मर्मत संभारको सुनिश्चितता गरी आयोजनाको प्रकृति अनुसार लागत उठती अवधारणा अनुसार आयोजनाको कुल लागत मध्ये नगरपालिकाको सहभागिता, नगर विकास कोषवाट ऋण र नेपाल सरकारवाट अनुदानवाट गरी जम्मा लागत परिचालन हुने गरी नेपालगंज, धरान, जनकपुर, सिद्धार्थनगर नगरपालिकाहरुमा एकीकृत शहरी विकास सञ्चालनमा छन् ।

### लगानी विधि

यस आयोजना अर्न्तगत सञ्चालनका लागि नेपाल सरकार र एशियाली विकास बैंक बीच भएको वित्तीय सम्झौता अनुसार २८.४ मिलियन एस.डि.आर. ऋण र १२ मिलियन एस.डि.आर. अनुदान मध्ये तोकिएको लगानी विधि अनुसार सह-आयोजनाहरुमा नगर विकास कोषबाट ऋण स्वरुप लगानी गर्न ८.५९ मिलिएन एस.डि.आर. नेपाल सरकारबाट यस कोषलाई २ प्रतिशत वार्षिक व्याज दरमा ८ वर्षको सहुलियत अवधि सहित २३ वर्षका लागि उपलब्ध भएको छ ।

त्यसै गरी सह-आयोजनाको प्रकृति अनुसार जम्मा लागतको ५० प्रतिशत देखि ८० प्रतिशत सम्म अनुदान नेपाल सरकारले उपलब्ध गराउने, ५ प्रतिशत देखि १५ प्रतिशत सम्म सम्बन्धित नगरपालिकावाट ब्यहोरिने र १५ प्रतिशत देखि ३५ प्रतिशत सम्म नगर विकास कोषले ५ प्रतिशत वार्षिक व्याजदरमा ५ वर्षको सहुलियत अवधि सहित २० वर्षका लागि ऋण उपलब्ध गराउने गरी लगानी हुने प्रावधान रहेको छ ।



*फोटो नं. ९ : एकिकृत शहरी विकास आयोजना अन्तर्गत नेपालगञ्ज उप-नगरपालिकामा निर्माण सम्पन्न भई संचालनमा आएको फोहोर मैला प्रशोधन केन्द्र*

## आयोजनाको अवस्था

यस आयोजना अन्तर्गत सञ्चालित सह-आयोजनाहरु सन् २०१२ मे ८ मा नेपाल सरकार र एशियाली विकास बीच वित्तीय सम्झौता भई कार्यान्वयनमा छन् । नेपालगंज, धरान, जनकपुर र सिद्धार्थनगरमा सञ्चालित ६ वटा आयोजनाहरु मध्येबाट नेपालगंज तथा सिद्धार्थनगरका आयोजना सम्पन्न भएका छन् । सिद्धार्थनगर नगरपालिकाको एकीकृत फोहर मैला व्यवस्थापन आयोजना अबरुद्ध भएको र बाँकी आयोजना २०१९ डिसेम्बर भित्रमा सम्पन्न गर्नुपर्ने भएता पनि प्राविधिक कारणले ढिलाई हुन गएको छ ।

आ.व. २०७५।७६ को अन्त सम्ममा आयोजनाको कुल लागत मध्ये कोषका तर्फबाट ऋण लगानी स्वीकृत रु. १ अर्व १३ करोड २९ लाख भएको छ भने जम्मा रु. १ अर्व ४ करोड ४७ लाख लगानी भएको छ । त्यसै गरी आ.व. २०७५।७६ मा २८ करोड ७० लाख ऋण लगानी गर्ने लक्ष्य राखिएकोमा रु. २४ करोड २४ लाख लगानी भई लक्ष्यको ८४ प्रतिशत प्रगति हासिल भएको छ ।

## उपलब्धी

यस कार्यक्रमबाट सहभागी नगरपालिकाहरुको खानेपानी, ढल व्यवस्थापन, फोहोर मैला व्यबस्थापन, सडक सुधार/विस्तार, वातावरणीय सुधार जस्ता सामाजिक पूर्वाधारको विकास भई नगरपालिकाहरु आधारभूत सेवा प्रदान गर्न सक्षम भएका छन् । वर्षौ देखि खानेपानीका आधारभूत सेवाको सहज पहुँच पाउन नसकेका धरानका स्थानीय वासिन्दाहरु यस आयोजना अन्तर्गत निर्मित खानेपानी आपूर्तिको व्यवस्थापनबाट लाभान्वित भएका छन् । यद्यपि धरानमा पूर्णरुपमा आयोजनाको अवधारणा अनुसार संचालन हुन केही ढिलाई भएको छ ।

संक्षेपमा यस एकीकृत शहरी विकास आयोजनालाई देहाय बमोजिम चित्रण गरिएको छ :

| आयोजना/कार्यक्रमको नाम | एकीकृत शहरी विकास आयोजना |
|---|---|
| उद्देश्य | नगर क्षेत्रमा सुधारिएको पूर्वाधारहरु, सडक सुधार, खानेपानी, ढल व्यबस्थापन आदिको निर्माण गरी नगरपालिकाले प्रभावकारी सेवा प्रदान गर्नका लागि टेवा पुर्‍याउने । |
| आयोजनाको स्वीकृती | १५ अक्टुवर २०१२ |
| आयोजनाको अवधि | ३१ डिसेम्बर २०१९ |
| वित्तिय स्रोत | ऋण – एशियाली विकास बैंक |
| प्रमुख आयोजनाहरु | • सतह ढल निर्माण, शहरी सडक व्यवस्थापन– नेपालगंज, सिद्धार्थनगर, जनकपुर<br>• खानेपानी व्यवस्थापन–धरान<br>• फोहर मैला व्यवस्थापन– नेपालगंज, सिद्धार्थनगर |
| आयोजना/कार्यक्रमको कूल लागत | कुल ऋण स्वीकृत: रु. १ अर्व १३ करोड २९ लाख<br>ऋण लगानी– रु.१ अर्व ४ करोड ४७ लाख<br>ऋण असुली– -<br>आयोजना संख्या: ६ वटा<br>सम्पन्न आयोजना संख्या : भौतिक रुपमा ९५ प्रतिशत सम्पन्न |



*फोटो नं. १० : एकिकृत शहरी विकास आयोजना अन्तर्गत नेपालगञ्ज उप-नगरपालिकामा एकिकृत फोहोर मैला व्यवस्थापनको लागि हालै निर्माण सम्पन्न भएको स्यानटरी ल्याण्डफिल साईट*

## २.६ शहरी पूर्वाधार विकास आयोजना (Urban Infrastructure Development Project -UIDP)

### आयोजनाको अवधारणा

नेपालमा बृद्धि भैरहेको शहरीकरण तथा सोका कारण माग हुन गएको शहरी पूर्वाधार एवं सेवा सुविधाहरुको विकासका लागि अत्यन्त ठूलो लगानीको आवश्यकता देखिएको छ । कोषले विगत ३० वर्ष देखि नगरपालिकाहरुको पूर्वाधारको विकासमा गरेको अनुदान तथा ऋण परिचालनको क्षेत्रमा आर्जन गरेको अनुभवका आधारमा कोषले वैदेशिक स्रोतहरु परिचालन गर्दै आएता पनि यस उप्रान्त नेपाल सरकारको स्रोतबाट मात्र व्यहोरिने गरी यस आयोजना कार्यान्वयनमा आएको छ। यसका लागि शुरुवाती रुपमा आ.व.२०७५।७६ मा रु. १ अर्ब बजेट कोषलाई ऋणका रुपमा विनियोजन भएको छ ।

यस कार्यक्रममा विशेषगरी नगरपालिकाको वित्तिय अवस्था सुदृढ गराउन तथा स्थानीय आर्थिक विकासलाई सहयोग पुऱ्याउने आयोजनाहरुमा दिर्घकालिन ऋण परिचालन गर्ने रणनीति रहेको छ। यसरी गरिने ऋणलाई चुस्त र प्रभावकारी गर्नका लागि कोषले आयोजनाको छनौट, कोष र नगरपालिकामा आयोजना कार्यान्वयनको संरचना, कोषको आयोजना विकास (Project Development) र आयोजना लेखाजोखा (Project Appraisal) को प्रष्ट व्यवस्था, आयोजना अनुगमन तथा सुपरभिजनको प्रभावकारी व्यबस्था सहित ऋण लगानी तथा असुलीको नीति र विशिष्ट सञ्चालन प्रकिया (Standard Operating Procedure -SOP) को व्यबस्था गरिएको छ ।

### कार्यक्रमको उद्देश्य

क) नगरपालिकाहरुमा सामाजिक तथा आर्थिक पूर्वाधारको विकासमा दिर्घकालिन ऋण परिचालन गर्ने ।

ख) आयमूलक आयोजनाहरुमा ऋण परिचालन गरी नगरपालिकाहरुलाई वित्तिय रुपमा सक्षम बनाउने ।



*फोटो नं. ११: शहरी पूर्वाधार विकास आयोजना अन्तर्गत लालबन्दी नगरपालिकामा निर्माणाधिन व्यापारिक भवन*

ग) नगरपालिकाहरुलाई वित्तिय रुपले सक्षम आयोजनाको पहिचानका लागि प्राविधिक, आर्थिक, वित्तीय, सामाजिक, वातावरणीय, विपद् व्यवस्थापन तथा कानूनी पक्षको मूल्याङ्कनमा प्राविधिक सहयोग प्रदान गर्ने ।

### लगानी विधि

यस कार्यक्रम अन्तर्गत संचालन हुने शहरी पूर्वाधारका आयोजनाहरुको निर्माण तथा संचालनार्थ प्रवाह हुने ऋण कोषको ऋण/अनुदान लगानी नीति (TDF's Financing Policy)" तथा सो अनुरुप स्वीकृत निर्देशिका (TDF's Investment Guideline) वमोजिम कोषले ऋण लगानी परिचालन गर्नेछ ।



*फोटो नं. १२ : नगर विकास कोषबाट हालै ऋण लगानीको लागि स्वीकृत भएको इलाम नगरपालिकामा निर्माण हुने बाल उद्यानको अवधारणा प्रारुप*

यसरी ऋण लगानी आयोजनाको क्षेत्र अनुसार अधिक्तम ९० प्रतिशत सम्म र सम्बन्धित नगरपालिकाले कम्तिमा १० प्रतिशत म्याचिङ फण्ड ब्यहोर्ने गरी कोषबाट प्रवाह हुने ऋण लगानी बढीमा ३ वर्षको सहुलियत अवधि सहित जम्मा १०–२० वर्षका लागि ८ प्रतिशत ब्याज दरमा हुने प्रावधान रहेको छ ।

### अपेक्षित उपलब्धी

यस कार्यक्रमको कार्यान्वयनबाट देहाय वमोजिमको उपलब्धी हुने अपेक्षा गरिएको छः

क. स्थानीय तहको आर्थिक पूर्वाधार निर्माणमा दिर्घकालिन ऋण परिचालन भई नगरपालिकाको आयस्तरमा बृद्धि हुने ।

ख. शहरी पूर्वाधार सेवा विस्तार हुने ।

ग. आयोजनाका विकास तथा कार्यान्यनमा नगरपालिकाहरुको क्षमता अभिबृद्धि हुने ।

घ. नगरपालिकाहरुको संस्थागत क्षमता तथा निर्णय गर्ने क्षमतामा अभिबृद्धि हुने ।

ङ. नगरपालिकाहरुलाई आयोजनाको विकासका लागि प्राविधिक सहयोग प्राप्त हुने ।

च. नगरपालिकाहरुको ऋण परिचालनवाट आयोजना संञ्चालन गर्न अनुभवमा हुने ।

छ. नगरपालिकाहरुलाई नगर विकास कोषको थप ऋण तथा अनुदान नीतिका सम्बन्धमा जानकारी हुने ।

ज. छोटो समयमा कार्यान्वयन गर्न सकिने, नगरपालिका वा उपभोक्ताबाट सञ्चालन गर्न सकिने, नगरपालिकाको ऋण वहन क्षमताले खाम्न सक्ने तथा दिगो परिणाम दिन सक्ने आयोजना (Sustainable Impact Generating Projects) संचालन गरी नगरपालिकाहरुको आयमा बृद्धि गर्न सघाउ पुग्ने ।

झ. नगर क्षेत्रका सुदायहरुलाई पूर्वाधारका आयोजनाहरुको निर्माणमा संलग्न गराई आयोजनामा अपनत्व बढ्ने ।

ञ. नगर विकास कोषको सेवाग्राहीको संख्यामा बृद्धि हुने ।

ट. नगरपालिकाहरुको आन्तरिक स्रोतको बृद्धि भई दिर्घकालिन ऋण वहन क्षमता अभिबृद्धि ।

**यस शहरी पूर्वाधार विकास आयोजना (UIDP) लाई संक्षेपमा देहाय वमोजिम त्रिचण गरिएको छ ।**


| आयोजना/कार्यक्रमको नाम | शहरी पूर्वाधार विकास आयोजना |
|---|---|
| उद्देश्य | नगरपालिकाहरुको पूर्वाधार विकासमा ऋण परिचालन । |
| वित्तिय स्रोत | नेपाल सरकार, नगरपालिका र नगर विकास कोष |
| आयोजनाका/कार्यक्रम संचालन नगरपालिका | हरिवन, लावबन्दी र बुटवल |
| आ.व. २०७५।७६ सम्मको अवस्था | कुल ऋण स्वीकृत रु. २९ करोड ८९ लाख<br>ऋण लगानी– रु. ६७ लाख<br>आयोजना संख्या: ३ वटा<br>सम्पन्न आयोजना संख्या : ० |


*आ.व.२०७५।७६ मा यस आयोजनामा रु. १ अर्व लगानी गर्ने लक्ष्य राखिएकोमा रु. ६७ लाख लगानी भएको छ ।*



## २.७ दिगो शहरी यातायात कोष (Sustainable Urban Transport Fund)

### अवधारणा





नेपाल सरकार र एशियाली विकास बैंक बीच २६ अक्टोबर २०१० मा "काठमाडौं दिगो शहरी यातायात आयोजना (KSUTP), को लागि Loan No. 2656(NEP-SP) र Grant No. 0212-NEP(SP) अन्तर्गत शहरी यातायातलाई दिगो रुपमा व्यवस्थापन र संचालन गर्न एशियाली विकास बैंक र विश्व बातावरण सुबिधा (GEF) को अनुदान मार्फत परिक्षण रुट (एस-५: गोंगबु देखि सिनामंगल सम्म) मा न्यून प्रदुषणयुक्त सार्बजनिक यातायात सेवा संचालन गर्न नगर विकास कोष मार्फत श्री दिगो सार्बजनिक यातायात प्रा. लि., सार्वजनिक यातायात सेवा प्रदायक कम्पनी (Special Purpose Vehicle), लाई आयो जनाको अवधारणा अनुरुप अनुदान तथा ऋण प्रवाह गरी सो सार्वजनिक यातायात सेवा संचालनको सफल परीक्षण गरिएको छ। उक्त रुटमा यस अघि संचालनमा रहेका प्रदुषणयुक्त २६ वटा माइक्रो बस तथा ३५ वटा सफा टेम्पोहरुलाई बिस्थापित गरी १७ वटा न्यून प्रदुषणयुक्त बसहरु मिति २८ श्रावण २०७५ बाट संचालनमा आइसकेका छन्। सेवा प्रदायक बस कम्पनीले सार्बजनिक यातायात बिभागसंग सेवा सम्बन्धी सम्झौता अनुरुप नागरिकहरुलाई उत्कृस्ट सार्बजनिक यातायात सेवा प्रदान गर्दै रहेको छ।



*फोटो नं. १३ : नगर विकास कोषको ऋण सहयोगमा बस सेवा प्रदायक कम्पनी दिगो सार्बजनिक यातायात प्रा. लि. मार्फत काठमाडौंको गोंगबु देखि सिनामंगल सम्म को एस-५ परिक्षण रुटमा २८ श्रावण, २०७५ देखि सफलताका साथ संचालनमा रहेको न्यून प्रदुषणयुक्त सार्बजनिक यातायात सेवा*

यस अतिरिक्त, नगर विकास कोषबाट लगानी भएको ८०% ऋण रकमको त्रिपक्षीय सम्झौता अनुरुप Escrow Account मार्फत नियमित रुपमा मासिक साँवा ब्याज असुल भई रहेको छ। साथै दिगो सार्वजनिक यातायात (चक्रिय) कोषको अवधारणा अनुरुप असुल भएको सावाको सत्प्रतिशत तथा ब्याजको ६०% बाट नगर विकास कोष अन्तर्गत छुट्टै दिगो सार्वजनिक यातायात कोष' स्थापना भएको छ। उक्त कोष मार्फत भविष्यमा थप लगानी गर्दै नेपाल राज्य भित्र दिगो यातायात व्यवस्थालाई समय सापेक्ष बैज्ञानिक र सहज हुने गरी विकास गर्दै लैजाने उद्देश्य रहेको छ। यसको लागि नगर विकास कोष बाट सार्वजनिक यातायात सम्बन्धी विभिन्न प्रकारको आयोजनाको पूर्व-सम्भाव्यता अध्ययनहरु भैरहेका छन्। जस मध्ये, काठमाडौंको चक्रपथमा बिद्युत्तीय बस सेवा (eBRT) संचांलन गर्ने योजना रहेको छ।

## २.८ नगर विकास कोष र अन्तर्राष्ट्रिय संघ संस्थाको सहकार्यमा संञ्चालित कार्यक्रमहरु

### २.८.१ नेपाल उर्जा दक्षता कार्यक्रम-तेस्रो चरण (Nepal Energy Efficiency Programme-III Phase)


#### कार्यक्रमको अवधारणा

नेपालको राष्ट्रिय लक्ष्यको रुपमा रहेको ऊर्जा दक्षता कार्यक्रम हाम्रो जस्तो विकासोन्मुख देशका नागरिकहरुको दैनिक जन-जीवनमा, कलकारखानाहरुमा तथा सार्वजनिक पुर्वाधारहरुमा प्रयोग हुने उर्जा खपतमा कमि ल्याउने र भएका उर्जाको उच्चतम ढंगले सहि उपयोग गर्नु रहेको छ। यस कार्यक्रम मार्फत नगरपालिका तथा अन्य सार्वजनिक स्वमित्वका पुर्वाधारहरु जस्तै खानेपानी आयोजना, सिंचाई आयोजना, सडक वत्ति, सिटि हल, अस्पताल, कार्यालय भवन लगाएतका आयोजनाहरु तर्जुमा गर्ने चरण देखि नै उर्जा दक्षताको अवधारण समाबिष्ट हुन आवश्यक रहेको छ । यस अवधारणाले गर्दा परम्परागत भन्दा न्यून संचालन तथा मर्मत खर्च लाग्ने र आयोजनाको दिगोपन र सेवा विस्तारमा मद्दत पुग्ने देखिन्छ ।

यसै सन्दर्भमा, नेपाल सरकार र संघीय गणतन्त्र जर्मनी सरकार बीचको दुईपक्षीय सम्झौता बमोजिम नेपालमा ऊर्जा दक्षता प्रबर्द्धन गर्न सन् २०१० देखि नेपाल ऊर्जा दक्षता कार्यक्रम संचालनमा रहेको छ। नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय मातहत संचालनमा रहेको सो कार्यक्रमको दोस्रो चरण देखि नै सार्वजनिक पुर्वाधारहरुमा उर्जा दक्षताको बजार प्रबर्द्धन गर्ने उद्देश्यका साथ नगर विकास कोष आबद्ध रहदै आएको छ। हाल नेपाल ऊर्जा दक्षता कार्यक्रमको तेस्रो चरणमा समेत सो कार्यक्रमको कम्पोनेन्ट-३ अन्तर्गत सार्वजनिक पुर्वाधारहरुमा उर्जा दक्षताको बजार प्रबर्द्धन र सेवा विस्तार गर्ने उद्देश्यका साथ नगर विकास कोषको लगानी रहेका र अन्य सार्वजनिक आयोजनमाहरुमा ऊर्जा दक्षता सम्बन्धी विभिन्न कार्यक्रम संचालन भैरहेका छन् ।

#### कार्यक्रमको उद्देश्य

नगर विकास कोषबाट ऋण लगानी भएका सार्वजनिक पूर्वाधारहरुमा ऊर्जा दक्षताको बजार प्रवर्द्धन लगायत किफायति र दक्षताका साथ ऊर्जाको प्रयोग गरि आयोजनाको संचालन खर्चलाई कटौती गर्ने र वातावरण संरक्षणमा समेत मद्दत पुऱ्याउने यस आयोजनाको मुख्य उद्देश्य रहेको छ ।




नक्शा नं. ५ : नेपाल उर्जा दक्षता कार्यक्रम अन्तर्गत GIZ को प्राविधिक सहयोगमा उर्जा दक्षता सम्बन्धी कार्यक्रमका सहभागी संस्थाहरु (१२ वटा नगरपालिका र १२ वटा साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाहरु)

सार्वजनिक पूर्वाधारहरुमा ऊर्जा दक्षताको प्रबर्द्धन तथा विकासको लागि साझेदारी निकायहरु संगको सहकार्यमा ऊर्जा व्यवस्थापन योजना तयार गरि कार्यान्वयन तह सम्म पुग्ने लक्ष्य लिएको छ ।

## वित्तीय स्रोत साधन

नेपाल सरकार र जर्मनी सरकार बीचको दुईपक्षीय सम्झौता बमोजिम जर्मन प्राविधिक सहयोग (GIZ) को प्राविधिक सहयोगमा कार्यान्वयनका लागि वित्तीय सम्झौता सहित नेपाल उर्जा दक्षता कार्यक्रम सञ्चालन हुँदै आएको छ । नेपालमा ऊर्जा दक्षता प्रवर्धन गर्ने एक प्राविधिक सहयोगको कार्यक्रम हो र यसका लागि नगर विकास कोष लगायत कार्यक्रम कार्यान्वयनमा सहयोगी संस्थाहरु संग GIZ वाट छुट्टाछुटै वित्तीय सम्झौता गरि कार्यक्रम संचालन हुँदै आएको छ ।

## नगर विकास कोष वाट संचालन भएका ऊर्जा दक्षता सम्बन्धी कार्यक्रम

नगर विकास कोष मार्फत सन् २०१८ सेप्टेम्वर १४ देखि संचालनमा आएको यस कार्यक्रमले आफ्नो उद्देश्य बमोजिम NEEP/GIZ को सहकार्यमा विभिन्न कार्यक्रमहरु संचालन हुँदै आईरहेको छ। यस कार्यक्रम संचालन गर्न नगर विकास कोषका पदाधिकारी, कर्मचारी लगायत एक कार्यक्रम संयोजकको संयोजकत्वमा GIZ को तर्फबाट एक Development Advisor र Local Expert सहित छुटै TDF/NEEP desk स्थापना गरि कार्यक्रम संचालन भइरहेको छ ।

पहिलो चरणको कार्यक्रम अन्तरगत १५ सेप्टेम्वर २०१८ देखि २६ मार्च २०१९ सम्म ऊर्जा दक्षता प्रबर्द्धन र क्षमता विकासको अभिप्रायले कोषबाट लगानी भएका सार्वजनिक पूर्वाधारका आयोजनाहरुलाई केन्द्रमा राखि कार्यक्रम संचालन भएको थियो । नीति निर्माण तह देखिनै क्षमता अभिवृद्धि गरी आयोजनमा प्रत्यक्ष सहयोग पुऱ्याउने उद्देश्य अनुरुप नगरपालिकाका नगरप्रमुख/उपप्रमुख तथा खानेपानी आयोजना/उपभोक्ता समितिका अध्यक्ष र पदाधिकारीको सहभागीतामा ऊर्जा दक्षता जागरण कार्यक्रम संचालन गरिएको थियो । सो कार्यक्रममा १२ वटा नगरपालिका तथा १२ वटा खानेपानी आयोजनाका सहभागीहरुले आ-आफ्नो क्षेत्रमा ऊर्जा दक्षता लाई कसरी प्रभावकारी रुपमा संचालन गरी लाभ लिन सकिन्छ भन्ने विषयमा निक्कै उत्सुकता रहेको पाइयो । नयाँ विषय भएतापनि सहभागीहरुबाट ऊर्जा दक्षता कार्यक्रमलाई एउटा महत्वपूर्ण क्षेत्रका रुपमा लिई प्राथमिकताका साथ अवलम्बन गर्न आवश्यक रहेको तथ्य औल्याउनु भयो । सोहि अनुरुप प्रादेशिक तहमा खानेपानी आयाजना/उपभोक्ता समितिका पदाधिकारी तथा प्राविधिक र नगरपालिकाका योजना शाखा तथा प्राविधिक लाई ऊर्जा दक्षता सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको थियो। धरान, हेटौडा, पोखरा, बुटवल र धनगढी गरि पाँच स्थानमा संचालन गरिएको सो कार्यक्रममा ६० वटा खानेपानी आयोजना तथा १८ नगरपालिकाका १२६ जना भन्दा बढी जनप्रतिधि तथा कर्मचारीहरुको सहभागितामा ऊर्जा दक्षता विषयमा छलफल भएको थियो। यसका अतिरिक्त खानेपानी आयोजनाका व्यवस्थापक, प्राविधिक कर्मचारी,



*फोटो नं. १४: नगरपालिका तथा खाने पानी उपभोक्ता संस्थाका पदाधिकारीलाई उर्जा दक्षता सम्बन्धी प्रशिक्षण कार्यक्रम पश्चात प्रमाण पत्र वितरण गर्नुहुदै नगर विकास कोषका कार्यकारी निर्देशक र GIZ NEEP का प्रमुख प्राविधिक सल्लाहकार Mr. Frank Boemer*

नगरपालिकाका इन्जिनियर तथा प्राविधिक कर्मचारीलाई ऊर्जा अडिट तथा ऊर्जा व्यवस्थापन योजना सम्बन्धी तालिम कार्यक्रम संचालन भएको थियो। यस किसिमको सहभागितामूलक तालिमबाट आगामी दिनमा हुने ऊर्जा अडिट र ऊर्जा व्यवस्थापन योजना तयारीमा सहयोग पुग्ने र तयार पारिएको योजनाको सफलताका साथ कार्यन्वयन हुने अपेक्षा राखिएको छ।



*फोटो नं. १५: उर्जा दक्षता सम्बन्धी अभिमूखीकरण कार्यशाला गोष्ठीमा सहभागीहरु बीच छलफल हुदै*



*फोटो नं. १६: नगर विकास कोषबाट लगानी भएको खानेपानी आयोजनामा उर्जा अडिटको परिक्षण भइरहेको*

**सम्पन्न भएका विभिन्न ऊर्जा दक्षता तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरु :**

| क्र.स. | कार्यक्रमहरु | सहभागीता | उपलब्धिहरु |
|---|---|---|---|
| १ | नगरपालिकाका प्रमुख तथा खानेपानी आयोजनाका अध्यक्षहरुका लागि ऊर्जा दक्षता सम्वन्धि अभिमुखिकरण कार्यक्रम | नगरपालिका - १२ वटा, खानेपानी आयोजना/उपभोक्ता समिति - १२ वटा (महिला-४, पुरुष-८) | ऊर्जा दक्षता सम्बन्धी अभिमूखिकरण मार्फत सोको उपादयता महसुस |
| २ | प्रादेशिक तहमा नगरपालिका तथा खानेपानी आयोजनाका कर्मचारी तथा पदाधिकारीलाई आयोजित ऊर्जा दक्षता सम्बन्धी अभिमुखिकरण गोष्ठी कार्यक्रम | नगरपालिका - १८ र खानेपानी आयोजना/उपभोक्ता समिति - ६० वटा (महिला-९, पुरुष-११७ गरि जम्मा १२६ जना) सहभागीहरु | ऊर्जा दक्षताको आवश्यकता महसुस र योजना तयारीमा उर्जा दक्षताको अवधारणा समावेश गर्दै लैजाने |
| ३ | खानेपानी आयोजनाका व्यवस्थापक तथा प्राविधिक कर्मचारीहरुलाई ऊर्जा अडिट तथा ऊर्जा व्यवस्थापन योजना सम्बन्धी तालिम कार्यक्रम | आयोजना/उपभोक्ता समिति - १८ वटा (महिला-१, पुरुष-३१ गरि जम्मा ३२ जना) सहभागीहरु | ऊर्जा दक्षता, उर्जा अडिट र ऊर्जा व्यवस्थापन कार्ययोजनाको उपादयता महसुस भई कार्यन्वयनको चरणमा सहयोग पुग्ने |
| ४ | नगरपालिकाका इन्जिनियर तथा प्राविधिक कर्मचारीहरुलाई ऊर्जा अडिट तथा ऊर्जा व्यवस्थापन कार्ययोजना सम्बन्धी तालिम कार्यक्रम | ११ वटा नगरपालिकाहरुबाट प्रतिनिधित्व गर्दै १४ जना सहभागी | ऊर्जा दक्षता, उर्जा अडिट र ऊर्जा व्यवस्थापन कार्ययोजनाको उपादयता महसुस भई कार्यन्वयन चरणमा सहयोग पुग्ने |
| ५ | सार्वजनिक पुर्वाधारमा ऊर्जा अडिट सम्वन्धि ऊर्जा अडिटरहरुलाई पुनर्ताजगी प्रशिक्षण कार्यक्रम | १६ जना दक्ष तालिम प्राप्त ऊर्जा अडिटरहरुलाई पुनर्ताजगी प्रशिक्षण कार्यक्रम | सार्वजनिक पुर्वाधारमा ऊर्जा अडिट गर्न सक्षम भएको |

## ऊर्जा दक्षता परिक्षण सम्वन्धि कोषमा रहेका प्राविधिक उपकरणहरु (Energy Audit Equipment)

नगर विकास कोषमा हाल NEEP/GIZ को सहयोगमा देहाय बमोजिम प्राविधिक उपकरणहरु (Energy Audit Equipment) रहेको र आवश्यकता अनुरुप सो उपकरणहरुको प्रयोग गरि बढी भन्दा बढी प्रतिफल हासिल गर्ने लक्ष्य लिएको छ ।

| क्र.स. | विवरण | प्रयोग |
|---|---|---|
| १ | Three Phase Electrical Data Logger | विद्युतिय उपकरणहरुको विद्युतिय अवस्था मापन तथा परीक्षण |
| २ | Portable Single and Three Phase Clamp Meter | विद्युतिय उपकरणहरुको विद्युतिय अवस्था मापन तथा परीक्षण |
| ३ | Infrared Thermometer | उपकरणहरुको तापक्रम मापन तथा परीक्षण |
| ४ | Ultrasonic Flow Meter | Ultrasonic माध्यमबाट हावा र तरल पदार्थको वहाव मापन तथा परीक्षण |
| ५ | Digital Lux Meter | प्रकाशको अवस्था मापन तथा परीक्षण |
| ६ | Laser Distance Meter | दुरी मापन तथा क्षेत्रफलको मापन तथा परीक्षण |
| ७ | Indoor Air Quality Meter | हावामा रहेको शुद्धिकरण परीक्षण |
| ८ | Humidity and Temperature Indicator | आद्रता (Humidity) र तापक्रम मापन तथा परीक्षण |
| ९ | Anemometer | वायुको गति मापन तथा परीक्षण |

आगामी दिनमा सो उपकरणहरुको प्रयोग सम्बन्धित प्राविधिकहरुले नै प्रयोग गर्न सक्ने गरि क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिने लक्ष्य समेत लिइएको छ ।

संक्षेपमा यस नेपाल ऊर्जा दक्षता कार्यक्रमलाई देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | नेपाल उर्जा दक्षता कार्यक्रम - तेस्रो चरण |
|---|---|
| उद्देश्य | सार्वजनिक पुर्वाधारहरुमा ऊर्जा दक्षताको बजार प्रबर्द्धन तथा विकास |
| सम्झौता मिति | पहिलो सम्झौता सन् २०१८ सेप्टेम्वर १४ |
| आयोजनाको अवधि | सन् २०१८ सेप्टेम्वर देखि नोबेम्बर २०२० सम्म |
| वित्तिय स्रोत | संघीय गणतन्त्र जर्मनी सरकार (BmZ)-जर्मन प्राविधिक सहयोग (GIZ) |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका/खानेपानी उपभोक्ता संस्था | • नगरपालिकातर्फ: भिमदत्त, धनगढी, नेपालगंज, बुटवल, सिद्धार्थनगर, पोखरा, भद्रपुर, धुलिखेल, बीरगञ्ज, बिराटनगर, धरान, र बीरेन्द्रनगर ।<br>• खानेपानी उपभोक्ता संस्थाहरुतर्फ: अत्तरिया, तुल्सीपुर, लेखनाथ, सल्यान, कावासोती, मेघौली, गोरखा, पर्सा, ईटहरी, बिर्तामोड, र धनकुटा । |
| आयोजना/कार्यक्रमको कूल लागत | रु ७७,७३,८५०.०० |
| आ.ब. २०७५।७६ सम्मको प्रगति | वित्तीय प्रगति :४१, ९२,३१०.००<br>भौतिक प्रगति : ८६% |

## २.८.२ संयुक्त राष्ट्र पूँजी विकास कोष संगको सहकार्य (United Nations Capital Development Fund-UNCDF Cooperation)

### कार्यक्रमको अवधारणा

नेपालको संबिधान २०७२ अनुसार नेपाल संघीय संरचनामा प्रवेश गरेको छ। २०७४ बैशाखमा सम्पन्न भएको स्थानीय तहको निर्वाचन मार्फत स्थानीय तहमा झन्डै २ दशक पश्चात जनप्रतिनिधिहरु निर्वाचित भएको नयाँ परिवेशमा स्थानीय तह/नगरपालिका र नगर विकास कोष समेतको वित्तीय व्यवस्थान क्षमता विकास गरी पुर्वाधार बिकासका लागि पुँजीगत लगानीका विभिन्न नविनतम बिधिहरु अबलम्बन गर्नका निमित्त नगर विकास कोष र संयुक्त राष्ट्र पूँजी विकास कोष (UNCDF) बीच आवश्यक सहकार्यको लागि मिति २५ मंसीर २०७४ (11 December 2017) मा समझदारी भएको थियो। यस कार्यक्रम अन्तर्गत संयुक्त राष्ट्र संघ पूँजी विकास कोषको प्राविधिक सहयोगमा नगर विकास कोष तथा सहभागी १५ वटा नगरपालिकाहरुको वित्तीय व्यवस्थापन र क्षमता अभिबृद्धि गरी पूर्वाधार विकासका लागि पूँजीगत लगानीका विभिन्न नविनतम विधिहरु अवलम्वन गरिनेछ।

### कार्यक्रमको उद्देश्य

सहभागी १५ वटा नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय व्यवस्थापन र क्षमता अभिबृद्धि गरी पूर्वाधार विकासका लागि पूँजीगत लगानीका विभिन्न नविनतम विधिहरु अवलम्बन गर्ने।



*फोटो नं. १७: UNCDF को आयोजनामा तमिलनादु शहरी विकास कोष (TNUDF) को चेन्नाइ, भारत स्थित मुख्यालयमा नविनत्तम पूर्वाधार लगानीका विषयको छलफलमा सहभागी हुँदै नगर विकास कोषको प्रतिनिधि मण्डल*

संक्षेपमा यस संयुक्त राष्ट्र पूँजी विकास कोष संगको सहकार्य कार्यक्रमलाई देहाय वमोजिम चित्रण गरिएको छ ।

| आयोजना/कार्यक्रमको नाम | संयुक्त राष्ट्र पूँजी विकास कोष संगको सहकार्य (United Nations Capital Development Fund –UNCDF Cooperation) |
|---|---|
| उद्देश्य | सहभागी नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय व्यवस्थान तथा क्षमता अभिबृद्धि गरी पूँजीगत लगानीका नविनतम बिधि अपनाउने । |
| सम्झौता मिति | ११ डिसेम्बर २०१७ |
| आयोजनाको अवधि | ३१ डिसेम्बर २०२३ |
| वित्तिय स्रोत | संयुक्त राष्ट्र पूँजी विकास कोष (UNCDF) र नगर विकास कोष |
| आयोजना संचालन हुने नगरपालिकाहरु | १५ वटा नगरपालिकाहरु (भद्रपुर, मेचीनगर, इटहरी, धरान, हेटौडा, तानसेन, बुटवल, तुल्सीपुर, धनगढी, भीमदत्त, विरेन्द्रनगर, गोर्खा, जनकपुर, हरिवन र धुलिखेल ) |
| आयोजना/कार्यक्रमको कूल लागत | UNCDF को तर्फबाट प्राविधिक सहयोग |
| आ.ब. २०७५।७६ सम्मको प्रगति | १) नगरपालिकाहरुको Municipal Asset Management Action Plan तयार भएको ।<br>२) PPP मोडेलमा आयोजना कार्यान्वयन गर्नका लागि तयार भएका आयोजनाहरुमा संभाव्यता अध्ययन गराईएको ।<br>३) Non- Grant Financing आयोजनामा लगानी संभाव्यता अध्ययन ।<br>४) पाचँ वटा सहभागी नगरपालिकाहरुको Credit Assessment को काम सम्पन्न भएको । |



*फोटो नं. १८ नगर विकास कोष, UNCDF तथा UN DESA को संयुक्त आयोजनामा Municipal Asset Management Plan तयार पार्नको लागि पोखरामा आयोजित कार्यशाला गोष्ठीका सहभागीहरु*

## २.८.३ नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम

### कार्यक्रमको अवधारणाः

नेपालको संबिधान २०७२ अनुसार मुलुक संघीय संरचनामा प्रवेश गरेको र २०७४ साल बैशाखमा सम्पन्न भएको स्थानीय तहको निर्वाचन मार्फत स्थानीय तहमा झन्डै २ दशक पश्चात जनप्रतिनिधिहरु निर्वाचित भएको नयाँ परिवेशमा स्थानीय तह (नगरपालिका) र नगर विकास कोष समेतको वित्तीय क्षमता विकास गर्ने कार्यक्रमको लागि नगर विकास कोषको तर्फ बाट नेपाल स्थित युरोपियन संघ (Delegation of the European Union to Nepal) को स्थानीय निकाय अनुदान शीर्षक (Local Authorities Thematic Budget Line) अन्तर्गत नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रमको लागि मिति १६ पौष २०७५ (३१ दिसम्बर २०१८) मा नगर विकास कोष र युरोपियन संघ बीच अनुदान सहयोगमा सम्झौता सम्पन्न भएको थियो । हाल यो कार्यक्रम कार्यान्वयनको चरणमा छ ।

### कार्यक्रमको उद्देश्य

नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय क्षमता अभिबृद्धि तथा स्थानीय आर्थिक विकास र जलवायु सम्बर्द्धन गर्ने पूर्बाधार निर्माणाका लागि नविनतम लगानी बिधि अपनाउने ।

### उद्देश्य

(क) नगरपालिकाहरुको दिर्घकालिन रणनीतिक योजनाहरुको विकास तथा अद्यावधिक गर्ने क्षमताको विकास गर्ने ।


(ख) नगरपालिकाहरुको लागि सुधारिएको शहरी पुर्बाधार तथा अन्य सेवाहरुको बिकासको लागि लगानी-योग्य आयोजनाहरुको तयारी गर्न क्षमता विकास गर्ने ।

(ग) नगरपालिकाहरुको समग्र वित्तीय व्यवस्थापन सुधार गर्न नगरपालिकाको क्षमताको विकास गर्ने ।

(घ) नगर विकास कोषमार्फत नगरपालिकहरुमा शहरी पुर्वाधार बिकासका लागी सार्वजनिक नीजि साझेदारी प्रवर्द्धन (PPP) सहित आयोजनाहरुमा पूँजीगत लगानी गर्ने क्षमताको विकास गर्ने ।



*फोटो नं. १९ः युरोपेली संघको अनुदान सहयोगमा संचालन भइरहेको नगरपालिका वित्त व्यवस्थापन क्षमता विकास कार्यक्रम (MFCB) को औपचारिक शुभारम्भ कार्यक्रमलाई Deligation of the European Union to Nepal का तर्फबाट उप प्रमुख Ms. Zane Petre ले सम्बोधन गर्नुहुँदै ।*





नक्शा नं.७ : युरोपेली संघ तथा संयुक्त राष्ट्र पूँजी कोषको प्राविधिक तथा अनुदान सहयोगमा वित्तीय व्यवस्थापन तथा क्षमता विकास (MFCB) कार्यक्रम संचालन भइरहेका नगरपालिकाहरु

| आयोजना/कार्यक्रमको नाम | नगरपालिका बित्त व्यवस्थापन तथा क्षमता विकास (Municipal Finance and Capacity Building) कार्यक्रम |
|---|---|
| उद्देश्य | नगरपालिकाहरु र नगर विकास कोषको वित्तीय क्षमता विकास तथा स्थानीय आर्थिक विकास र जलबायु सम्बर्द्धन गर्ने पुर्बाधार निर्माणाका लागि नविनतम लगानी बिधि अपनाउने । |
| सम्झौता मिति | ३१ दिसम्बर २०१८ |
| आयोजनाको अवधि | फब्रुअरी २०१९ देखि जनवरी २०२३ सम्म |
| वित्तिय स्रोत | डेलिगेसन अफ द युरोपियन युनियन टु नेपाल एवं नगर विकास कोष: |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका | • १५ वटा नगरपालिकाहरु (भद्रपुर, मेचीनगर, इटहरी, धरान, जनकपुर, हरिवन, हेटौडा, धुलिखेल, गोरखा, तानसेन, बुटवल, तुल्सीपुर, बिरेन्द्रनगर, धनगढी र भीमदत्त) |
| आयोजना/कार्यक्रमको कूल लागत | कार्यक्रमको कूल बजेटः यूरो २,११६,६५४२०० <br> (क) डेलिगेसन अफ द युरोपियन युनियन टु नेपालले वेहोर्ने रकमः यूरो १,९९६,१९१ (९४.३१ %) <br> (ख) नगर विकास कोषले वेहोर्ने रकमः यूरो १२०,४६३ (५.६९ %) |
| आ.व. २०७५।७६ सम्ममा आयोजनाको अवस्था | क) कार्यक्रम सम्बन्धी विस्तृत कार्य योजना तयार <br> ख) सामग्रीहरु खरिद भैसकेको <br> ग) आयोजनाका लागि आवश्यक परामर्शदाता छनौट प्राविधिक कारणले पहिलो चरण रद्द भई पुनः छनौट प्रक्रिया कार्यान्वयनमा रहेको |

## २.८.४ हरित जलवायु कोष (Green Climate Fund)

### कार्यक्रमको अवधारणा



हरित जलवायु कोष संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन सम्मेलन (UNFCC) द्वारा निर्देशित एक बहुपक्षिय वित्तीय ईकाई हो । यो कोष विकासोन्मुख राष्ट्रहरुमा हरितगृह ग्याँस उत्सर्जन सीमित वा न्यूनीकरण गर्ने र वातावारणीय दृष्टिले जोखिमयुक्त समुदायहरुलाई जलवायु परिवर्तनका कारणले परेका प्रभावहरु प्रति अभ्यस्त बनाउन सहयोग गर्ने प्रतिबद्धताका साथ सन् २०१० मा स्थापना भएको हो, जसमा नेपाल लगायत १९४ राष्ट्रहरु सदस्य रहेका छन् ।

हरित जलवायु कोषले राष्ट्रहरुको हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकूलन बिकासमा सहयोग गर्ने उद्देश्य लिएको छ। साथै यस कोषले विकासोन्मुख देशहरुले जलवायु परिवर्तन लगानीमा स्वामित्व र जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण कार्यक्रम एवं राष्ट्रिय कार्य योजनामा समायोजन गर्ने प्रयत्नलाई सम्बोधन गर्दछ ।

हरित जलवायु कोषले अनुकुलन र न्यूनीकरणका कार्यक्रमहरुमा सन्तुलन कायम गरी लगानी गर्ने लक्ष्य राखेको छ । यस अन्तर्गत ५० प्रतिशत लगानी बिशेषगरी जोखिमपूर्ण देश जसमा: अतिकम बिकसित मुलुक (LDC), सङटापुयुक्त मुलुक (SIDS) र अफ्रिकी मुलुकमा अनुकुलनका कार्यक्रमहरु लक्षित गरिएको छ ।

हरित जलवायु कोषको शासकीय संयन्त्रले प्रत्येक देशको जलवायु परिवर्तनसंग सम्बन्धित राष्ट्रिय नीति अनुरुपका कार्यक्रममा आर्थिक सहायता प्रदान गर्ने र राष्ट्रिय तहमा साझेदरीपूर्वक सहकार्य हुने कुरा स्पस्ट पारेको छ। यसका लागि सबै विकासोन्मुख देशहरुले एउटा तोकिएको राष्ट्रिय निकाय (NDA) प्रस्तावित गरेका छन्, नेपालको सन्दर्भमा अर्थ मन्त्रालय अन्तर्गत राष्ट्रिय निकाय (NDA) रहेको छ। यसले हरित जलवायु कोषका बीचमा संचारको लागि सम्पर्क बिन्दुको रुपमा रहेर कार्य गर्दछ। यसै अनुरुप नेपालको सन्दर्भमा अर्थ मन्त्रालयले राष्ट्रिय निकाय ( NDA) को रुपमा नेतृत्वदायी भूमिका निर्वाह गरि रहेको छ ।

### कार्यक्रमको उद्देश्य

हरित जलवायु कोषले राष्ट्रहरुको हरित गृह ग्याँस उत्सर्जन न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुल विकासमा सहयोग गर्ने उद्देश्य लिएको छ । साथै यस कोषले विकासोन्मुख देशहरुले जलवायु परिवर्तनमा लगानीमा स्वामित्व र जलवायु परिवर्तन न्यूनीकरण कार्यक्रम एवं राष्ट्रिय कार्ययोजनामा समायोजन गर्ने प्रयत्नलाई सम्बोधन गर्दछ ।

नगर विकास कोषले हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त गरी हरित जलवायु कोषको वित्तीय कोष परिचालन गरी नेपालमा जलवायु परिवर्तन अनुकुलन र न्यूनीकरणका पुर्वाधार बिकासमा लगानी गर्ने लक्ष्य लिएको छ ।

### वित्तीय लगानी

हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) प्राप्त गरी जलवायु परिवर्तन अनुकुलन तथा न्यूनीकरणका पुर्वाधार विकासका लागि नगर विकास कोष मार्फत अनुदान (Grant), सरल ऋण (Concessional Loan) र ग्यारेन्टी (Guarantee) का रुपमा वित्तीय कोष परिचालन गरी एउटा आयोजनाको लागि अमेरिकी डलर ५० देखि २५० मिलियन सम्मको लगानी गर्ने ।

### हाल सम्मको प्रगति:

नगर विकास कोषले हरित जलवायु कोष (GCF) को मान्यता (Accreditation) को लागि तोकिएको ढांचामा बिस्तृत आवेदन प्रकृया (Online Accreditation Process) अगाडी बढाइएको छ। ७ खण्ड को अनलाईन आवेदन फारम, आवश्यक कागजातहरु सहित, पूर्ण रुपमा भरि (upload) आवेदन बुझाउने कार्य सम्पन्न भई GCF बाट प्राप्त पहिलो दुई चरण आवेदन उपरको प्रश्नहरुको उत्तर दिने कार्य प्रकृया सम्पन्न समेत भएको छ । हाल प्रक्रिया बमोजिम GCF लाई आवश्यक शुल्क बुझाउन कोष तयारी अवस्थामा रहेको छ ।

नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय निकाय (NDA) बाट हरित जलवायु कोषको लागि राष्ट्रिय प्राथमिकता अनुसारको आयोजनाहरुको सूचीकरणको निमित्त मिति १५ कार्तिक २०७६, कान्तिपुर, राष्ट्रिय दैनिक पत्रिका मार्फत आब्हान भए अनुसार नगर विकास कोषको तर्फबाट जलवायु अनुकुलन र न्यूनीकरण सम्बन्धी दिगो (बिद्युत्तीय) सार्वजनिक यातायात, उर्जा दक्षता, सौर्य उर्जा, सिमसार (Wetland) संरक्षण तथा व्यवस्थापन, बहुउद्देशीय जल भण्डारण लगायतका विभिन्न ७ वटा आयोजनाहरुको लागि अवधारणा-पत्र (Concept Note) बुझाईएको छ ।

नगर विकास कोषको आफ्नै आन्तरिक स्रोतबाट काठमाडौँको चक्रपथमा बिद्युतीय बस (Electric Bus Rapid Transit – eBRT) सेवाको पूर्व संम्भाब्यता अध्ययन (Pre-feasibility Study)

सम्पन्न गरी बिस्तृत सम्भाब्यता अध्ययनको निमित्त GCF को Project Preparation Facility (PPF) मा पहूँच पुऱ्याउने पहल भइ रहेको छ ।

साथै, GCF को निमित्त आयोजना तयारी (GCF project pipe-line) का लागि GGGI -Global Green Growth Institute, UNCDF, DFID तथा GIZ संग सहकार्य भई रहेको छ ।

| आयोजना/कार्यक्रमको नाम | हरित जलवायु कोषमा सोझै पहुँच प्राप्त गर्ने (GCF Accreditation) |
|---|---|
| उद्देश्य | हरित जलवायु कोष (GCF) मा पहुँच स्थापीत गरी जलवायु अनुकुलन (ADAPTATION) तथा न्यूनीकरण (MITIGATION) तथा जलवायु परिवर्तन थेग्न सक्ने (resilient) सार्वजनिक पूर्वाधारहरुमा लगानी बढाउने । |
| सम्झौता मिति | नेपाल सरकार, अर्थ मन्त्रालय अन्तर्गत रहेको राष्ट्रिय निकाय National Designated Authority-NDA) बाट मिति २०७४/०७/२७ को पत्र मार्फत हरित जलवायु कोष प्राबिधिक समितिको मिति २०७४/०७/१९ को हरित जलवायु कोषको निर्णय अनुसार नगर विकास कोषलाई Direct Access Entity को लागि आवेदन गर्न छनौट गरिएको । |
| वित्तिय स्रोत | हरित जलवायु कोष (GCF) |
| आयोजना/कार्यक्रम संचालन भएको नगरपालिका | कार्यक्षेत्र तोकिएका नगरपालिकाहरुवाट स्वीकृत कार्य क्षेत्रको कार्ययोजना अनुसार कार्यक्रमहरु छनौट गरिने । |
| आयोजना/कार्यक्रमको कूल लागत | एउटा आयोजना अमेरिकी डलर ५० देखि २५० मिलियन अमेरिकी डलर सम्मका आयोजना हुने । |

# ३. संस्थागत विकास तथा जनशक्ति व्यवस्थापन

नगर विकास कोष ऐन, २०५३ को दफा १८ अनुसार कोषको प्रशासकिय प्रमुखको रुपमा दैनिक कार्य सञ्चालन गर्नको लागी समितिले खुल्ला प्रतिष्पर्धाका आधारमा ४ वर्षका निमित्त कार्यकारी निर्देशकको नियुक्ति गर्ने ब्यबस्था अन्तर्गत हाल कोषको कार्यकारी निर्देशक पदमा कार्यरत रहेको अवस्था छ ।

कोषको काम सुचारु रुपले सञ्चालन गर्नको लागि कोषमा आवश्यक संख्यामा कर्मचारीहरु रहने सक्ने ऐनको व्यवस्था अनुसार हाल कोषको स्वीकृत संगठन संरचना अनुसारका दरवन्दीमा प्रशासन, वित्त र प्राविधिक गरी तीन समूहका विभिन्न तहमा आवश्यक संख्यामा स्थायी, सेवा करार र विज्ञ परामर्शदाता कर्मचारीहरु कार्यरत रहेका छन्। कार्यकारी निर्देशक तह विशिष्ट श्रेणी, निर्देशक तह-११ कार्यकारी, प्रवन्धक तह-१० र उप प्रबन्धक तह-९ व्यवस्थापन, वरिष्ठ अधिकृत तह-८, अधिकृत तह-७ र सहायक अधिकृत तह-६ अधिकृत श्रेणी र सो बाहेकका अन्य सहायकमा रहने व्यवस्था कर्मचारी विनियमावलीले गरेको छ ।

कोषमा आयोजना व्यवस्थापन तथा प्राविधिक सहयोग विभाग अन्तर्गत व्यवसाय प्रवर्द्धन तथा योजना विकास, आयोजना अनुगमन तथा सुपरिवेक्षण र प्राविधिक सहयोग तथा परामर्श सेवा गरी तीन महाशाखा रहेका छन्। वित्त तथा मानव संशाधन विभाग अन्तर्गत आयोजना लेखाजोखा, वित्त तथा कोष व्यवस्थापन र मानव संशाधन समेत गरी तीन वटा महाशाखा रहेका छन् । हाल कोषमा जम्मा ५७ दरवन्दी रहेकोमा स्थायी तर्फ २७ र सेवा करार तर्फ ११ पदमा कार्यरत छन् ।

आ.व.०७५।७६ मा कोषमा तह ७ अधिकृत प्राविधिक सेवामा ४ जना, तह ६ प्रशासन सेवामा ३ जना र वित्त सेवामा ३ जना सहायक अधिकृतहरुलाई लोकसेवा आयोग मार्फत स्थायी पदपूर्ति गरिएको छ। यसै गरी कोषका विभिन्न तहमा कार्यरत स्थायी कर्मचारीहरुको कार्यक्षमता मूल्यांकनका आधारमा ८ वटा पदहरुमा बढुवा गरिएको छ ।

यस आर्थिक वर्षमा नगर विकास कोषमा कोषको प्रशासकिय प्रमुखको रुपमा कार्यकारी तह, विशिष्ठ श्रेणीमा १ जना कार्यकारी निर्देशक, विभिन्न सेवाका व्यवस्थापन श्रेणी, तह-९ मा दुई जना उप प्रबन्धक, विभिन्न सेवाका वरिष्ठ अधिकृत तह-८ मा ४ जना, विभिन्न सेवामा अधिकृत स्तर, तह-६ र ७ मा १६ जना र विभिन्न सेवाका सहाय स्तरमा १३ जना गरी जम्मा २७ जना स्थायी रुपमा कार्यत छन साथै श्रेणी विहिन सहयोगी स्तरमा १२ जना सेवा करारमा कार्यरत छन् ।


एशियाली विकास बैंक मार्फत कोषलाई प्राप्त संस्थागत विकास सहयोग अन्तर्गत विभिन्न क्षेत्रका ६ जना विशेषज्ञ कोषमा परामर्श सेवा अन्तर्गत कार्यरत छन् । कोषको समय सापेक्ष संस्थागत विकासका लागि कोषले विभिन्न क्षेत्रका विषय विज्ञको सेवा लिने क्रममा युरोपियन युनियनको वित्तिय सहयोगमा नगरपालिकाहरुका वित्त तथा क्षमता विकास कार्यक्रम अन्तर्गत विभिन्न क्षेत्रका विषय विज्ञको परामर्श सेवा लिने कार्यक्रम रहेको छ । साथै उर्जा दक्षता कार्यक्रम अन्तर्गत दातृ निकायको स्रोतमा वैदेशिक विकास साझेदार को प्राविधिक सेवा लिइएको छ । कोष निगममा रुपान्तरणको क्रममा रहेकाले सो अनुसारको जनशक्ति व्यवस्थापन तथा संगठन संरचनाको लागि कोषले हालै संगठन संरचना सर्वेक्षण Organizational Development लागि परामर्श सेवा लिई आवश्यक कार्य अगाडि बढाईएको छ । आयाजनाको डिपिआर तयार गर्न विशिष्ट परामर्श सेवा लिने व्यवस्था रहेको छ । नगर विकास कोष शहरी पूर्वाधार विकास निगममा रुपान्तरणको क्रममा रहेकोले सो अनुसारको नयाँ निगमको ऐन मस्यौदा तयार भै नेपाल सरकार, अर्थ मन्त्रालय मार्फत नेपाल सरकारको स्वीकृती लिने क्रममा रहेको छ। कोष निगममा स्थापित भए पश्चातको संघीय संरचना अनुसारका तहमा क्षेत्राधिकार सहितका जनशक्ति व्यवस्थापनका लागि मौजुदा जनशक्ति प्रयाप्त नभै थप परिर्वतित अवस्थाका जनशक्तिको खाँचो पर्ने देखिन्छ । संस्थागत विकासका लागि आवश्यक पर्ने तत्वहरु मध्ये जनशक्ति व्यवस्थापन मुख्य रहेका देखिन्छन् ।

## कोषको प्रशासकीय भवन

कोष स्थापनाकाल देखि हाल सम्म भाडामा बस्दै आएकोमा आ.व. २०७४।७५ मा दिब्यश्वरी जग्गा एकिकरण आयोजना थिमि भक्तपुर स्थित ३-४-३-२ जग्गा खरिद गरि उक्त जग्गामा प्रशासकीय भवन निर्माण हुने क्रममा रहेको ।

# नगर विकास कोष

## संगठन संरचना



# ४. कोषको वित्तीय अवस्था

नगर विकास कोष, रु. १ करोड २९ लाख ईक्वीटी वाट थालनी भएको संस्था विभिन्न दातृ निकायहरु तथा नेपाल सरकारको स्रोत परिचालन गर्दै आ.व. २०७५।७६ को अन्त सम्ममा व्यवसाय विस्तार गर्दै ईक्वीटी रु. ५ अर्व ४७ करोड ३० लाख पुगेको छ।

यस कोषले नेपाल सरकार तथा दातृ निकायहरु संग भएका शर्त सम्झौता अनुसार विभिन्न आयोजनाहरुमा अनुदान तथा ऋण लगानी गर्दै आ.व. २०७५।७६ को अन्त सम्ममा ऋण रु. ८ अर्व ७० करोड र अनुदान रु. २ अर्व २१ करोड गरी जम्मा रु. १० अर्व ९१ करोड परिचालन गरेको छ।

यसरी क्रमिक रुपमा लगानीको स्रोत तथा लगानी हुने आयोजनाको क्षेत्र विस्तार गर्दै संस्थागत सुदृढीकरणतर्फ उन्मुख संस्थाको रुपमा कोष अगाडि बढेको छ। फलस्वरुप यसले लगानी गरेको ऋणको असुली र कार्यालय संचालन खर्च व्यवस्थापन प्रभावकारी रुपमा गर्दै आएको छ।

साथै संस्थाको वित्तीय प्रणाली लाई प्रभावकारी बनाउन Accrual Basis मा लेखा प्रणाली अबलम्वन गरी नेपाल वित्तीय प्रतिवेदन प्रणाली Nepal Financial Reporting System (NFRS) लागु गरिएको छ। यस अनुसार कोषले आफ्नो लगानी बृद्धि गरी आय बढाउदै कोषको सफलतापूर्वक कार्यालय संचालन खर्च, नेपाल सरकारको दायित्व भुक्तानी, समयमा ऋण असुली र नेपाल सरकार लाई कर तिरी वार्षिक रुपमा संचिती नाफा बढाउदै गएको छ।

कोषले महालेखा परीक्षकको कार्यालयबाट समयमा लेखा परीक्षण गराई सम्बन्धित निकायहरुमा पेश गर्दै आएको छ भने आ.व. २०७५।७६ को आयोजना तर्फको लेखापरीक्षण सम्पन्न गरी दातृ निकायमा बुझाइ सकेको छ र संस्थाको लेखा परीक्षण अन्तिम चरणमा रहेको छ।

## ४.१ वार्षिक प्रगति

कोषले यस आ.व. २०७५।७६ मा नेपाल सरकार तथा दातृ निकायहरुको स्रोत परिचालन गर्ने गरी रु. ३ अर्व २० करोड ३ लाखमध्ये ऋण रु. ३ अर्व १ करोड ७ लाख र अनुदान रु. १८ करोड ९६ लाख लगानी गर्ने लक्ष्य लिएकोमा रु. १ अर्व २४ करोड ७१ लाख मध्ये अनुदान रु. ६ करोड ७ लाख र ऋण रु. १ अर्व १८ करोड ६४ लाख लगानी गरेकोछ।

साथै कोषले यस आ.व. २०७५।७६ मा रु. ५० करोड ७७ लाख कुल आय र खुद आम्दानी रु. २३ करोड १६ लाख गर्ने लक्ष्य लिएकोमा कुल आय रु. ५२ करोड ७६ लाख (१०३ प्रतिशत) र खुद आम्दानी रु. २८ करोड ३७ लाख (१२२ प्रतिशत) गरेको छ।

# आ.व. २०७५।७६ को लक्ष्य तथा प्रगति

(रु. हजारमा)

| सि. नं | कार्यक्रम/आयोजना | आयोजना संख्या | अवधि | लक्ष्य (लगानी) नेपाल सरकार अनुदान | लक्ष्य नेपाल सरकार ऋण | लक्ष्य बैदेशिक अनुदान | लक्ष्य बैदेशिक ऋण | लक्ष्य न.वि.कोष अनुदान | लक्ष्य न.वि.कोष ऋण | लक्ष्य जम्मा | प्रगति सम्पन्न आयोजना | प्रगति लगानी स्वीकृत आयोजना | प्रगति नेपाल सरकार अनुदान | प्रगति नेपाल सरकार ऋण | प्रगति बैदेशिक अनुदान | प्रगति बैदेशिक ऋण | प्रगति न.वि.कोष अनुदान | प्रगति न.वि.कोष ऋण | प्रगति जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नगर विकास कार्यक्रम दोस्रो तथा तेस्रो चरण | ११ | सन् २०२० जुलाई सम्म | | | ४६८,०३४ | | | | ४६८,०३४ | ३ | १ | | | १६,८५२ | २२८,२५७ | | | २४५,१०९ | ५२% | के.एफ. डब्ल्यू. |
| | नेपाल सरकार म्याचिङ्ग अनुदान | | | ५२,१४४ | | | | | | ५२,१४४ | | | ३०,६६५ | | | | | | ३०,६६५ | ५९% | |
| २ | के.एफ.डब्ल्यू. चक्रिय कोष | १ | सालवसाली | - | | | | | १,५०० | १,५०० | | | | | | | | २,६९१ | २,६९१ | १७९% | |
| | | | | २७,८५६ | | | | | | २७,८५६ | | | ५,३८२ | | | | | | ५,३८२ | १९% | |
| | नेपाल सरकार अनुदान (अध्ययन तथा अनुसन्धान परामर्श सेवा) | ९ | | १०,००० | | | | | | १०,००० | ९ | ३ | ७,८३६ | | | | | | ७,८३६ | ७८% | |
| ३ | तेस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना | २० | सन् २०२१ सम्म | - | | | ५००,००० | | | ५००,००० | | | | | | २८८,५७६ | | | २८८,५७६ | ६४% | ए.डि.बि. |
| ४ | सहरी खानेपानी तथा सरसफाई आयोजना | १५ | सन् २०२३ सम्म | - | | | ४४०,००० | | | ४४०,००० | | ८ | | | | ७९,५०१ | | | ७९,५०१ | २६% | ए.डि.बि. |
| ५ | मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना | ७ | सन् २०१९ सम्म | - | | | ३००,००० | | | ३००,००० | | | | | | १११,२३१ | | | १११,२३१ | ३७% | ए.डि.बि. |
| ६ | एकीकृत सहरी विकास आयोजना | ७ | सन् २०१९ सम्म | - | | | २८७,००० | | | २८७,००० | | | | | | २४२,४३० | | | २४२,४३० | ८४% | ए.डि.बि. |
| ७ | काठमाण्डौ दिगो शहरी यातायात आयोजना | १ | सन् २०१८ जुन सम्म | | | ९३,००० | | | | ९३,००० | | | | | ० | ५५,६९२ | | | ५५,६९२ | ६०% | ए.डि.बि. |
| ८ | सहरी शासकीय क्षमता तथा विकास कार्यक्रमःउदीयमान नगर आयोजना | आयोजना अध्ययनको क्रममा रहेको | सन् २०२३ सम्म | | | | ५,२०० | | | ५,२०० | | | | | | | | | ० | ०% | विश्व बैंक |
| ९ | साना सहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना, प्रथम चरण, पुनः निर्माण आयोजना | ९ | सन् २०१९ सम्म | - | | | | | ३०,००० | ३०,००० | ३ | | | | | | | ५,१८९ | ५,१८९ | १७% | |
| १० | साना सहरी खानेपानी तथा सरसफाई क्षेत्र आयोजना (सह लगानी) | १२ | क्रमागत | - | | | | | १९०,००० | १९०,००० | १ | ७ | | | | | | १५५,०८५ | १५५,०८५ | ८२% | |
| ११ | दोस्रो साना सहरी खानेपानी तथा सरसफाई आयोजना तथा भुकम्प प्रभावित ५ वटा आयोजना) | ७ | सन् २०१९ सम्म | - | | | ३०,००० | | | ३०,००० | | | | | | | | ११,०७१ | ११,०७१ | ३७% | टि.डि.एफ. |
| १२ | शहरी पूर्वाधार विकास आयोजना | ६४ | क्रमागत | - | ६५,६५९ | | | | | ७६५,६५९ | | ३ | | ६,७२३ | | | | | ६,७२३ | १% | |
| | | | कुल जम्मा | **९०,०००** | **७६५,६५९** | **५६१,०३४** | **१,५६२,२००** | **-** | **२२१,५००** | **३,२००,३९३** | **१६** | **२२** | **४३,८८३** | **६,७२३** | **१६,८५२** | **१,००५,६८७** | **-** | **१७४,०३७** | **१,२४७,१८२** | **३९%** | |

## ४.२ ऋण असुली:

कोषको आ.व. २०७५।७६ को अन्त सम्ममा कुल लगानी रु. ९ अर्व ३४ करोड ६७ लाख मध्ये रु.१ अर्व ८० करोड ३३ लाख लगानी असुल भई रु. ७ अर्व ५५ करोड ३३ लाख लगानी रहेको छ। उक्त लगानी मध्ये भाखा नाघेको साँवा तथा ब्याज रु. ४ अर्व २६ करोड ७ लाख भएकोमा रु. ३ अर्व ७५ करोड ६७ लाख साँवा तथा ब्याज असुल भई ९३.३० प्रतिशत प्रगति भएको छ।


तालिका नं. ४ कोषको स्थापना कालदेखि आ.व. २०७५।७६ को अन्त्य सम्ममा भएको ऋण लगानी र असुली अवस्था

रकम रु. हजारमा


| सि. नं. | ऋण लगानीको श्रोत | कुल ऋण लगानी (ब्याज पूँजीकरण सहित) | कुल उठाउन बाँकी ऋण लगानी (ब्याज पूँजीकरण सहित) | असुल हुनु पर्ने | | | असुल भएको | | | असुल हुन बाँकी | | | असुली प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा | साँवा | ब्याज | जम्मा प्रतिशत |
| १ | आई.डी.ए. ऋण | १२६,००९ | – | १२६,००९ | ९०,८७५ | २१६,८८४ | १२६,००९ | ९०,८७५ | २१६,८८४ | ० | – | ० | १०० | १०० | १०० |
| २ | नगर विकास कार्यक्रम जी.टी.जेड. सरल ऋण | १३,४८५ | – | १३,४८५ | २,९७६ | १६,४६१ | १३,४८५ | २,९७६ | १६,४६१ | – | – | – | १०० | १०० | १०० |
| ३ | नगर विकास कार्यक्रम प्रथम चरण (के.एफ.डब्लु.) | ११३,४४७ | – | ११३,४४७ | ५६,३१२ | १६९,७५९ | ११३,४४७ | ५६,३१२ | १६९,७५९ | (०) | ० | (०) | १०० | १०० | १०० |
| ४ | नगर विकास कार्यक्रम दोस्रो चरण (के.एफ.डब्लु.) | ५१६,७६६ | २७०,३९७ | २३५,९१३ | २०८,९९८ | ४४४,९११ | २४६,३६९ | २००,५७८ | ४४६,९४७ | (१०,४५६) | ८,४१९ | (२,०३६) | १०४ | ९६ | १००.५ |
| ५ | नगर विकास कार्यक्रम तेस्रो चरण (के.एफ.डब्लु.) | ६२८,१६४ | ४६७,६७८ | १३८,१३९ | १०९,५५१ | २४७,६९० | १६०,४८५ | १०८,८११ | २६९,२९६ | (२२,३४७) | ७४१ | (२१,६०६) | ११६ | ९९ | १०८.७ |
| ६ | शहरी वातावरण सुधार आयोजना (ए.डि.वी) | १९१,२८६ | १०२,९०७ | ९८,५९३ | ११३,६५० | २१२,२४३ | ८८,३८० | १०५,९६७ | १९४,३४६ | १०,२१३ | ७,६८३ | १७,८९७ | ९० | ९३ | ९१.६ |
| ७ | मझौला सहर एकीकृत सहरी वातावरणीय सुधार आयोजना (ए.डि.वी) | १,१००,८५० | १,०६९,०२८ | ६४,९८४ | १७३,४०४ | २३८,३८७ | ३१,८२२ | १४६,२२९ | १७८,०५१ | ३३,१६१ | २७,१७५ | ६०,३३६ | ४९ | ८४ | ७४.७ |
| ८ | प्रथम चरण साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | ९९५,४६५ | ४७९,७७३ | ५९८,०२५ | ६०८,३११ | १,२०६,३३५ | ५१५,६९२ | ५६३,८१६ | १,०७९,५०८ | ८२,३३३ | ४४,४९५ | १२६,८२७ | ८६ | ९३ | ८९.५ |
| ९ | दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी. ) | २,२१०,८४५ | १,८९७,७९३ | ३५८,६१२ | ४६९,७०९ | ८२८,३२१ | ३१३,०५१ | ४२९,२२७ | ७४२,२७८ | ४५,५६१ | ४०,४८२ | ८६,०४३ | ८७ | ९१ | ८९.६ |
| १० | एकीकृत शहरी विकास आयोजना (ए.डि.वी) | १,०४६,५१३ | १,०३७,१४१ | ६,२७३ | १२२,०४७ | १२८,३१९ | ९,३७२ | १२२,०४७ | १३१,४१८ | (३,०९९) | – | (३,०९९) | १४९ | १०० | १०२.४ |
| ११ | नगर विकास कार्यक्रम –चक्रीय कोष (आन्तरिक) | १६१,६४७ | ७७,६९८ | ८०,८२७ | २५,६३५ | १०६,४६२ | ८३,९४९ | २३,१२८ | १०७,०७७ | (३,१२२) | २,५०७ | (६१५) | १०४ | ९० | १००.६ |
| १२ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना (प्रथम चरण (पुन:निर्माण आयोजना) | ३५६,१०९ | २८६,१०४ | ७३,५४४ | ३९,०८४ | ११२,६२८ | ७०,००५ | ३१,९२३ | १०१,९२८ | ३,५३९ | ७,१६१ | १०,७०० | ९५ | ८२ | ९०.५ |
| १३ | सहरी शासकीय क्षमता विकास कार्यक्रम (विश्व बैंक ऋण) | १७३,६३९ | १६०,८९६ | १०,९१० | २९,०८९ | ३९,९९९ | १२,७४३ | २८,३७९ | ४१,१२२ | (१,८३२) | ७१० | (१,१२३) | ११७ | ९८ | १०२.८ |
| १४ | तेस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना (ए.डी.बी.) | १,४१२,२५३ | १,४१०,११६ | – | ५८,३७८ | ५८,३७८ | २,१३७ | ५८,३७८ | ६०,५१५ | (२,१३७) | – | (२,१३७) | | १०० | १०३.७ |
| १५ | सह लगानी खानेपानी आयोजना | १५७,८३५ | १५७,८२१ | – | १,१९१ | १,१९१ | १४ | १,१९१ | १,२०५ | (१४) | – | (१४) | | १०० | |
| १६ | दिगो शहरी यातायात | ५५,७९१ | ४९,४०८ | ६,३९३ | २,५५६ | ८,९४९ | ६,३८३ | २,५५६ | ८,९३९ | १० | – | १० | | | |
| १७ | शहरी खानेपानी आयोजना | ७९,८६३ | ७९,८६३ | – | – | – | – | – | – | – | – | – | | | |
| १८ | शहरी पूर्वाधार विकास आयोजना | ६,७३९ | ६,७३९ | – | – | – | – | – | – | – | – | – | | | |
| | **जम्मा** | **९,३४६,७०६** | **७,५५३,३६३** | **१,९२५,१५३** | **२,१११,७६४** | **४,०३६,९१८** | **१,७९३,३४४** | **१,९७२,३९१** | **३,७६५,७३५** | **१३१,८१०** | **१३९,३७३** | **२७१,१८३** | **९३.१५** | **९३.४०** | **९३.३** |

## ४.३ वित्तीय सूचकहरु

### विगत ५ वर्षको ऋण तथा ईक्विटी अनुपातको प्रवृत्ति (Trend)





### विगत ५ वर्षको खुद नाफाको प्रवृत्ति (Trend)




## विगत ५ वर्षको लगानीको प्रवृत्ति (Trend)

### ऋण तथा अनुदान लगानीको लक्ष्य तथा प्रगती




| | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|---|
| लक्ष्य | १,८४२ | २,७२२ | २,८९१ | ३,१४५ | ३,२०० |
| प्रगती | १,२४२ | १,३३१ | १,९०४ | १,३०२ | १,२४७ |

## ऋण असुलीको प्रवृत्ति (Trend)



## ४.४ नेपाल वित्तीय प्रतिवेदन मान अनुसारको वित्तीय विवरणहरु

### वित्तीय अवस्थाको विवरण

**२०७६ आषाढ मसान्त**

रकम रु. मा

| विवरणहरु | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| **सम्पति** | | | |
| नगद तथा नगद समान | ३.१ | १,३६४,९९९,१५८.६४ | ८११,०९८,७५४.८० |
| नगरपालिकाहरु लाई ऋण तथा पेश्की | ३.२ | ७,९९४,३४६,००८.३७ | ६,९४९,५४७,८१२.९४ |
| अन्य ऋण तथा पेश्की | ३.३ | २१,८०६,१२१.७२ | २०,४६२,७१३.५० |
| लगानी | ३.४ | १,२००,०००,०००.०० | १,०५०,०००,०००.०० |
| चालु कर सम्पति | ३.५ | १०३,२८१,१७३.७९ | (१७,९६३,४१३.४५) |
| सम्पत्ति तथा उपकरण | ३.६ | १३८,८०४,९०५.८१ | १४१,२३७,५३७.५२ |
| अमुर्त सम्पत्ति | ३.७ | १४०,६५४.७० | २२०,५३२.७३ |
| स्थगन कर सम्पत्ति (Deferred Tax) | ३.८ | ५,३९९,७३८.८१ | (१,२६९,१९२.०१) |
| आसामी अनुदान वाँकी | ३.९ | ५९,१७६,९४०.११ | ४१२,३६६,०४२.११ |
| अन्य सम्पत्ति | ३.१० | १०७,६६,४०९.१४ | १६,८००,७६७.४५ |
| **जम्मा सम्पत्ति** | | **१०,८९८,७२१,१११.०९** | **९,३८२,५०१,५५५.५९** |
| **दायित्व तथा इक्विटी :** | | | |
| **दायित्व** | | | |
| अवितरित अनुदान | ३.११ | १२९,५७२,२१८.०० | ६०४,८२७,४४६.०० |
| ऋण दायित्व | ३.१२ | ४,७६०,९५०,४१६.१० | ३,८३३,२३६,२८४.२३ |
| व्यवस्था | ३.१३ | (८७०,११७.५३) | (३३५,०२६.८८) |
| स्थगन कर दायित्व | ३.१४ | - | - |
| अन्य दायित्व | ३.१५ | १,७७८,५०८.०४ | १,९५७,१२२.१४ |
| **जम्मा दायित्व** | | **४,८९१,४३१,०२४.६१** | **४,४३९,६८५,८२५.४९** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ३.१६ | २,७६२,९७९,७९३.५४ | २,४५८,३६८,१८५.२१ |
| पूँजी कोष योगदान : | | | |
| नियन्त्रित कोष | ३.१७ | १,४७३,१५१,३९९.१० | १,१७७,७६४,९९३.५५ |
| स्पेशियल रिजर्भ | ३.१८ | - | - |
| जगेडा कोष (Retained Earning) | | - | - |
| साधारण जगेडा | | - | - |
| सञ्चित मुनाफा/(घाटा) | ३.१९ | १,७७१,१५८,८९३.८४ | १,३०६,६८२,५५१.३४ |
| **जम्मा इक्विटी** | | **६,००७,२९०,०८६.४८** | **४,९४२,८१५,७३०.१०** |
| **जम्मा दायित्व तथा इक्विटी** | | **१०,८९८,७२१,१११.०९** | **९,३८२,५०१,५५५.५९** |

## नाफा नोक्सान तथा विस्तृत आयको विवरण

### २०७५ श्रावण १ देखि २०७६ असार ३१ सम्मको

रकम रु. मा

| विवरणहरु | नोट | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| ब्याज आम्दानी | ३.२० | ५६७,५७९,२७५.७५ | ४६९,७२०,९५८.५२ |
| ब्याज खर्च | ३.२१ | ५०,३७४,२२१.७३ | ४१,१७६,३४८.५६ |
| **खुद ब्याज आम्दानी** | | **५१७,२०५,०५४.०२** | **४२८,५४४,६०९.९६** |
| शुल्क तथा कमिसन आम्दानी | ३.२२ | १,२८६,४००.०० | ३,६७०,२३२.८७ |
| शुल्क तथा कमिसन खर्च | ३.२३ | २७,३४१.०० | १८८,५०२.९१ |
| खुद शुल्क तथा कमिसन खर्च | | **१,२५९,०५९.००** | **३,४८१,७२९.९६** |
| **खुद संञ्चालन आम्दानी** | | **५१८,४६४,११३.०२** | **४३२,०२६,३३९.९२** |
| अन्य वित्तीय उपकरणवाट फियर भ्यालुको खुद नाफा | | ३१,८५६,४३८.७५ | – |
| अनुदान आय | ३.२४ | १४,९९५,७०९.०८ | १९०,५४१,५६३.७४ |
| अन्य आय | ३.२५ | २,३६६,५८५.२८ | १,०४५,०८६.३७ |
| **जम्मा आय** | | **५६७,६८२,८४६.१३** | **६२३,६१२,९९०.०३** |
| वित्तीय सम्पत्तिको खराव नोक्सानी | | – | – |
| सम्पत्ति र उपकरणको खराव नोक्सानी | | (१५,५७७.६०) | १,०९५,५११.८६ |
| कर्मचारी खर्च | ३.२६ | २२,८२१,६०२.६० | २१,४०४,५५७.२४ |
| संञ्चालन लिज खर्च | ३.२७ | ३,४०८,०००.०० | २,९६२,०८०.०० |
| ह्रास कट्टी र परिषोधन (Amortisation) | ३.६ | १,४५४,४६२.०३ | १,४९६,२४६.८९ |
| अन्य खर्च | ३.२८ | २४,५९५,३१९.९८ | १८,९००,१९५.८४ |
| अनुदान खर्च | ३.३० | १५,८१०,१४६.१९ | १९०,५४१,५६३.७४ |
| खुद पेन्सन लागत | | ५,०५९,३६८.०० | २,२०९,४७१.०० |
| कर्जा जोखिम व्यवस्था | | १७,१७५,२७४.९८ | ४,२३७,०४५.३९ |
| कर अघिको मुनाफा | | **४७७,३७४,२४९.९५** | **३८०,७६६,३१८.०७** |
| आयकर खर्च | ३.२९ | (६,६६८,९३०.८२) | ८१,५०१,३६४.०९ |
| यस अवधिको मुनाफा | | ४८४,०४३,१८०.७७ | २९९,२६४,९५३.९८ |
| अन्य विस्तृत आय | | | |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण नगरिने बुँदाहरु** | | | |
| पुन : वर्गिकरण गरिएका दायित्व सम्पत्ति र उपदान | | (२,५७६,१५२.००) | (१,६७७,१०९.००) |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | – | – |
| | | **(२,५७६,१५२.००)** | **(१,६७७,१०९.००)** |
| **नाफा नोक्सानमा पुन : वर्गिकरण गरिएका वा गर्न सकिने बुँदाहरु** | | | |
| विदेशी विनिमय कारोवार वाट भएको फरक | | – | – |
| सम्पत्ति मूल्याङकनमा भएको नाफा नोक्सान | | – | – |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | – | – |
| फियर भ्यालु रिजर्भ | | | |
| फियर भ्यालुमा भएको खुद फरक | | – | – |
| पुन वर्गिकरणले नाफा नोक्सानमा भएको खुद फरक | | – | – |
| माथि वर्गिकरण गरिएका बुँदाको आयकर | | – | – |
| | | – | – |
| अन्य विस्तृत आम्दानी र खुद कर | | **(२,५७६,१५२.००)** | **(१,६७७,१०९.००)** |
| **जम्मा विस्तृत आम्दानी** | | **४८६,६१९,३३२.७७** | **३००,९४२,०६२.९८** |

## नगद प्रवाह विवरण

### २०७५ श्रावण १ देखि २०७६ असार ३१ सम्मको

रकम रु. मा


| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| **कारोवार संञ्चालनवाट नगद प्रवाह** | | |
| ब्याज र कमिशन | ३९१,०२०,८२५.८६ | ३४८,९०८,९२९.२२ |
| ब्याज खर्च | (१८,६९२,८८०.००) | (६,३३१,६३४.००) |
| कर्मचारी तथा आपूर्तिकर्तालाई नगद भुक्तानी | (५२,५२७,९५३.९७) | (४५,१३१,०२०.६६) |
| सञ्चालन सम्पत्ति र दायित्व परिवर्तन अघिको सञ्चालन नगद प्रवाह | ३१९,७९९,९९१.८९ | २९७,४४६,२७४.५६ |
| **संञ्चालन सम्पतीको घट/बढ** | | |
| मौज्दात | ५१,९९७.३७ | १,९१६.९९ |
| अन्य पेश्की | १०७,३१०.९४ | (११५,५३९.५७) |
| **ऋणमा परिवर्तन :** | | |
| आयोजनामा ऋण लगानी (टिडिपी/केएफडब्लु) | (२२८,२४८,७६१.००) | (१५८,३९२,६५९.००) |
| आयोजनामा ऋण लगानी ( एडिबी ) | (७८८,२०१,८७४.७५) | (७६०,२०८,४१६.९९) |
| आयोजनामा ऋण लगानी (UIDP/GoN) | (६,७२२,७८२.००) | - |
| इंक्विटी वाट ऋण लगाानी | (१६२,९६५,३७३.००) | (११२,९५९,०५५.००) |
| नगरपालिकावाट ऋण असुली | ३१२,२३०,५५७.२५ | २३६,८००,७६४.५० |
| चक्रिय कोषमा सारिएको ऋण | (७५,२९४,१०८.९७) | (५४,४२०,९०४.२२) |
| **कारोवार सञ्चालनवाट नगद प्रवाह** | **(६२९,२४३,०४२.२७)** | **(५५१,८४७,६१८.७३)** |
| आयकर भुक्तानी | (१४४,१८८,२९४.२८) | (७४,८४७,७८१.५५) |
| **कारोवार सञ्चालनवाट मौजुदा खुद नगद प्रवाह** | **(७७३,४३१,३३६.५५)** | **(६२६,६९५,४००.२८)** |
| **लगानी कारोवारमा नगर प्रवाह** | | |
| बैंकको मुद्धती खातामा लगानी | (१५०,०००,०००.००) | (१००,०००,०००.००) |
| कर्मचारी लाई ऋण लगाानी | (४,४८५,३१२.००) | (१,७८२,४६८.००) |
| कर्मचारीवाट ऋण असुली | २,९६३,२३६.१७ | २,६९०,४१४.२५ |
| सम्पत्ति र उपकरणको खरिद | (५१२,२७४.०५) | (५७०,४९१.००) |
| अमुर्त सम्पत्तिवाट भएको आर्जन | | (२५,०००.००) |
| **लगानी कारोवारमा मौजुदा खुद नगद प्रवाह** | **(१५२,०३४,३४९.८८)** | **(९९,६८७,५४४.७५)** |
| **वित्तीय कारोवारवाट नगद प्रवाह** | | |
| पूँजिगत लगानी कोषमा बृद्धि (जिटिजड र केफडब्लु) | | |

| | | |
|---|---|---|
| केफडब्लु स्रोत तर्फको कार्यक्रमका लागि प्राप्त रकम | २३०,७६३,५७३.४२ | ९२,१८८,६६५.६१ |
| ब्याज आम्दानी र विदेशी मुद्रा सटही नाफा /घाटा | - | ५८,८७९.२६ |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम ( एडिबी स्रोत तर्फको आयोजना) | १,२९०,६९१,९९९.७५ | ४९६,०००,०००.०० |
| नेपाल सरकारवाट प्राप्त समपूरक कोष | (८९,६०८,७०३.०४) | २२८,५८२,४१०.०० |
| नेपाल सरकारवाट प्राप्त अनुदान रकम ( विश्व बैक स्रोत तर्फको आयोजना) | - | (२४१,२५४,१८६.३२) |
| नेपाल सरकारवाट प्राप्त ऋण रकम ( विश्व बैक स्रोत तर्फको आयोजना) | | |
| अनुदान लगानी (न.पा तथा अन्य) | (७४,१३१,१६६.४४) | (२६६,६८२,५३६.७४) |
| नेपाल सरकारवाट प्राप्त अनुदान रकम ( विश्व बैक स्रोत तर्फको आयोजना) | - | १७२,०६६,११३.०४ |
| नेपाल सरकारलाई सोधभर्ना फिर्ता (विश्व बैक स्रोत तर्फको आयोजना) | - | (५४,८९०,०९६.०९) |
| सेवा शुल्क ( केएफडब्लु) | (१,२४८,२६१.००) | (९७०,५०७.८७) |
| सेवा शुल्क ( विश्व बैक) | - | (२,६९९,७२५.००) |
| सेवा शुल्क ( विश्व बैक) | - | (२,६९९,७२५.००) |
| अनुदान प्राप्त रकम | ५१,७९९,८२७.६८ | ९,०८२,३०१.१० |
| चक्रिय कोषमा वृद्धि : | | |
| टिडिपी वाट ऋण असुली | ७५,२९४,१०८.९७ | ५४,४२०,९०४.२२ |
| टिडिपीको ब्याज तर्फवाट | २५,८५१,५९६.०२ | १९,९५८,८७४.४३ |
| टिडिपी विशेष वचत तर्फवाट | १४,८५५,७७७.९१ | ११,३१२,५८१.६४ |
| नेपाल सरकारलाई ऋण भुक्तानी | (४४,९०२,६६३.००) | (११,७१६,४८८.००) |
| **वित्तीय कारोवारवाट मौजुदा नगद प्रवाह** | **१,४७९,३६६,०९०.२७** | **५०२,७५७,४६४.२८** |
| नगद तथा नगद समानमा भएको खुद बढ/घट | ५५३,९००,४०३.८४ | (२२०,९००,७५५.७५) |
| नगद तथा नगद समानको शुरुवाती मौज्दात | ८११,०९८,७५४.८० | १,०३१,९९९,५१०.५५ |
| नगद तथा नगद समानमा विदेशी विनिमयदरवाट परेको प्रभाव | - | - |
| **नगद तथा नगद समानको अन्तिम मौज्दात** | **१,३६४,९९९,१५८.६४** | **८११,०९८,७५४.८०** |

# ५. वार्षिक क्रियाकलापहरु (आ.व. २०७५/७६ देखि हाल सम्म)

## १. सुडा साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको थप ऋण सम्झौता

खानेपानी तथा सरसफाई आयोजना तेस्रो चरण अन्तर्गत संचालिल सुडा साना शहरी खानेपानी तथा सरसफाई आयोजना, कन्चनपुरसंग मिति २०७६।०८।१५ मा कोषका कार्यकारी निर्देशक मनिराम सिंह महत र खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्री थानेश्वर प्रसाद भट्टले दुवै पक्षका पदाधिकारीहरु बीच थप ऋण रु. १५५९३७५० को ऋण सम्झौतामा हस्ताक्षर गर्नु भयो । यस आयोजनाले सुडा गाउँपालिकाको वडा नं. १,६,७,८, ९ र भिमदत्त नगरपालिकाको वडा नं १ गरी २५६२ घरधुरीका १४९९२ जनसंख्यालाई खानेपानी सेवा प्रवाह गर्नेछ ।



## २. प्रगतिनगर शहरी खानेपानी तथा सरसफाई आयोजनाको ऋण सम्झौता

शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत प्रगतिनगर खानेपानी तथा सरसफाई आयोजना, दाङ संग मिति २०७६।०५।२२ मा कोषका कार्यकारी निर्देशक मनिराम सिंह महत र खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्री शान्त राज शर्माले दुवै पक्षका पदाधिकारीहरु बीच रु. ७३,७४९,००० को ऋण सम्झौतामा हस्ताक्षर गर्नु भयो । यस आयोजनाबाट राप्ती गाउँपालिकाको वडा नं. ५,७ र ८ का २४०६ घरधुरीका १३१८२ जनसंख्यालाई सेवा पुग्ने छ ।



## ३. वहुउद्देश्यीय भवन निर्माण आयोजना, गोर्खा नगरपालिकाको ऋण सम्झौता

जर्मन विकास बैकको सहयोगमा संचालित नगर विकास कार्यक्रम तेस्रो चरण अन्तर्गत गोर्खा नगरपालिकामा वहुउद्देश्यीय भवन निर्माणका लागि कोषका कार्यकारी निर्देशक श्री मनिरामसिंह महत र गोर्खा नगरपालिकाका मेयर श्री राजन राज पन्त ले दुवै पक्षको पदाधिकारीहरुको समुपिस्थतिमा २०७६।०५।१९ मा वित्तीय सम्झौतामा हस्ताक्षर भयो । उक्त आयोजनाको कुल लागत रु. ५,४६,९२,०००।– मध्ये रु. ४,९२,२२,८००।– कोषबाट ऋण र बाँकी ७०% रकम नेपाल सरकारको अनुदान र नगरपालिकाबाट २.५ प्रतिशत गरी आयोजना लागत ब्यहोरिने छ । उक्त ऋणको ब्याजदर ५.५ प्रतिशत मा २ वर्षको सहुलियत अवधि २० वर्षको ऋण अवधि हुने छ ।



## ४. बेशी शहर खानेपानी तथा सरसफाई सह लगानी आयोजना लम्जुङ्गको ऋण सम्झौता

सहलगानी आयोजना अन्तर्गत संचालित यस बेशी सहर खानेपानी तथा सरसफाई सह लगानी आयोजना, लम्जुङ्गका लागि रु.४१,४८१,७५० ऋण सम्झौता मिति २०७५।१२।२८गते यस कोषका कार्यकारी निर्देशक श्री मनिराम सिंह महत र उपभोक्ता संस्थाका अध्यक्ष श्री कृष्ण कुमार प्रधानले दुवै पक्षका अधिकारीहरु बीच सम्झौतामा हस्ताक्षर गर्नुभयो । यस आयोजनाले सो क्षेत्रका २२४६ घरधुरीका २१६४६ जनसंख्यालाई खानेपानी सेवा पुर्‍याउने छ ।



## ५. चैनपुर शहरी खानेपानी तथा सरसफाई आयोजना, बझाङ्गको ऋण सम्झौता

शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत चैनपुर खानेपानी तथा सरसफाई आयोजना, बझाङ संग मिति २०७५।१२।२४ मा कोषका कार्यकारी निर्देशक मनिराम सिंह महत र खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्री लोकेन्द्र बहादुर विष्टले दुवै पक्षका पदाधिकारीहरु बीच रु. ५४,३२७,२५०।– को ऋण सम्झौतामा हस्ताक्षर गर्नु भयो । आयोजनाको कूल लगातको २५ प्रतिशत ऋण रकम कोषको तर्फबाट, नेपाल सरकारबाट ७० प्रतिशत अनुदान र उपभोक्तावाट ५ प्रतिशत रकम व्यहोरिने छ। यस आयोजनाले जयपृथ्वी नगरपालिकाको वडा नं.३,४ र ६ का १०६५ घरधुरीका ७७५२ जनसंख्यालाई २४ घण्टा खानेपानी सेवा पुरयाउने लक्ष्य लिएकोछ ।



## ६. चरीकोट शहरी खानेपानी तथा सरसफाई आयोजना, दोलखाको ऋण सम्झौता

शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत चरीकोट शहरी खानेपानी तथा सरसफाई आयोजना, दोलखासंग मिति २०७५।१२।१५मा कोषका कार्यकारी निर्देशक मनिराम सिंह महत र खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्री रामकृष्ण के.सी. र भिमेश्वर नगरपालिकाका मेयर श्री भरत के.सी.ले संयुक्तरुपमा सवै पक्षका पदाधिकारीहरु बीच रु. १७९,५५८,७५०।– को ऋण सम्झौतामा हस्ताक्षर गर्नु भयो । आयोजनाको कूल लगातको २५ प्रतिशत ऋण रकम कोषको तर्फबाट, नेपाल सरकारबाट ७५ प्रतिशत (भुकम्प प्रभावित जिल्ला भएकाले) रकम व्यहोरीने छ। उपभोक्ताहरुले यस आयोजनाका लागि ५ प्रतिशत रकम ब्यहोर्नु नपरेता पनि २ प्रतिशत रकम संचालन तथा मर्मतका लागि उठाउनु पर्ने व्यवस्था रहेकोछ । यस आयोजनाले वडा नं.१ देखि १० सम्म पूर्ण र भिमेश्वर नगरपालिकाको वडा नं.१२ र १३ मा आंशिक रुपमा त्यहाँका ३८४२ घरधुरीका २२७५६ जनसंख्यालाई २४ घण्टा खानेपानी सेवा पुरयाउने लक्ष्य लिएकोछ ।



## ७. ईलाम बजार शहरी खानेपानी तथा सरसफाई आयोजना, ईलामको ऋण सम्झौता

शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत ईलाम बजार शहरी खानेपानी तथा सरसफाई आयोजना, ईलाम संग मिति २०७५।१२।१७ मा कोषका कार्यकारी निर्देशक मनिराम सिंह महत र खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्री केदार थापा र ईलाम नगरपालिकाका मेयर श्री महेश वस्नेतले संयुक्तरुपमा सवै पक्षका पदाधिकारीहरु बीच रु. १४४,८७६,८५० को ऋण सम्झौतामा हस्ताक्षर गर्नु भयो । आयोजनाको कूल लगातको २५ प्रतिशत ऋण रकम कोषको तर्फबाट, नेपाल सरकारबाट ७० प्रतिशत र ५ प्रतिशत रकम उपभोक्तावाट व्यहोरीने छ । यस आयोजनाले वडा नं. ६ र ७ पुर्ण र ईलाम नगरपालिकाको वडा नं. ८ र ९ मा आंशिक रुपमा त्यहाँका २७९८ घरधुरीका २०७०४ जनसंख्यालाई २४ घण्टा खानेपानी सेवा पुऱ्याउने लक्ष्य लिएकोछ ।



## ८. शिलीचुङ शहरी खानेपानी तथा सरसफाई आयोजना, भोजपुरको ऋण सम्झौता

शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत शिलिचुङ शहरी खानेपानी तथा सरसफाई आयोजना, भोजपुर संग मिति २०७५।१२।१७ मा कोषका कार्यकारी निर्देशक मनिराम सिंह महत र खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्री प्रविन कुमार सुवाल र भोजपुर नगरपालिकाका मेयर श्री कैलाश कुमार आलेले संयुक्तरुपमा सवै पक्षका पदाधिकारीहरु बीच रु. १२४,४९९,५०० को ऋण सम्झौतामा हस्ताक्षर गर्नु भयो । आयोजनाको कूल लगातको २५ प्रतिशत ऋण रकम कोषको तर्फबाट, नेपाल सरकारबाट ७० प्रतिशत र ५

प्रतिशत रकम उपभोक्तावाट व्यहोरीने छ । यस आयोजनाले वडा नं. ६ र ८ पुर्ण र भोजपुर नगरपालिकाको वडा नं. ३,४,५,९,१० र ११ मा आंशिक रुपमा त्यहाँका २७९८ घरधुरीका २०७०४ जनसंख्यालाई २४ घण्टा खानेपानी सेवा पुरयाउने लक्ष्य लिएकोछ ।



## ९. माझखोला दिग्तेल बजार शहरी खानेपानी तथा सरसफाई आयोजना, खोटाङको ऋण सम्झौता

शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत माझखोला शहरी खानेपानी तथा सरसफाई आयोजना, दिग्तेल बजार, खोटाङ संग मिति २०७५।१२।१३ मा कोषका कार्यकारी निर्देशक मनिराम सिंह महत र खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्री धन कुमार जोशीले संयुक्तरुपमा सबै पक्षका पदाधिकारीहरु बीच रु. ५६,३८९,५०० को ऋण सम्झौतामा हस्ताक्षर गर्नु भयो । आयोजनाको कूल लगातको २५ प्रतिशत ऋण रकम कोषको तर्फबाट, नेपाल सरकारबाट ७० प्रतिशत र ५ प्रतिशत रकम उपभोक्तावाट व्यहोरीने छ । यस आयोजनाले रुपाकोट मझुवागढी नगरपालिकाको आशिंकरुपमा वडा नं. १,२ र ३ का १०४९ घरधुरीका ७८२२ जनसंख्यालाई २४ घण्टा खानेपानी सेवा पुरयाउने लक्ष्य लिएकोछ ।



## १०. वाग्लुङ शहरी खानेपानी तथा सरसफाई आयोजना, वाग्लुङ्गको ऋण सम्झौता

शहरी खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत वाग्लुङ शहरी खानेपानी तथा सरसफाई आयोजना, दिग्तेल बजार, खोटाङसंग मिति २०७५।११।३० मा कोषका कार्यकारी निर्देशक मनिराम सिंह महत र खानेपानी उपभोक्ता समितिका अध्यक्ष श्री हरी प्रसाद श्रेष्ठ र वाग्लुङ नगरपालिकाका मेयर श्री जनक राज पौड्यालले संयुक्तरुपमा सबै पक्षका पदाधिकारीहरु बीच रु. ७५,६६२,७५०।– को ऋण सम्झौतामा हस्ताक्षर गर्नु भयो । आयोजनाको कूल लगातको २५ प्रतिशत ऋण रकम कोषको तर्फबाट, नेपाल सरकारबाट ७० प्रतिशत र ५ प्रतिशत रकम उपभोक्तावाट व्यहोरीने छ । यस आयोजनाले वाग्लुङ नगरपालिकाको वडा नं. १,२,३ र ४ का ४३५१ घरधुरीका ३३२४९ जनसंख्यालाई २४ घण्टा खानेपानी सेवा पुरयाउने लक्ष्य लिएकोछ ।



## ११. नगर विकास कोष स्वतन्त्र कर्मचारी यूनियनमा नयाँ समिति चयन

नगर विकास कोष स्वतन्त्र कर्मचारी यूनियनको साधारणसभा तथा अधिवेशन मिति २०७६।४।१० गते नगर विकास कोष स्वतन्त्र कर्मचारी यूनियनका अध्यक्ष श्री जगत प्रसाद घिमिरेको अध्यक्षतामा कार्यकारी निर्देशक श्री मनिराम सिंह महतको प्रमुख आतिथ्यता र सम्पूर्ण कार्यरत कर्मचारीको उपस्थितीमा सम्पन्न भयो । अधिवेशनले नगर विकास कोष स्वतन्त्र कर्मचारी यूनियनको नयाँ ९ सदस्यीय कार्य समिति गठन गरेको छ । जसमा अध्यक्ष श्री जगत प्रसाद घिमिरे, उपाध्यक्ष श्री राम छुस्याकी, सचिव श्री कृष्ण जि.सी., कोषाध्यक्ष श्री बविता पौडयाल र सदस्यहरु श्री प्रतिक राज तिमसिना, श्री विष्णु प्रसाद अर्याल, श्री मधु सुवेदी, श्री हिमकला शाह र श्री दिपक नगरकोटी निर्विरोध निर्वाचित हुनु भएको छ । साथै कोषका कार्यकारी निर्देशक एवं प्रमुख अतिथि मनिराम सिंह महतले यूनियनले संस्था तथा कर्मचारी हितलाई प्रमुख केन्द्र विन्दुमा राखि आफ्ना कार्यहरु सम्पादन गर्नु पर्ने मन्तव्य राख्दै अझै रचनात्मक ढंगबाट कोष तथा कर्मचारीहरुको हितमा लाग्न सुझाव दिनु भयो । उक्त अवसरमा नवनिर्वाचित यूनियनका अध्यक्षले विगतमा यूनियनले गरेका कार्यहरुको प्रस्तुती साथै आगामि आ.व.को बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु भयो ।



# ६. कोषको चुनौती, अवसर र भावी योजना

## ६.१ चुनौतीहरु

नेपालमा बढ्दो शहरीकरणसंगै भौतिक पूर्वाधारहरुको आवश्यकता व्यापक मात्रामा बढ्दै गई रहेको छ । पूर्वाधारमा भैरहेको लगानी र थप लगानीको आवश्कताको बीच ठूलो खाडल देखिन्छ जसलाई अवसर र चुनौतिलाई सम्बोधन गर्न स्थानीय तथा प्रदेश तहमा पूर्वाधारहरुको विकासका लागि विकास निर्माणका विभिन्न अवधारणा/मोडेलहरुलाई अबलम्बन गरिनु आवश्यक देखिन्छ ।

अन्तर्राष्ट्रियरुपमा समेत पूर्वाधारहरुको निर्माण गर्दा राज्यको श्रोतवाट मात्र पूँजी परिचालन गर्न नसकिएको र विभिन्न आन्तरिक तथा वाह्य श्रोतहरु परिचालन गरि विकास निर्माणका आयोजनामा लगानी बृद्धि गर्न सफलता हासिल गरेका उदाहरण सहित वर्तमान नेपालको सन्दर्भमा संघीयता कार्यान्वयनका साथै प्रशासनिक खर्चमा व्यापक बृद्धिलाई कसरी व्यवस्थापन गर्ने साथै पूर्वाधार निर्माणवाट देशमा रोजगारी, आय आर्जन, स्वदेशी उत्पादन आदिलाई वढावा दिने कार्यहरुका लागि श्रोत जुटाउनु ठूलो चुनौति रहेको छ ।

विगत ३१ वर्ष देखि शहरी पूर्वाधारको क्षेत्रमा कार्य गर्दै आएको कोष सामु पूर्वाधार लगानीका नयाँ क्षेत्र र संघीय संरचना अनुसार नगरपालिकाहरुको विस्तार संगै देहाय वमोजिम चुनौतिहरु थपिदै गएका छन् ।

(क) स्थानिय तहहरुमा योजनाबद्ध पूर्वाधार निर्माणका लागि आवश्यक पर्ने स्रोतको अभाव तथा स्रोत परिचालन क्षमताको कमी ।

ख) सहरी पुर्वाधारहरुको प्राथमिकता र आवश्यकताको आधारमा योजना तयार नहुदा लगानी योग्य आयोजना तयार गर्न कठिनाई रहेको ।

(ग) कोषले ऋण लगानीकर्ता (Lender) तथा ऋण व्यवस्थापक (Loan Manager) का रुपमा लिनुपर्ने भूमिका र सोको मापदण्डहरु अझै प्रष्टता हुन बाँकी रहेको ।

(घ) कोषले पूर्वाधार निर्माणका लागि गरिने लगानी विधिलाई सरकारवाट पूर्णरुपमा अवलम्वन गर्न बाँकी रहेको ।।

(ङ) स्थानीय तहका सम्पूर्ण कानून नीति नियम नबनी सकेको अवस्था ।

(च) स्थानीय तहहरुमा आय आर्जन हुने, रोजगारी सृजना हुने विषयमा पूर्ण जानकारीको अभाव रहेको ।

(छ) कोषको अधिकांस पूँजी परिचालन बैदेशिक स्रोत मात्र भएकाले माग अनुसार पूँजी परिचालन गर्न थप अन्य स्रोतहरु पनि पहिचान गरि परिचालन गर्न बाँकी रहेको ।

## ६.२ अवसरहरु

नेपालमा हाल द्रुततर रुपमा शहरीकरण बढिरहेको कारण शहरी क्षेत्रमा अत्यधिक पूर्वाधार सेवा र सुविधाहरुको माग बढिरहेको परिप्रेक्ष्यमा शहरी पूर्वाधार निर्माणका लागि यथेष्ट लगानी बृद्धि गर्नुपरेको छ । साथै बढ्दो शहरीकरणलाई व्यवस्थित बनाउदै जानुपर्ने मनग्य ठाउँ रहेको छ । यी पक्षहरुलाई संबोधन गर्नका लागि सरकारले शहरी विकास नीति लागु गरिसकेको अवस्था छ । वर्तमान सन्दर्भमा मुलुक संघीय संरचना अनुरुप संचालन भएसंगै पूर्वाधार निर्माणमा नयाँ कार्यक्रमहरु थपिने क्रममा छन् । मुलुकको कूल ग्राहस्थ उत्पादनको करीव ६५% योगदान दिइरहेको शहरी क्षेत्रमा गरिने लगानीले राष्ट्रिय अर्थतन्त्रको बृद्धिमा उल्लेख्य उपलब्धि हासिल हुनसक्ने प्रष्ट देखिन्छ ।

तसर्थ वर्तमान संघीय संरचना अनुसार कोषको भूमिका लाई बढाउन पूँजी बृद्धि गर्दै राष्ट्रिय शहरी विकास रणनीति (National Urban Development Strategy-NUDS) कार्यान्वयनमा महत्वपुर्ण भूमिका निभाउन सक्दछ ।

पूर्वाधार निर्माणका लागि कोषले अवलम्वन गरेको लगानी विधिवाट अन्तर्राष्ट्रिस्तरमा विभिन्न मुलुकहरुले ठूलो विकास गरेको पाईन्छ । त्यसै गरी कोषले लगानी गरि निर्माण भएका आयोजनाहरुमा योजना तयारी देखि प्रभावकारी सेवा प्रदानको मापन सम्मको आयोजना निर्माण तथा कार्यान्वयनको संरचना सहित कार्यान्वयन हुने हुँदा यसको प्रभावकारीता देखिएकाले दिगो शहरी पूर्वाधार निर्माणका ठूलो अवसर कोषको सामु विद्यमान छ ।

कोषले अवलम्बन गरेको लगानी अवधारणामा ऋण तथा अनुदानको परिचालन गर्दा श्रोतको Leverage हुनका साथै वर्तमान सन्दर्भमा प्रादेशिक तथा स्थानीयतहका पूर्वाधार निर्माणको विषय महत्वपूर्ण तथा पेचिलो बनेको अवस्थामा छ । वित्तीय मध्यस्तकर्ताको शसक्त व्यवस्थापन तथा परिचालनवाट विभिन्न मुलुकहरुले ठूला सफलता हासिल गरेका उदाहरणबाट पाठ सिक्दै नेपाल सरकार, स्थानीय तह, बैङ्क तथा वित्तीय संस्था एवं स्थानीय पूर्वाधारमा लगानी गर्ने संस्थाहरुको समेत सहभागितामा कोषको पूँजि संरचनालाई बढाउदै रणनैतिक पूर्वाधारहरु निर्माण गर्न सकिने देखिन्छ ।

## ६.३ कोषको भावी योजना

नेपालको संविधान २०७२ ले मुलुकको राज्य संचालनका लागि अवलम्वन गरेको संघीय प्रणाली अनुसार संविधान कार्यान्वयन गर्ने क्रममा ६ महानगर, ११ उप-महानगर र २७६ नगरपालिका गरी २९३ नगरपालिकाहरु र ४६० गाउँपालिका समेत ७५३ स्थानीय तहको संरचना तयार भएको छ । ७ वटा प्रादेशिक सरकारको व्यवस्था रहेकोछ । सन् २०१९ मा १७ प्रतिशतको हाराहारीमा रहेको शहरी जनसंख्या हाल करीव ६० प्रतिशत मानीस शहरमा वस्ने अवस्था सृजना भएको छ ।

यसरी बढि रहेको शहरीकरणका कारण शहरी पूर्वाधार सेवा र सुविधाहरुको माग बढिरहेको पक्षलाई मध्यनजर राखी कोषको कार्यक्षेत्रको ब्यापकता सहित पूँजी संरचना बृद्धि गरी चालु आ.व. २०७६।७७ को बजेत तथा कार्यक्रममा नगर विकास कोषलाई **"शहरी पूर्वाधार विकास निगम"** बनाउने भनिए अनुसार शहरी पूर्वाधारहरुका आयोजनाहरु संचालन गर्न गराउन शहरी विकास संग संबन्धित निकायहरुलाई लगानी, प्राविधिक सहयोग परिचालन गर्नका लागि पूँजी संरचना सहित ऐनको मस्यौदा तयार भई सकेको छ। यसरी कोषलाई मुलुकको वित्तिय बजार एवं नीजि क्षेत्रको पूँजीलाई समेत शहरी पूर्वाधार विकासमा परिचालन गराउन सक्ने एक स्वायत्त एवं दीगो वित्तिय मध्यस्थकर्ता संस्थाका रुपमा विकास गराउने भावी योजना रहेको छ ।

१) शहरी पूर्वाधार विकास निगमका रुपमा परिणत हुँदा हुने पूँजीबृद्धि र त्यसको परिचानका लागि सम्पूर्ण नगरपालिकाका माग र रणनैतिकरुपमा महत्वपूर्णका तथा स्थानीय आर्थिक विकास (Local Economic Development) लाई योगदान पुऱ्याउने आयोजनाहरुमा लगानी गर्न विस्तृत ईन्जिनियरिङ तथा डिजाईन गरी बहुवर्षिय आयोजना बैङ्क तयार गर्ने ।

२) शहरी पूर्वाधार निर्माणका लागि आवश्यक पूँजी परिचालनका लागि नियमित दातृ निकाय तथा नेपाल सरकारको अतिरिक्त सार्वजानिक नीजि साझेदारी र वोण्ड जस्ता स्रोत परिचालन गर्ने वित्तीय विधिहरुको प्रयोग गरी आयोजनाका लागि आवश्य पर्ने वित्तीय स्रोत परिचालन गरिने छ। हरित जलावायु कोष (Green Climate Fund) बाट ऋण तथा अनुदान परिचालन गरी वातावरणिय अनुकुलन आयोजनाहरुमा लगानी गर्ने व्यवस्था मिलाईने छ ।

३) प्रभावकारी आयोजना कार्यान्वयन तथा लक्षित उद्देश्य प्राप्तिका लागि आवश्यक लगानीमा देखिएको खाडललाई परिपूर्ति गर्न विद्यमान क्षमता विकासका कार्यक्रमहरुलाई अझ प्रभावकारीरुपमा संचालन गरिनुका साथै नयाँ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था संगको सहकार्य अझ बृद्धि गरिनेछ ।

४) वर्तमान सन्दर्भमा कोषले कार्यान्वयनमा ल्याएको गरेको व्यावसायिक योजना (Business Plan) २०१६।१७-२०१९।२०) को समीक्षा सहित कोषको उद्देश्य प्राप्तिका लागि अझ प्रभावकारी कार्यान्वयन गरिनेछ। आगामी चार वर्षका लागि नयाँ व्यावसायिक योजना तर्जुमा गरिनेछ ।

५) योजना संचालनको दिगोपना र प्राकृतिक प्रकोपबाट क्षति हुँदा पनि संरचना पुन:निर्माणको सुनिश्चिताको लागि कोषद्वारा लगानी गरिएका पूर्वाधार आयोजनाहरुको वीमा गर्ने व्यवस्था मिलाइनेछ। प्राकृतिक प्रकोप जस्ता विपद्का कारण पुन:निर्माण गर्नु पर्दा वीमा गराउने व्यवस्था मिलाउन सम्बद्ध निकाय समक्ष पहल गरी कार्यान्वयनमा ल्याइनेछ ।

६) सहरी पूर्वाधार क्षेत्रमा आवश्यक पर्ने बढ्दो लगानी मागको पूर्तिका निम्ति सार्वजनिक नीजि साझेदारी तथा बोण्ड जस्ता वैकल्पिक लगानी अवधारणा अनुरुप नीजि क्षेत्रको लगानी परिचालन गर्नका लागि कोष तथा नगरपालिकाहरुको Credit Rating गराई आवश्यक नीतिगत एवं कानुनी व्यवस्था गरिनेछ ।

७) दिगो यातायात ब्यवस्थापन कोषबाट प्रदुषणमुक्त यातायात व्यवस्थापनमा लगानी बृद्धि गरिनेछ ।

८) नगर विकास कोष को पुन: संरचना गरी पर्याप्त ऋण परिचालन गर्न सक्ने हैसियतमा रुपान्तरण गर्न नगर विकास कोष पूँजी रु. २० अर्व पुरयाई **"शहरी पूर्वाधार विकास निगम"** का रुपमा रुपान्तरण गरी प्रभावकारीरुपमा शहरी पूर्वाधारका आयोजनाहरुमा लगानी परिचालन गरिनेछ ।

नगर विकास कोष
TOWN DEVELOPMENT FUND
NEPAL
नेपाल




**नगर विकास कोष**

नयाँबानेश्वर, काठमाण्डौं, नेपाल

फोन नं. : +९७७-१-४४९३८६६

वेबसाईट : www.tdf.org.np